# शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल सञ्चालन प्रयोजनार्थ

# प्रशिक्षक प्रशिक्षण निर्देशिका

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०६९

**प्रकाशक**

नेपाल सरकार

शिक्षा मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

© **सर्वाधिकार : शैक्षिक जनशक्ति विकास केन्द्र, २०६९**

**वेभसाइट** : http://www.nced.gov.np

**कभर डिजाइन**

**सुमन बज्राचार्य**

कम्प्युटर टाइप सेटिङ्

सुरेन्द्र प्र जोशी

दिपेन्द्रकुमार झा

# विषयसूची


| क्र.सं. शीर्षक | पृष्ठ |
|---|---|
| खण्ड एक: प्रशिक्षक प्रशिक्षण कोर्ष ढाँचा | १ |
| खण्ड दुई : कार्यकलाप विस्तृतीकरण | ९ |
| शीर्षक-१ : शिक्षक तालिम कार्यक्रमको एकीकृत कार्यान्वयन व्यवस्था | ९ |
| शीर्षक-२ : टिपिडीको सैद्धान्तिक एवम् अवधारणागत समझदारी विकास | ११ |
| शिर्षक- ३ : शिक्षक पेसागत विकासको प्रयोगात्मक अभ्यास | १३ |
| शिर्षक-४: नमुना मोड्युल सामग्रीहरूको टिपिडी मोड्युल सञ्चालनमा एकीकरण | २५ |
| शीर्षक-५: शिक्षकको पेशागत विकासका समसामयिक मुद्धाहरू | ३२ |
| खण्ड तीन : अनुसूचीहरू | ३४ |
| अनुसूची १ : वार्षिक कार्यक्रम २०६९/०७० को कार्यान्वयन विधि | ३४ |
| अनुसूची २ : प्रभाबकारी टिपिडी मोड्युल संचालनका लागि समग्र मार्गनिर्देशन | ४७ |
| अनुसूची ३ : आ.ब. २०६९/०७० को शिक्षक तालिमको प्रस्तावित लक्ष्य | ५० |
| अनुसूची ४ : शिक्षक तालिम कार्यक्रमहरूको सन्दर्भ, मुख्य उद्धेश्य र विषयवस्तु | ५४ |
| अनुसूची ५ : शिक्षकको पेशागत विकास तालिम मोडुलमा एकीकृत गर्न सकिने विषयवस्तुहरू | ६७ |
| अनुसुची -६ : टिपिडीको सैद्धान्तिक अवधारणा | ७३ |
| अनुसूचि ७ : शिक्षकको पेसागत विकास मोड्युलको संरचना | ८२ |
| अनुसूची-८ : शिक्षक तालिम कार्यक्रमअर्न्तगत निर्मित स्रोत सामग्रीहरू | ८६ |
| अनुसूची ९ : स्थलगत प्राविधिक सहायता साधन | १११ |

# प्राक्कथन

नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा आर्थिक वर्ष २०६६/०६७ देखि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) कार्यान्वयनमा रहेको छ । त्यस अर्न्तगत शिक्षक विकासका क्षेत्रमा शिक्षक विकाससम्बन्धी नीति गाईडलाइन-२०११ स्वीकृत गरी शिक्षक विकासको आधुनिक युगको थालनी गर्ने कार्य पनि चालु रहेको अवस्था छ । यस नीतिगत ढाँचाको अनुकूल हुने गरी शैक्षिक जनशक्ति विकास केन्द्रले नयाँ मोडेलको शिक्षक तालिम कार्यक्रमका रूपमा शिक्षककको पेसागत विकास (टिपिडी) कार्यक्रम डिजाइन गरी आर्थिक वर्ष २०६६/०६७ देखि नै देशभरका सबै विद्यालयहरूमा कार्यरत सबै प्रकारका शिक्षकहरूलाई लक्षित गरी ती टिपिडी मोड्युलहरूको सञ्चालन व्यवस्था प्रारम्भ गरेको छ ।

टिपिडि कार्यान्वयनको प्रारम्भका वर्षहरूदेखि नै यसका मोड्युलहरू सञ्चालन गर्न स्वभाविक रूपमा विशेष प्रकारको क्षमता विकासका स्किमहरू कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गरिदैं आएको छ । परिणाम स्वरूप उक्त मोड्युलहरू सञ्चालनका लागि जिम्मेवार प्रशिक्षक/स्रोतव्यक्ति/रोस्टर प्रशिक्षकहरू र यस प्रक्रियालाई प्राविधिक सहजीकरण एवम् प्राविधिक अडिट गर्ने जिम्मेवार विद्यालय निरीक्षक/शाखा अधिकृत/उपसचिवहरूको सघन क्षमता विकास तालिमका रूपमा १२ दिने प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने प्रावधान विगतामा पनि कार्यान्वयन गरियो । चालु आर्थिक वर्ष २०६९/०७० मा पनि त्यस्ता जनशक्तिहरूलाई प्रशिक्षण प्रदान गर्न प्रस्तुत कोर्स र विस्तृत सञ्चालन निर्देशिका जारी गरिएको छ । खास गरी यसवर्षको कार्यक्रम अन्तर्गत प्रत्येक स्रोतकेन्द्र तहमा थप दूइजना प्रशिक्षकलाई सघन प्रशिक्षक प्रशिक्षण प्रदान गर्ने लक्ष्य राखिएको छ । यसरी विगत वर्षहरूको कार्यान्वयन अनुभव र परिवर्तित आवश्यकताहरूसमेतलाई दृष्टिगत गरी विशेष परिमार्जन सहित विकास गरिएको प्रशिक्षक प्रशिक्षण निर्देशिका ले शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका–२०६६ (परिमार्जन सहित) मा निर्दिष्ट सम्पूर्ण श्रृङ्खलावद्ध प्राविधिक कार्य प्रक्रियाको उच्चत्तम् रूपमा अनुसरण गरी मोड्युल सञ्चालन गर्न सबै सहभागीहरूलाई विस्तृत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

प्रस्तुत निर्देशिका तयार गर्ने क्रममा पृष्ठपोषण प्रदान गर्ने शैक्षिक तालिम केन्द्रका सम्पूर्ण प्रमुख एवम् प्रशिक्षकहरू र यसको लेखनमा प्राविधिक नेतृत्व प्रदान गर्ने टीमका विशेषज्ञ कर्मचारी र सहयोग गर्ने प्राविधिक टिमलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, आगामी दिनमा टिपिडी मोड्युल सञ्चालन कार्यलाई थप प्रभावकारी र नतिजामुलक तुल्याउन सम्बन्धित सबैबाट रचनात्मक सुझाव र पृष्पोषणको अपेक्षा गरिएको छ ।

कार्यकारी निर्देशक
शैक्षिक जनशक्ति विकास केन्द्र

# खण्ड एक: प्रशिक्षक प्रशिक्षण कोर्ष ढाँचा

## १.१. परिचय

शिक्षक नै गुणस्तरीय शिक्षामा प्रत्यक्ष रूपले प्रभाव पार्ने प्रमुख जनशक्ति हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेका सिकाइउपलब्धिहरू विद्यार्थीहरूमा हासिल गराउनु शिक्षकको पेसागत कर्तव्य हुन आउँछ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने, शिक्षण उपागम (Approach), विधि (Method) र तरिका (Technique) हरूको प्रयोग गर्ने, विद्यार्थीहरूको सिकाइअनुभवलाई महत्व दिई अन्तर्क्रिया, छलफल तथा अनुभव आदानप्रदानका माध्यमबाट ज्ञाननिर्माणको अवसर दिने कार्य बालमनोविज्ञान र बालमैत्री शिक्षण प्रक्रिया हो । अभ्यासबाट विभिन्न सीप (जीवनोपयोगी तथा कार्यात्मक) हरूको विकास गर्ने अवसर प्रदान गर्ने, बालमैत्री सिकाइ वातावरणको सिर्जना गर्ने आदि कार्य शिक्षकको दायित्वभित्र पर्दछन् । शिक्षक यी कुराहरूमा सक्षम हुनु अपरिहार्य छ ।

शिक्षा क्षेत्रको विकास र व्यवस्थापन अभियानलाई नतिजामूलक तुल्याउन सर्वपक्षीय र दीर्घकालीन सुधारको अवधारणा, नीति र कार्यक्रमस्वरूप विद्यालय क्षेत्र सुधार कार्यक्रम आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भई हाल कार्यान्वयनमा रहेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमद्वारा निर्दिष्ट नीति एवम् कार्यक्रमको खाका बमोजिम शिक्षकहरूलाई आफ्नो कार्यसम्पादनमा सदा दक्ष, प्रतिबद्ध र जवाफदेही तुल्याउन समस्या समाधानमुखी विविधतायुक्त पेसागत विकास गतिविधिमा निरन्तर सरिक गराउने उद्देश्य राखी शिक्षक पेसागत विकास (टिपिडी)कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

शिक्षक पेसागत विकाससम्बन्धी कार्यक्रमअन्तर्गत प्रत्येक शिक्षकले पाँचवर्ष भित्र पटकपटक गरी जम्मा ३० दिने टिपिडी मोड्युलमा पहुँच पाउने गरी कार्यक्रम डिजाइन गरिएको छ ।

मौजुदा संस्थागत संरचनाको व्यवस्थाबमोजिम टिपिडी मोड्युल देशभरमा रहेका स्रोतकेन्द्रहरू, अगुवा स्रोतकेन्द्रहरू र शैक्षिक तालिम केन्द्र(शैताके) हरू जस्ता स्थानीयस्तरमा क्रियाशील निकायहरूमार्फत् सञ्चालन गराउनुपर्ने हुन्छ । आधारभुत र माध्यमिक तहमा कार्यरत शिक्षकका लागि तालिम सञ्चालन गर्न आधारभूत योग्यता र पेसागत अनुभव भएका विशेषज्ञ समूह (प्रशिक्षक/सोतव्यक्ति/फोकल पर्सन/रोस्टर प्रशिक्षक) ती निकायहरूमै कार्यरत रहिरहेको हुँदा त्यस्ता जनशक्तिहरूलाई उक्त मोड्युल प्रभावकारीरूपमा सञ्चालनका लागि सक्षम तुल्याउन देशभरका २९ ओटै शैताकेमा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन व्यवस्था मिलाइएको छ ।

देश भरका शैताके र स्रोतकेन्द्रहरूमा सञ्चालन गरिएका टिपिडी कार्यक्रमबाट प्राप्त पृष्ठपोषण र अनुभवहरूलाई मध्यनजर राख्दै समसामयिक रूपमा तालिम सञ्चालन प्रकृया र विषयवस्तुहरूमा परिमार्जन गरिएको छ । आगामी वर्षहरूमा पनि प्राप्त यस्ता रचनात्मक सुझावहरूलाई समायोजन गर्दै लगिने छ ।

यो प्रशिक्षक प्रशिक्षण निर्देशिका आ.व. २०६६/०६७ देखि २०६८/०६९ को प्रशिक्षक प्रशिक्षण र तालिम कार्यक्रमबाट प्राप्त अनुभवहरूलाई समेट्दै परिमार्जन गरिएको छ । गत वर्षहरूमा गुणस्तरीय शैक्षिक सामग्री, मानव मूल्यमा आधारित शिक्षा, शान्ति, मानव अधिकार र नागरिक शिक्षा, सघन यौनिकता शिक्षा, समालोचनात्मक चिन्तन (Critical Thinking), बहुकक्षा व्यवस्थापन जस्ता विषयवस्तुहरूलाई टिपिडी मोड्युलमा एकीकृत गरी सञ्चालन गर्ने मार्गदर्शन समावेश गरिएको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा विभिन्न तहमा भएका समीक्षा, छलफल र विश्लेषणहरूमा प्रारम्भिक वाल विकास देखि कक्षा १२ सम्म अध्यापन गर्ने सवै प्रकारका शिक्षक तथा सहयोगी कार्यकर्तालाई दिइने तालिम शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका निकायवाट एकीकृत ढङ्गले सञ्चालन गरिनुपर्ने सुझावहरू पनि यसमा समेट्ने प्रयास गरिएको छ ।

टिपिडी तालिम कार्यक्रममा एकीकृत गरेर लान सकिने माथि उल्लिखित विषयवस्तुका अतिरिक्त टिपिडी कार्यक्रमकै संरचनात्मक ढाँचामा सञ्चालित कार्यक्रमहरू पनि नियमित रूपमा अगाडि बढी रहेका छन् । त्यस्ता कार्यक्रमहरूमा सुस्तश्रवण तथा बहिरा, दृष्टिविहीन, सुस्तमनस्थिति, बहुभाषिक शिक्षण, गुम्बा, मदर्सा, गुरुकुल जस्ता विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि दिइने पेशागत विकासका कार्यक्रमहरू  रहेका छन् ।

टिपिडीलगायतका तालिम कार्यक्रमहरूलाई एकरूपता, प्रभावकारी, गुणस्तरीय र विश्वसनीय बनाउन प्रशिक्षक प्रशिक्षणदेखि स्रोतकेन्द्र तहसम्म सञ्चालन हुने कार्यक्रममा स्थलगत प्राविधिक सहायता संयन्त्र परिचालन गरिने छ । यसका लागि शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके)द्वारा उक्त संयन्त्र तयार गरी यसको कार्य विवरण तयार पार्ने र आवश्यकताअनुसार परिचालन गरिने प्रवन्ध मिलाइने छ ।

यस निर्देशिकाको सत्रगत ढाँचा देहायअनुसार हुने गरी तयार गरिएको छ :

**तालिम सत्र खाका**

शीर्षक :

१. परिचय/केन्द्रीय विषयवस्तु/सामग्री

२. उद्देश्य

३. कार्यकलाप निर्माण :

   कार्यकलाप नं. १

   कार्यकलाप नं. २

   कार्यकलाप नं. ३

   कार्यकलाप नं. ४

   ......................

४. सिकाइको लेखाजोखा/मूल्याङ्कन/प्रतिबिम्बन

(क) क्रियाकलाप र उक्त क्रियाकलापका लागि लाग्ने अनुमानित समयसमेत उल्लेख गरिएको हुनेछ ।

(ख) क्रियाकलपाका विषयवस्तुअनुसार निष्कर्षका लागि आवश्यक विषयवस्तु बुँदागतरूपमा बक्स भित्र दिने, अनुसूचीमा हेर्न निर्देशन दिने वा अन्य सन्दर्भसामग्रीमा हेर्न भन्ने ।

### १.२. उद्देश्य

सहभागी प्रशिक्षकहरूमा टिपिडी मोड्युल सञ्चालन गर्न आवश्यक पर्ने विषयवस्तुगत ज्ञान, सहजीकरण क्षमता र सामग्री तयार गर्ने सीप विकास गर्नु यस प्रशिक्षक प्रशिक्षण मुख्य उद्देश्य रहेको छ ।

### १.३. मुख्य विषयवस्तु

यस प्रशिक्षक प्रशिक्षणमा मोड्युलको समग्र औचित्य/उद्देश्य विषयवस्तुउपर सैद्धान्तिक एवम् व्यावहारिक छलफल, मोड्युल सामग्री तयारी एवम् सञ्चालन र सहजीकरणका लागि निर्दिष्ट तर्कसँगत कार्यहरूको नमुना अभ्यास, तिनका अन्तर्सम्बन्धहरूको विश्लेषण एवम् समग्र गतिविधिहरूको लेखाजोखा जस्ता कार्यकलापहरू सञ्चालन गरिने छ । प्रशिक्षक प्रशिक्षण कोर्समा समावेश गरिएका विषयहरू तालिका नं १ मा उल्लेख भए बमोजिम देहायअनुसार रहेका छन् ।

**तालिका नं १: प्रशिक्षक प्रशिक्षण कोर्स ढाँचा**

| सि.नं. | मुख्य विषय | विषयवस्तु विस्तृतीकरण | सञ्चालन विधि | समय घण्टा |
|---|---|---|---|---|
| १. | शिक्षक तालिम कार्यक्रमको एकीकृत कार्यान्वयन व्यवस्था | i. शिक्षक तालिम एवम् क्षमता विकास कार्यक्रमको एकीकृत व्यवस्था<br>ii. धार्मिक (मदर्सा, गुम्बा, गुरुकुल) विद्यालयहरूका लागि विशेष प्रकारको तालिमको व्यवस्था<br>iii. समाहित/समावेशी शिक्षक समूह (वहुभाषिक विशेष आवश्यकता भएका र बहुकक्षा) तयार गर्ने सघन तालिमको व्यवस्था<br>iv. शिक्षक नेतृत्वका लागि क्षमता विकास तालिमको व्यवस्था<br>v. शान्ति, मानव अधिकार र नागरिक शिक्षाका लागि शिक्षक तालिम<br>vi. जीवनोपयोगी सीपमा आधारित शिक्षक तालिम<br>vii. समालोचनात्मक चिन्तनमा आधारित शिक्षक तालिम<br>viii. दण्डरहित शिक्षणसम्बन्धी शिक्षक तालिम<br>ix. वाल मैत्री शिक्षण सिकाइ तालिम<br>x. मानव मूल्यमा आधारित शिक्षक तालिम<br>xi. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | प्रत्येक विषयवस्तुको प्रस्तुतीकरण, छलफल र साझा अवधारणा विकास<br><br>प्रत्येक विषयको मुख्य उद्देश्य, शिक्षण प्रक्रियामा यसको प्रयोग र टिपिडीमा एकीकरण विधि जस्ता पक्षहरू समेटी प्रस्तुतीकरण, छलफल र कार्यविधि निर्धारण | ३ |
| २. | शिक्षकको पेसागत विकासको सैद्धान्तिक एवम् अवधारणागत समझदारी विकास | i. शिक्षकको पेसागत विकासको सैद्धान्तिक अवधारणा र नीतिगत सन्दर्भ<br>ii. शिक्षक पेशागत विकास मोड्युल संरचना, कार्यन्वयन कार्यविधि, प्रमाणिकिरण प्रकृया र गुणस्तर एवम् सहजीकरण संयन्त्र<br>iii. कर्याक्रम सञ्चालनका क्रमवद्ध प्रक्रिया | विषयवस्तुको प्रस्तुतीकरण, छलफल र पृष्ठपोषण आदान प्रदान | ४.५ |
| ३. | शिक्षक पेसागत विकासको प्रयोगात्मक अभ्यास | i. आवश्यकता प्रस्ताव तयारी<br>ii. आवश्यकताको प्रमाणीकरण (Verification)<br>iii. आवश्यकता प्रोफाइल तयारी<br>iv. तालिम सामग्री तयारी<br>v. तालिम कार्यशाला सञ्चालन योजना निर्माण<br>vi. तालिम कार्यशाला सञ्चालन/मोड्युल सञ्चालन | कार्यकलाप रुजुसूची तयारी<br>कार्य समूह पहिचान<br>कार्य विभाजन | २५.५ |

| सि.नं. | मुख्य विषय | विषयवस्तु विस्तृतीकरण | सञ्चालन विधि | समय घण्टा |
|---|---|---|---|---|
| | | vii. स्वाध्ययन अभ्यास क्रियाकलापको तयारी ( परियोजना कार्य र कार्य अनुसन्धान समेत)<br>viii. शैक्षिक परामर्श<br>ix. तालिम प्रमाणीकरण (Certification) | सामग्री/प्रतिवेदन तयारी प्रस्तुतीकरण | |
| ४. | शिक्षक विकाससम्बन्धी विभिन्न तालिम एवम् नमूना मोड्युल सामग्रीहरूको टिपिडी मोड्युल सञ्चालनमा एकीकरण | i. टिपिडीको नमुना मोड्युल सामग्री<br>ii. टिपिडी नमुना स्रोत सामग्री<br>➢ शैजविकेबाट वितरित विषयगत नमूना सामग्रीहरू<br>➢ गुणस्तरीय शिक्षा स्रोत सामग्री<br>➢ जीवनोपयोगी सीपसम्बन्धी स्रोत सामग्री<br>➢ मानव मूल्यमा आधारित शिक्षासम्बन्धी स्रोत सामग्री<br>➢ समालोचनात्मक चिन्तनसम्बन्धी स्रोत सामग्री<br>➢ बृहत यौनिकता शिक्षासम्बन्धी स्रोत सामग्री<br>➢ शान्ति मानव अधिकार तथा नागरिक शिक्षासम्बन्धी स्रोत सामग्री<br>➢ बालमैत्री शिक्षासम्बन्धी स्रोत सामग्री<br>➢ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका तथा विस्वापो आधारभूत प्याकेज (कार्यान्वयन सहयोगी पुस्तिका) | मुख्य विषयवस्तु, शिक्षण सिकाइसँग त्यसको सहसम्बन्ध र टिपिडीमा यसको एकीकरण विधि उपर प्रस्तुतीकरण, छलफल र कार्यविधि निर्धारण | ७.५ |
| ५. | शिक्षकको पेशागत विकासका समसामयिक मुद्धा र चुनौतिहरू | i. विद्यालय क्षेत्र सुधार कार्यक्रमको समीक्षामा उठाइएका समसामयिक विषयहरू जस्तै<br>➢ निरन्तर विद्यार्थी मूल्याङ्कन<br>➢ स्थानीय पाठ्यक्रमको निर्माण<br>➢ कार्यअनुसन्धान<br>ii. तालिम सञ्चालनमा विभिन्न निकायहरूको भूमिका<br>iii. तालिम सञ्चालनका लागि कार्ययोजना निर्माणको अभ्यास<br>iv. तालिम सञ्चालनको प्रशासनिक प्रक्रिया तथा अभिलेखीकरणसमावेश गर्ने<br>v. अनलाईन अफलाईन कोर्ष तथा दूर शिक्षा खुला सिकाइको अवधारणा र वर्तमान अभ्यास | प्रस्तुतीकरण, छलफल, नमुना परियोजना कार्य तयारी र अभ्यास | ६ |
| ६. | | i. रजिस्ट्रेसन, सहभागीहरूबाट सङ्कलित टिपिडी आवश्यकता प्रोफाइलसारंशउपर समीक्षा, तालिम मूल्याङ्कन, कार्यान्वयन योजना तयारी, टिपिडी मोड्युल सञ्चालन, सहजीकरण एवम् स्थलगत प्राविधिक सहायता लगायत व्यवस्थापकीय प्रबन्ध | | ७.५ |
| | | जम्मा | | ५४ घण्टा |

## १. ४. प्रशिक्षक प्रशिक्षण सञ्चालन प्रक्रिया

टिपिडी कार्यक्रम कार्यान्वयनका लागि प्रशिक्षक/रोस्टर प्रशिक्षककहरूको क्षमता विकास गर्न शैताके/ अगुवा स्रोतकेन्द्र/स्रोतकेन्द्रका प्रशिक्षककहरूका लीग १२ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम विकास गरिएको छ । यसरी तालिम प्राप्त प्रशिक्षककहरूबाट स्रोतकेन्द्र, अगुवा स्रोतकेन्द्र र शैक्षिक तालिम केन्द्रहरूमा १० दिने टिपिडी कार्यक्रम कार्यान्वयन गराउने व्यवस्था मिलाइएको छ ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवारी शैताके "क" र "ख" को हुने छ । यसरी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने क्रममा शैजविकेका विशेषज्ञहरूबाट आवश्यकता अनुसार स्थलगत प्राविधिक सहायता प्रदान गर्न व्यवस्था मिलाइने छ । त्यस्तै तालिम केन्द्रमा सञ्चालन गरिने कार्यक्रममा सम्बन्धित तालिम केन्द्रका प्रशिक्षककहरूको समूहगत सहभागिता रहनेछ । समूहगत रूपमा नै प्रशिक्षक समूहहरूको सहभागिताबाट कार्यक्रमको सञ्चालन र पृष्ठपोषण आदानप्रदान गरिनेछ ।

प्रस्तुत तालिम निर्देशिकाको प्रयोग गरी कार्यक्रम सञ्चालन गर्दा शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०६६ (परिमार्जन सहित) लाई आधार मानि सञ्चालन गर्नु पर्नेछ ।

चालु आर्थिक वर्ष २०६९/०७० मा शैताकेहरूमा सञ्चालन हुने १२ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा प्रत्येक स्रोतकेन्द्र, शैताके, जिल्ला शिक्षा कार्यालय (जिशिका) र क्षेत्रीय शिक्षा निर्देशनालय (क्षेशिनि) बाट यस अघि तालिम नलिएका स्रोतव्यक्ति/रोष्टर प्रशिक्षक, प्रशिक्षक, उपसचिव/शाखा अधिकृत/विद्यालय निरीक्षक गरी देशभरका २२१५ जना प्रशिक्षककहरू सहभागी हुनेछन् । यस कार्यक्रममा देहायअनुसारका व्यक्तिहरूको सहभागिता हुनेछ ।

<u>सहभागी विवरण</u>

१. देशभरका १०५३ स्रोतकेन्द्रका यस अघि तालिम नलिएका स्रोत व्यक्ति/रोष्टर प्रशिक्षककहरूमध्येवाट दुईजनाको दरले

२. शैताकेका रोस्टर प्रशिक्षककहरूमध्ये यस अघि तालिम नलिएकामभध्ये एक जनाको दरले

३. जिशिकामा कार्यरत यसअघि प्रशिक्षक प्रशिक्षण नलिएका उपसचिव/शाखा अधिकृत/ विद्यालय निरीक्षककहरूमध्ये एक जनाका दरले

४. क्षेशिनिवाट तालिम अनुगमन गर्ने यस अघि प्रशिक्षक प्रशिक्षण नलिएका उपसचिव/शाखा अधिकृतहरूमध्ये एक जनाको दरले

प्रमुख प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका शैताकेका प्रशिक्षककहरूको प्रमुख भूमिकामा आफ्नो तालिम केन्द्रका अन्य प्रशिक्षककहरूलाई टिपिडीका बारेमा अभिमुखीकरण गरी तालिम सञ्चालन गर्नुपर्नेछ ।

माथि उल्लेख गरिएको प्रशिक्षक प्रशिक्षण कोर्सको ढाँचाका आधारमा शैताकेले आफ्नो सेवाकेन्द्र तथा प्रशिक्षकको आवश्यकता समेतलाई विचार गरी १२ दिनको दैनिक कार्य तालिका वनाई प्रशिक्षण कार्यशाला सञ्चालन गर्नुपर्ने छ । दैनिक कार्य तालिकाको नमूना तल तालिका नं २ मा दिइएको छ ।

**तालिका नं २: टिपिडी प्रशिक्षक प्रशिक्षण कार्यशाला तालिका**

(मिति २०६८/........ देखि २०६८/.......... सम्म)

**(नमूनाको लागि)**

| दिन | पहिलो सेसन (१.५ घण्टा) | | दोस्रो सेसन (१.५ घण्टा) | | तेस्रो सेसन (१.५ घण्टा) |
|---|---|---|---|---|---|
| १ | उदघाटन, रजिस्ट्रेसन र कोर्सको परिचय | | टीपीडीको सैद्धान्तिक जानकारी विकास | | टीपीडीको सैद्धान्तिक जानकारी विकास |
| २ | क) शिक्षक तालिम एवं क्षमता विकास कार्यक्रमको एकीकृत व्यवस्था<br>ख) शिक्षक नेतृत्वका लागि क्षमता विकास तालिमको व्यवस्था<br>ग) निजी विद्यालय/संस्थागत विद्यालयका शिक्षकहरूका लागि पेसागत विकास तालिमको प्रबन्ध | | घ) धार्मिक (गुरुकुल, मदर्सा, गुम्बा) विद्यालयहरूका लागि विशेष प्रकारको तालिमको व्यवस्था<br>ङ) समाहित/समावेशी शिक्षक समूह तयार गर्ने सघन तालिमको व्यवस्था | | च) शान्ति शिक्षा, मानव अधिकार शिक्षा र नागरिक शिक्षामा आधारित शिक्षक तालिम<br>छ) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम<br>(मुख्य उद्देश्य, सारांश शिक्षण प्रक्रियामा प्रयोग र टीपीडीमा एकीकरण) |
| ३ | क) जीवनोपयोगी सीप र मानवमूल्यमा आधारित शिक्षक तालिम<br>ख) दण्डरहित शिक्षण, बालमैत्री शिक्षण र समालोचनात्मक चिन्तन<br>(मुख्य उद्देश्य, सारांश शिक्षण प्रक्रियामा प्रयोग र टीपीडीमा एकीकरण) | १५ मिनेट | मोड्युल विकासमा गुणस्तरीय स्रोतसामग्री र १० महिने शिक्षक तालिमका टीआरएम, एसएलएम तथा विभिन्न अनलाइन, अफलाइन सन्दर्भ सामग्रीहरूको प्रयोग (मुख्य उद्देश्य, सारांश शिक्षण प्रक्रियामा प्रयोग र टीपीडीमा एकीकरण) | ४५ मिनेट | क) टी.पी.डी.का लागि प्रश्न अभिमुखीकरण कार्यक्रम<br>ख) आवश्यकता सङ्कलन अभिमुखीकरण तथा तयारी |
| ४ | शिक्षकको टीपीडी आवश्यकता प्रस्ताव सङ्कलन (विद्यालय भ्रमण) | | शिक्षकको टीपीडी आवश्यकता प्रस्ताव सङ्कलन (विद्यालय भ्रमण) | | शिक्षकको टीपीडी आवश्यकता प्रस्तावको प्रमाणीकरण (विद्यालय भ्रमण) |
| ५ | शिक्षकको टीपीडी आवश्यकता पहिचान, प्रोफाइल विकास र प्रस्तुति (प्रयोगात्मक अभ्यास) | | प्रशिक्षकबाट टीपीडी मोड्युल विकासको खाका प्रस्तुति | | शैताकेबाट निर्मित टीपीडी नमुना मोड्युल सामग्रीहरूको खाका प्रस्तुति र समीक्षा |
| ६ | तालिम-कार्यशाला खण्ड विकास प्रारम्भ<br>(प्रयोगात्मक अभ्यास) | | तालिम-कार्यशाला खण्ड विकास (प्रयोगात्मक अभ्यास) | | तालिम-कार्यशाला खण्ड विकास (प्रयोगात्मक अभ्यास) |
| ७ | तालिम-कार्यशाला खण्ड विकास (प्रयोगात्मक अभ्यास) | | तालिम-कार्यशाला खण्ड विकास (प्रयोगात्मक अभ्यास) | | स्वाध्ययन-अभ्यास खण्ड विकास चिनारी |
| ८ | परियोजना कार्य : जानकारी र अभ्यास | | क्रियात्मक अनुसनधान र मामला अध्ययन | | स्वाध्ययन-अभ्यास खण्ड विकास (प्रयोगात्मक अभ्यास) |
| ९ | स्वाध्ययन खण्ड विकास र प्रस्तुति (प्रयोगात्मक अभ्यास) | | शैक्षणिक-परामर्श खण्ड विकास (प्रयोगात्मक अभ्यास) | | सहभागीहरूबाट निर्मित सामग्रीलाई तालिम पुस्तिकाको स्वरुप प्रदान |

| दिन | पहिलो सेसन (१.५ घण्टा) | [illegible] | दोस्रो सेसन (१.५ घण्टा | [illegible] | तेस्रो सेसन (१.५ घण्टा) |
|---|---|---|---|---|---|
| १० | सहभागीहरूबाट निर्मित तालिम सामग्रीको प्रस्तुति र पृष्ठपोषण | | सहभागीहरूबाट निर्मित तालिम सामग्रीको प्रस्तुति र पृष्ठपोषण | | अभिलेख व्यवस्थापन, अद्यावधीकरण र प्रमाणीकरण |
| ११ | नमुना तालिम कार्यशाला/मोड्युल सञ्चालन अभ्यास | | नमुना तालिम कार्यशाला/मोड्युल सञ्चालन अभ्यास | | तालिम पछिको कार्ययोजना विकास |
| १२ | तालिम पछिको कार्ययोजना सङ्कलन र शैक्षणिक परामर्श सञ्चालन अभ्यास | | तालिम सञ्चालनमा विभिन्न निकायहरूको भूमिका लगायत व्यवस्थापकीय प्रवन्ध | | टीपीडी तालिमको कार्यान्वयन प्रक्रिया र समापन |

**नोट :**

- सहभागीहरू (खास गरी स्रोतकेन्द्रबाट आउने) कासाथ ल्याइएका प्रत्येक हबले गत वर्ष तयार गरेका टिपिडी आवश्यकता प्रोफायलहरूका आधारमा आवश्यकताको प्रकृती, मोड्युलमा तिनको समावेशीकरण एवम् समग्र शिक्षकहरूको अनुभव जस्ता पक्षहरूमा समीक्षा सञ्चालन गर्ने र अन्तमा छलफलको निश्कर्ष र सङ्कलित टिपिडी आवश्यकताको समष्टीगत विवरणलाई अन्तिम रुप दिइ त्यसलाई प्रशिक्षक प्रशिक्षण सम्पन्न प्रतिवेदनमा समेट्ने व्यवस्था गर्ने ।
- यसै निर्देशिकाको अनुसूची-१ मा प्रदान गरिएको "वार्षिक कार्यक्रम २०६९/०७० को कार्यान्वयन विधि" तथा टिपिडी कार्यान्वयन पुस्तिका २०६६ (पेज २४-३१) मा समेटिएका विषयवस्तुका आधारमा थप गुणस्तरीय ढङ्गले टिपिडी मोड्युल सञ्चालन गर्न सम्पादन गरिने सम्पूर्ण व्यवस्थापकीय प्रबन्धका वारेमा विस्तृत छलफल गरी साझा समझदारी विकास गर्ने ।
- समुच्च १२ दिनको प्रशिक्षण र अनुसूची २ मा उल्लेख गरिएको प्रभावकारी टिपिडी मोड्युल संचालनका लागि समग्र मार्गनिर्देशन का आधारमा आफ्नो कार्यथलोमा (तालिम हब र जिशिका) चालु आ.व.को स्वीकृत एक तृतीयाँस कार्यक्रम एवम् बजेट अन्तर्गत कार्यान्वयन गर्नुपर्ने र दोस्रो तथा तेस्रो चौमासिक भित्रै अनुसूची ३ वमोजिमका चालु आ.ब. २०६९/०७० को शिक्षक तालिमको प्रस्तावित लक्ष्य पुरा हुने गरी टिपिडी मोड्युल सञ्चालनका लागि तालिम हबगत विस्तृत कार्यान्वयन योजना तयार गर्न लगाउने । उक्त कार्ययोजनालाई प्रशिक्षक प्रशिक्षण सम्पन्न भए लगत्तै शक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रहरूको पहलमा आवश्यक छलफल र परिमार्जन गर्नुपर्ने भए सो समेत गरी आफ्नो सेवाक्षेत्र भित्रका जिशिकामा रहेका "तालिम समन्वय समिति" बाट स्वीकृत गराई कार्यान्वयन व्यवस्था मिलाउने ।

# खण्ड दुई : कार्यकलाप विस्तृतीकरण

## शीर्षक-१ : शिक्षक तालिम कार्यक्रमको एकीकृत कार्यान्वयन व्यवस्था

### १.१ परिचय

यस एकाइमा शिक्षक तालिम एवम् क्षमता विकास कार्यक्रमको एकीकृत व्यवस्था र सोको पृष्ठभूमि र औचित्यका बारेमा सहभागीहरूलाई विस्तृत अभिमुखीकरण समावेस गरिएको छ । शिक्षकहरूका आवश्यकताअनुसारका विशेष प्रकारका तालिम जस्तै : परम्परागत विद्यालय (गुरुकुल, गुम्वा, मदरसा) मा अध्यापनरत शिक्षकहरूका लागि तालिम, बहुभाषिक विद्यालयमा अध्यापनरत शिक्षकहरूका लागि तालिम, बहुकक्षा विद्यालयका शिक्षकहरूको तालिम, विशेष शिक्षक तालिम आदि सबै प्रकारका तालिमलाई शैक्षिक जनशक्ति विकास केन्द्रबाट कार्यान्वयनमा ल्याइएको शिक्षकको पेसागत विकास कार्यक्रमको वृहत ढाँचा अन्तरगत सञ्चालन गरिने कुराको जानकारी यसमा समावेस गरिएको छ । त्यसैगरी शिक्षकको पेसागत संघ सङगठनका पदाधिकारीहरूका लागि नेतृत्व क्षमता विकास तालिम व्यवस्था बारेमा जानकारी समेटिएको छ । शिक्षकको पेसागत आवश्यकताअनुसार छुट्टै मोड्युलका रूपमा सञ्चालन गर्न सकिने वा विषयगत शिक्षणमा एकीकरण गर्न सकिने विभिन्न तालिमका विषयवस्तुहरू जस्तै: शान्ति-मानव अधिकार-नागरिक शिक्षा, सघन यौनिकता शिक्षा, जीवनोपयोगी सीप, समालोचनात्मक चिन्तन, बालमैत्री शिक्षण सिकाइ, मानव मूल्यमा आधारित शिक्षा आदि विषयहरूको मुख्य उद्देश्य, मुख्य विषयवस्तु, कक्षाकोठामा यसको सान्दर्भिकता/उपयोगिताका बारेमा प्रकाश पार्ने उद्देश्यले सत्रहरूको व्यवस्था गरिएको छ । यी सत्रहरू सञ्चालनका लागि न्युजप्रिन्ट, मेटाकार्ड, साइनपेन, मार्कर आदि सामग्रीहरू आवश्यक पर्दछन् ।

### १.२ उद्देश्य

(क) शिक्षक तालिम/पेसागत विकास कार्यक्रमको एकीकृत प्रयासहरूको वर्णन गर्न,

(ख) शिक्षकका आवश्यकताअनुसारका विशेष प्रकारका विद्यमान तालिमसम्बन्धी व्यवस्थाको संश्लेषण गर्न,

(ग) शिक्षकको पेसागत विकास तालिमका मोड्युलमा एकीकृत गर्न वा विषयगत शिक्षणमा एकीकृत गर्न सकिने विषयवस्तुहरूको औचित्य र संभावनाका बारेमा समीक्षा गर्न ।

### १.३. क्रियाकलाप

**क्रियाकलाप १: प्रस्तुतीकरण र छलफल (२० मिनेट)**

अनुसूची-४ (शिक्षक तालिम कार्यक्रमहरूको सन्दर्भ, मुख्य उद्धेश्य र विषयवस्तु) मा दिइएको विषयवस्तुका आधारमा शिक्षक तालिम/पेसागत विकास कार्यक्रमको एकीकृत व्यवस्थाका बारेमा अन्तरक्रिया/छलफल गराइ त्यसको निष्कर्षबारे साझा समझदारी विकास गर्ने ।

**क्रियाकलाप २: प्रस्तुतीकरण र छलफल** (**१ घण्टा २० मिनेट**)

अनुसूची-४ का आधारमा शिक्षकका आवश्यकताअनुसारका विशेष प्रकारका विद्यमान तालिमसम्बन्धी व्यवस्थाको सन्दर्भ, मुख्य उद्देश्य र विषयवस्तुका बारेमा छलफल गरी तिनको एकीकृत कार्यान्वयन संयन्त्र (शैजविके) रहेको निचोड प्रस्तुतीकरण गर्ने ।

**क्रियाकलाप ३: समूह कार्य र प्रस्तुतीकरण** (**१ घण्टा २० मिनेट**)

१. निम्नलिखित विषयहरूमा आधारितहुने गरी सहभागिहरूको समूह विभाजन गर्ने: समालोचनात्मक चिन्तन, जीवनोपयोगी सीप, मानव मूल्य, शान्ति - मानवअधिकार - नागरिक शिक्षा, सघन यौनिकता, बालमैत्री शिक्षा

२. हरेक जोडीलाई आफूलाई परेको विषयमा छलफल गरी निचोड भन्न लगाउने ।

३. अनुसूचि-५ (शिक्षकको पेशागत विकास तालिम मोडुलमा एकीकृत गर्न सकिने विषयवस्तुहरू) का सामग्री सम्बन्धित समूह (चार/पाँच जना) लाई वितरण गरी अध्ययन गर्न लगाउने र सोको टिपिडीमा एकीकरणको सन्दर्भ, औचित्य र संभावनाका बारेमा प्रस्तुत गर्न लगाउने ।

१.४ **मूल्याङ्कन**

(क) शिक्षकको पेसागत विकासको एकीकृत व्यवस्थाको समालोचना गर्नुहोस् ।

(ख) शिक्षकको पेसागत विकासमा एकीकृत गर्न सकिने विषयवस्तुहरूको सान्दर्भिकता विश्लेषण गर्नुहोस् ।

## शीर्षक-२ : टिपिडीको सैद्धान्तिक एवम् अवधारणागत समझदारी विकास

### २.१. परिचय

विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षकको पेशागत विकास सम्वन्धी व्यवस्था एक प्रमुख अवयवको रुपमा रहेको छ । विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूमा ज्ञान र सीपको सुनिश्चितता गर्ने यसको प्रमुख लक्ष्य हो । विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूको योग्यता तथा पेसागत दक्षता अभिवृद्धि गर्ने उद्धेश्य यसमा राखिएको छ । यी उद्धेश्य र लक्ष्यहरू संग सम्वन्धित मुख्य मुख्य नतिजाहरू र रणनीतिक क्रियाकलापहरू पनि यसमा दिइएका छन् । यसका साथै विद्यालय क्षेत्र सुधार कार्यक्रममा रहेको शिक्षकको पेशागत विकास सम्वन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयका लागि यस योजनाको अवधारणा बमोजिम शिक्षक विकास नीति निर्देशन (Teacher Development Policy Guidelines, 2011) मिति २०६७/०९/२५ मा मन्त्रालयतहवाट स्वीकृत भै जारी भएको छ । यस गाइडलाइनमा सातओटा नीतिगत क्षेत्रहरू रहका छन:

### २.२ उद्धेश्य

क) सहभागी प्रशिक्षकहरू शिक्षक पेसागत विकास विकासका सैद्धान्तिक अवधारणा, नीतिगत सन्दर्भम र औचित्यका बारेमा वताउन ।

ख) शिक्षक पेसागत विकास मोड्युल संरचना, कार्यान्वयन कार्यविधि, प्रमाणीकरण प्रक्रिया र गुणस्तर एवम् सहजीकरण संयन्त्रका विषयमा परिचितहुन ।

ग) टिपिडी कार्यान्वयनका क्रमवद्ध कार्यकलापहरू पहिचान गरी प्रतिवेदन प्रस्तुत गर्न

### २.३ क्रियाकलाप

**क्रियाकलाप नं. १** **समय : १ घण्टा**

सहभागीहरूलाई शिक्षक पेसागत विकास विकासका सैद्धान्तिक अवधारणा, नीतिगत सन्दर्भम र औचित्यका बारेमा समूहमा अनुसूची-६ (टिपिडीको सैद्धान्तिक अवधारण) का आधारमा प्रस्तुतीकरण गर्ने र छलफलबाट साझा अवधारणा विकास गर्ने ।

**क्रियाकलाप नं. २** **समय : १.३० घण्टा**

सहभागीहरूलाई समूहमा विभाजन गरी शिक्षक पेसागत विकास मोड्युल संरचना, कार्यान्वयन कार्यविधि, प्रमाणीकरण प्रक्रिया र गुणस्तर एवम् सहजीकरण संयन्त्रका विषयमा अनुसूची ७ ( शिक्षकको पेसागत विकास मोड्युलको संरचना) का आधारमा प्रस्तुत गरी स्पष्ट समझदारी विकास गर्ने ।

**क्रियाकलाप नं. ३** **समय : २ घण्टा**

सहभागीहरूलाई चार समूहमा विभाजन गरी TPD कार्यान्वयन पुस्तिका-२०६६ को पेज २९-३१ समेतका आधारमा टिपिडी कार्यान्वयनका क्रमवद्ध कार्यकलापहरू पहिचान गर्न लगाई देहायको ढाँचामा प्रतिवेदन प्रस्तुतीकरण गराउने ।

## समूहकार्य प्रस्तुतीकरण खाका

| मुख्यकार्य | सञ्चालन कार्यविधि | | |
|---|---|---|---|
| | प्रकृया | जिम्मेवार निकाय | समय तालिका |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# शिर्षक– ३ : शिक्षक पेसागत विकासको प्रयोगात्मक अभ्यास

## ३.१. परिचय

तालिममा सिकेका विषयवस्तुको प्रयोग पश्चात् समस्या पहिचान र निराकरणमा क्रियाकलापगत अभ्यासले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तालिमका सबै शिक्षक सहभागीहरूको आवश्यकताको प्राथमिकता क्रमका आधारमा तयार गरिने कोर्स र त्यसैका आधारमा सञ्चालन गरिने तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षणिक परामर्शका सबै पक्षको कार्यप्रक्रियाका बारेमा प्रशिक्षक सहभागीहरूलाई अभ्यासमा प्रत्यक्ष रूपमा सक्रिय सहभागी गराई आफूले स्रोतकेन्द्र तथा तालिम केन्द्रमा सञ्चालन गर्ने सम्बन्धित तालिमका समयमा आत्मविश्वासका साथ कार्य गर्न सक्ने तुल्याउने प्रयास गरिने छ । आवश्यकताको पहिचान, प्रशोधन, क्लस्टरिङ, कोर्सको खाका विकास, सामग्री विकासमा अभ्यास, क्रियाकलाप सञ्चालनका चरणहरू तथा तालिम सञ्चालन योजना निर्माणका सम्बन्धमा प्रत्यक्ष अनुभव गराउन नमुना सत्रहरूले सघाउने छन् । सहभागी शिक्षकहरूले तालिमका क्रममा सिक्ने विषयवस्तुहरू तथा शिक्षण कौशलहरू सकभर वास्तविक कक्षामा गरिने शिक्षणसिकाइसँग प्रत्यक्ष सरोकार राख्ने गरी तयार गर्ने प्रयास गरिने छ । आ-आफ्नो स्थानीय परिवेश अनुकूल शिक्षणसिकाइ वातावरण निर्माण गर्न सहभागीहरूलाई आवश्यकताअनुसार सहजीकरण गर्ने प्रयास गरिने छ ।

यस खण्डमा समावेश गरिएका प्रयोगमूलक अभ्याससँग सम्बन्धित सत्रहरू सञ्चालनका लागि टिपिडी मेन्युएल, शैक्षिक जनशक्ति विकास केन्द्रबाट तयार गरिएका तालिम सामग्रीहरू, कम्प्यूटर, एलसिडी, ओएचपी लगायत स्टेसनरी जस्ता सामग्रीहरूको आवश्यकता पर्दछ ।

| क्र.सं. | कार्यविधि | समय | कैफियत |
|---|---|---|---|
| १ | आवश्यकता प्रस्ताव तयारी | ३ घण्टा | आवश्यकता सङ्कलनका लागि आवश्यक योजना निर्माण (प्रअ अभिमुखीकरण ढाँचा, भ्रमणमा जाने विद्यालय छनौट, सहभागीहरूको भ्रमण समूह निर्माण) विद्यालयमा गरिने छलफलका लागि कार्यनिर्देशिका निर्माण र समूहगत रूपमा नमुना अभ्यास |
| २ | आवश्यकताको प्रमाणीकरण (Verification) | ३ घण्टा | विद्यालय भ्रमण, प्र. अ. लगायत सबै शिक्षकहरूसँग शिक्षकका पेसागत आवश्यकताका सम्बन्धमा अन्तरक्रिया, शिक्षकहरूका कक्षाकोठा शिक्षण अवलोकन, शिक्षकसँग शिक्षणसिकाइका सन्दर्भमा छलफल, टिपिडीका प्रावधान |
| ३ | आवश्यकता प्रोफाइल तयारी | ३ घण्टा | विद्यलायबाट आएका शिक्षकहरूका शिक्षण सहयोग आवश्यकताहरूको समुहीकरण, व्यवस्थापन, व्याख्या, मोड्युलको वर्गीकरण, प्राथमिकीकरण तथा प्रस्तुतीकरण |

| क्र.सं. | कार्यविधि | समय | कैफियत |
|---|---|---|---|
| ४ | तालिम सामग्री तयारी | ९ घण्टा | भाग १, भाग २ र भाग ३ का लागि आवश्यक विषयवस्तुको चयन, १५ सत्रहरूका लागि नमुना सत्रहरूको विकास छलफल परिमार्जन, नमुना कक्षा प्रस्तुती |
| | भाग १ : ५ दिने तालिम केन्द्रमा आधारित तालिम सामग्री विकास | | |
| | भाग २ : ३ दिने स्वाध्यायन सामग्री विकास | ३ घण्टा | स्वाध्यायन सामग्रीको लेखन, छलफल, प्रस्तुती एवम् परिमार्जन |
| | भाग ३ : शैक्षिक परामर्श सामग्री विकास | १.५ घण्टा | शैक्षिक परामर्शका लागि आवश्यक प्रश्नावली, रुजुसूची विकास तथा छलफल |
| ५ | तालिम कार्यशाला सञ्चालन योजना निर्माण | १.५ घण्टा | वास्तविक कार्य थलोमा कार्यशाला सञ्चालनका क्रममा आइपर्ने कठिनाइहरूको पहिचान, निराकरणका उपायहरूमा छलफल सहित योजना तयारी |
| ६ | प्रमाणीकरण (Certification) सञ्चालन कार्यविधि (विद्यालय, स्रोतकेन्द्र तथा क्षेत्रीय योजना सहित) | १.५ घण्टा | प्रस्तुतीकरण, छलफल, नमुना निर्माण, भूमिका अभिनय, अन्तरक्रिया |

## ३.२. उद्देश्य

यस प्रयोगमूलक अध्यासको अन्तमा सहभागीहरू निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) शिक्षकहरूको पेसागत आवश्यकता प्रतिवेदन गर्न, प्रशोधीकरण गर्न र प्रोफाइल तयार गर्न, विस्तृत कार्यविधि/कार्य सूची विकास गर्न ।

(ख) शिक्षकको पेसागत आवश्यकताका आधारमा टिपिडी नमुना मोड्युल विकास गर्न ।

(ग) प्रभावकारी रूपमा मोड्युल सञ्चालनका लागि विस्तृत योजना निर्माण गर्न ।

## ३.३. क्रियाकलाप

**कार्यकलाप-१ आवश्यकता प्रस्ताव सङ्कलनको पूर्व तयारी (३ घण्टा )**

आवश्यकता प्रस्ताव सङ्कलनका लागि निम्नलिखित कार्यहरू गराउनुहोस् :

(क) सहभागीहरूलाई आ-आफ्ना पेसागत आवश्यकताहरू व्यक्तिगत रूपमा टिपोट गर्न लगाउनुहोस् ।

(ख) टिपोट गरिएका आवश्यकताका आधारमा पेसागत आवश्यकताहरू पहिचानसम्बन्धमा छलफल गराई साझा समझदारी विकास गराउनुहोस् ।

(ग) बिद्यालयमा प्रअ, शिक्षक तथा विद्यार्थीहरूसँग सघन छलफल (Focus Group Discussion) गर्नका लागि आवश्यक पर्ने विषयवस्तुका क्षेत्रहरूको सूची निर्माण गर्न लगाउनुहोस् ।

(घ) कक्षाकोठामा भएको शिक्षणसिकाइ कार्यकलाप अवलोकनका लागि कक्षा अवलोकनका आधार क्षेत्रहरू तयार पार्न लगाउनुहोस् ।

(ङ) निर्मित आधार क्षेत्रहरूको प्रभावकारी रूपमा प्रयोग गर्ने सीप विकासका लागि भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(च) विद्यालय पठाउनुभन्दा अगाडि निम्नलिखित ढाँचालाई प्रयोग गर्ने सम्बन्धमा छलफल गराउनुहोस् ।

<u>टिपिडी आवश्यकता प्रस्ताव</u>

विद्यालयको नाम: तह:

| सि.नं. | शिक्षकको नाम | अध्यापन गरेको विषय | अध्यापन गर्दा सामना गर्नु परेको समस्या | अपेक्षित पेसागत सहयोग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**छलफलका आधार विषय क्षेत्रहरूको नमुना**

- शिक्षण योजना
- शैक्षणिक सामग्रीहरू
- शिक्षण विधिहरू
- कक्षाकोठा व्यवस्थापन
- सन्दर्भ सामग्रीहरूको प्रयोग
- सह तथा अतिरिक्त कार्यकलापहरू
- मूल्याङ्कन तथा परीक्षा
- अभिभावक,शिक्षक एवम् विद्यार्थीसम्बन्ध
- ..........................................
- ........................................

**कक्षाकोठा अवलोकनका आधार क्षेत्रहरू**

पाठयोजनाको तयारी

पाठयोजनाको कार्यान्वयन

- विद्यार्थीहरूको पूर्वज्ञानसँग प्रस्तुत पाठको सम्बन्ध
- विद्यार्थी उत्प्रेरणा
- बालमैत्री सिकाइ
- शिक्षक र विद्यार्थीबीचको व्यवहार ( सञ्चार) स्थिति
- शिक्षकको आत्मविश्वास
- उद्देश्यअनुसार विषयवस्तुको सान्दर्भिकता
- विशेष आवश्यकता भएका बालबालिकाको पहिचान र सिकाइमा सहभागिताको स्थिति
- शिक्षणसिकाइमा विद्यार्थीहरूको लागि प्रतिक्रिया जनाउने र चिन्तन गर्ने अवसरको स्थिति
- ..............

शैक्षिक सामग्री

- सान्दर्भिकता
- आकार तथा स्तर अनुकूल
- विद्यार्थीको पहुँच
- .....................

शिक्षण विधि

- उद्देश्य र विषयवस्तु अनुकूल
- सिकारु केन्द्रित
- .......................

मूल्याङ्कन

- सिकाइ सफलताको प्रमाण
- विद्यार्थीहरूको प्रतिक्रिया
- पाठ सारांश
- ..............

**कार्यकलाप–२ आवश्यकता प्रस्ताव सङ्कलन एवम् प्रमाणीकरण (विद्यालयमा गरिने कार्य) (३ घण्टा)**

शिक्षकहरूको आवश्यकता सङ्कलन तथा प्रोफाइल तयारीका सन्दर्भमा सहभागी प्रशिक्षकको विषयगत पृष्ठभूमिका आधारमा उनीहरूलाई कम्तिमा पाँच समूहमा छुट्याई आधारभूत तह र माध्यमिक तहका शिक्षकहरूको आवश्यकता सङ्कलनका लागि तोकिएको विद्यालयमा पठाउने व्यवस्था मिलाउनुहोस् । समूहगत रूपमा तोकिएका विद्यालयबाट आवश्यकता प्रस्ताव सङ्कलन गरी ल्याउँदा देहायका पक्षमा ध्यान दिनुपर्ने कुरा जानकारी गराउनुहोस् ।

**आवश्यकता प्रस्ताव सङ्कलन प्रक्रिया**

**प्रशिक्षार्थी सहभागीहरूले विद्यालयमा पुगेपछि गर्नुपर्ने कार्यका चरणहरू**

१. आवश्यकता प्रस्ताव सङ्कलनका सम्बन्धमा प्रअलाई अभिमुखीकरण गर्ने

२. २ देखि ३ घण्टाको समय दिई विद्यालयका सबै शिक्षकहरूको आवश्यकता प्रस्ताव तयार पार्न प्र.अ.लाई लगाउने

३. प्र.अ.ले शिक्षकहरूसँग छलफल तथा अन्तर्क्रिया गरी सबै शिक्षकहरूको आवश्यकतको एकमुष्ठ प्रस्ताव तयार पार्न लगाउने ।

४. प्र.अ.द्वारा तयार गरिएको आवश्यकता प्रस्तावलाई निम्नलिखित तौरतरिका अपनाई प्रमाणीकरण गरी आवश्यकता प्रस्ताव ल्याउने :

- सम्बन्धित शिक्षकको शिक्षण अवलोकन
- शिक्षकद्वारा निर्मित तथा सङ्कलित शिक्षण सामग्री अवलोकन
- शिक्षक निर्मित प्रश्नपत्र तथा शिक्षकबाट परीक्षण भएका उत्तरपुस्तिका अध्ययन
- शिक्षक र विद्यालयले तयार गरेका शिक्षण योजनाहरूको अध्ययन
- विद्यार्थीका गृहकार्यका अभ्यास पुस्तिका अध्ययन
- सहकर्मी शिक्षक र प्र.अ.सँग छलफल/कुराकानी
- विद्यार्थीसँग छलफल/अन्तरक्रिया
- अभिभावक र व्यवस्थापनका पदाधिकारीसँग छलफल
- निर्णयात्मक मूल्याङ्कनमा विद्यार्थीको नतिजाको अध्ययन
- विद्यालयको शैक्षिक उपलब्धिसँग सम्बन्धित विभिन्न अभिलेख र लिखतहरूको अध्ययन
- सम्बन्धित शिक्षकसँग अन्तर्वार्ता
- लक्षित समूह छलफल (FGD) ।

**प्रशिक्षक प्रशिक्षण र हबमा टिपिडी सञ्चालनका सन्दर्भमा शिक्षकहरूको अवश्यकता पहिचान तथा प्रमाणीकरणका बारेमा रहेका प्रक्रियागत भिन्नताका बारेमा सहभागीहरूसँग प्रश्नोत्तरको माध्यमबाट छलफल गर्दै निम्नानुसार प्रस्ट पार्नुहोस् :**

**टिपिडी आवश्यकता प्रोफाइल तयारी**

१. प्रत्येक विद्यालयले पेस गरेको टिपिडी आवश्यकता प्रस्तावलाई प्रशोधीकरण गर्ने क्रममा केही विद्यालयहरूमा भ्रमण गरी शिक्षक/प्रअ/विव्यस/अशिसं/विद्यार्थीसँग सघन छलफल (Focus Group Discussion) सम्पन्न गरी प्राप्त आवश्यकता प्रमाणीकरण (verification) गर्नुपर्ने

२. प्रत्येक हबबाट तालिकामा उल्लेखित शिक्षकगत टिपिडी आवश्यकताको प्रमाणीकरण (verification) एवम् प्रशोधीकरण गर्ने प्रयोजनका लागि देहायका मध्ये कुनै एक क्रियाकलाप सञ्चालन गर्नुपर्ने

(क) हब अन्तर्गतका शिक्षकहरूमध्ये कम्तीमा १५-२० प्रतिशत शिक्षकहरू समावेशी एवम् नजिक टाढा दूरी र विषयगत आधारमा छनोट गरी हबमा एक दिवसीय कार्यशाला सञ्चालन गर्ने
(ख) (क) मा उल्लिखितमध्ये नजिक/टाढा पर्ने गरी कम्तीमा १५-२० प्रतिशत विद्यालयहरूमा आवश्यकताअनुसार स्रोतव्यक्ति/प्रशिक्षकहरू परिचालन गरी भ्रमण गर्ने

३. उक्त कार्यशाला वा विद्यालयको भ्रमणबाट प्राप्त पृष्ठपोषणका साथै मौजुदा नीति एवम् योजनाहरूबाट अपेक्षित प्रभावकारी शिक्षणको खाँचो (needs at the system level) लाई पनि दृष्टिगत गरी प्रत्येक हबबाट तपसिलको खाकामा टिपिडी आवश्यकता प्रोफाइल तयार गर्ने कार्य प्रत्येक वर्षको आश्विन मसान्तभित्र सम्पादन गर्नुपर्ने
४. यसरी प्रोफाइल तयार गर्दा प्रत्येक शिक्षकको व्यक्तिगत आवश्यकता समीक्षा एवम् विश्लेषण गरी सामान्यत: तीनओटा आवश्यकता समूह (need clusters) मा सूचीकृत गर्नुपर्ने
५. यस्ता क्लस्टरहरू विषयगत (subject-specific) अथवा पेसागत (generic) रूपमा सूचीकृत गर्न सकिने हुँदा तीनओटा भन्दा बढी हुन सक्ने भए तापनि ती क्लस्टरगत रूपमा प्रत्येक वर्ष सामान्यत: तीनओटा मात्र मोड्युल सामग्री विकास एवम् सञ्चालन गर्नुपर्ने
६. यसरी प्रोफाइल तयार गर्ने क्रममा आवश्यकताअनुसार सम्बन्धित प्रशिक्षक/विशेषज्ञहरूबीच कार्यशाला सञ्चालन गर्नुपर्ने ।

**कार्यकलाप-३ आवश्यकता प्रोफाइल तयारी** **(३ घण्टा)**

(क) विद्यालयबाट सहभागीहरूले छुट्टाछुट्टै समूहगत रूपमा ल्याएका आधारभूत तहका सबै आवश्यकता प्रस्तावहरूलाई एकै ठाउँमा र माध्यमिक तहका हकमा भने विषयगत आधारमा मिसाई एकीकृत गर्न लगाउनुहोस् ।

(ख) माध्यमिक तहका विषयगत एकीकृत आवश्यकताहरूमध्ये कम्तिमा दुईओटा समूहलाई एक एकओटा फरक विषयका र बाँकी तीन समूहलाई आधारभूत तहका एकीकृत आवश्यकताहरू दिई निम्नलिखित ढाँचामा आवश्यकता प्रोफाइल तयार पार्न लगाउनुहोस् ।

(ग) प्रत्येक समूहले तयार पारेका आवश्यकता प्रोफाइललाई अन्य समूहले तयार पारेका प्रोफाइलसँग साटासाट गरी पृष्ठपोषणका आधारमा अन्तिम रूप प्रदान गर्न सहयोग गर्नुहोस् ।

(घ) समूहले तयार गरेको टिपिडी आवश्यकता प्रोफाइलमा उल्लिखित आवश्यकता समूह (मोड्युल) को नामाकरण गर्न लगाइ समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

(ङ) छलफलबाट आवश्यकता समूहहरू (Need Clusters) को अन्तिम स्वरूप निर्धारण गर्न सहयोग गर्नुहोस् ।

**टिपिडी आवश्यकता प्रोफाइल खाका**

**स्रोतकेन्द्रको नाम:** **तह:**

| क्र.सं. | विषय क्षेत्रगत आवश्यकता विवरण | माग गर्ने शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|---|
| आवश्यकता समूह (Need Cluster) १ | | | |
| १ | | | |
| २ | | | |
| आवश्यकता समूह (Need Cluster) २ | | | |
| १ | | | |
| २ | | | |
| आवश्यकता समूह (Need Cluster) ३ | | | |
| १ | | | |
| २ | | | |

**कार्यकलाप-४ विषयवस्तुको विस्तृतीकरण** **(१ घण्टा ३० मिनेट)**

(क) समूहले तयार पारेका आवश्यकता प्रोफाइलहरूका आधारमा विषयवस्तुहरूको विस्तृतीकरण गर्न लगाउनुहोस् ।

(ख) त्यसपछि मोड्युल तालिम सामग्री विकासका लागि विषयवस्तुहरूको प्रकृतिअनुसार तालिम कार्यशाला, स्वाध्ययन अभ्यास र शैक्षिक परामर्श मार्फत दिइने विषयवस्तुहरू एकिन गर्न लगाउनुहोस् ।

(ग) ती विषयवस्तुहरूलाई फरक फरक भागमा छुट्याउनुका कारणहरूको सूची तयार पार्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**कार्यकलाप-५ पाँचदिने तालिम कार्यशालाको सामग्री विकास** **(६ घण्टा)**

आधारभूत तहका आवश्यकता प्रोफाइल तयार पारेका समूहहरूलाई फरकफरक क्लस्टरमा र माध्यमिक तहको आवश्यकता प्रोफाइल तयार पारेका समूहहरूलाई सम्बन्धित विषयको कुनै एक क्लस्टरमा सामग्री विकास गर्न लगाउनुहोस् । सामग्री विकासका लागि निम्नलिखित कार्यकलापहरू गर्न लगाउनुहोस् ।

(क) कार्यशालाका विषयवस्तुहरूलाई समय, भार निर्धारण गरी कार्य तालिका निर्माण गर्न लगाउनुहोस् ।

(ख) सत्रहरू लेखन सीपका सन्दर्भमा सत्रको ढाँचा, उद्देश्य लेखन सीप तथा गरिने क्रियाकलापका प्रभावकारी रणनीतिहरूका सन्दर्भमा छलफल गराउनुहोस् ।

(ग) सत्र लेखन अभ्यास गराउनुहोस् ।

(घ) प्रत्येक समूहले तयार पारेका कार्यतालिका र सामग्री अन्य समूहसँग साटासाट गरी पृष्टपोषण आदानप्रदान गराई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्नुहोस् ।

यसको लागि निम्नलिखित खाकालाई प्रयोग गर्न लगाउनुहोस् । थप सहयोगका लागि नमूना सामग्रीहरूमा दिइएका उदाहरणहरूको अध्ययन गर्न लगाउन सकिन्छ ।

| भाग- १: तालिम-कार्यशाला (पाँच कार्य दिन) | |
|---|---|
| १. | उद्देश्य: .............................. |
| २. | मुख्य विषयवस्तु: .................. |
| ३. | विस्तृत कार्यकलाप: ............[आवश्यक सामग्री र समय सीमा सहित ] |
| | *साथै यस खण्डमा आगामी भाग २ र ३ अन्तर्गत सञ्चालन हुने कार्यकलापहरूको परिचय गराई सबै सहभागीबाट कार्ययोजना तयार गर्न लगाउने र तोकेअनुसारको प्रोजेक्ट कार्य तोक्नेसम्मको प्रक्रिया पूरा गर्नुपर्ने* |
| ४. | मूल्याङ्कन: ..................... [उद्देश्यगत रूपमा आवश्यकता प्रस्ताव र आवश्यकता प्रोफाइलसमेतलाई ध्यानमा राखी मूल्याङ्कन । Reflection का लागि प्रश्नहरू वा अभ्यास निर्माण] |

**कार्यकलाप–६ निर्मित मोड्युल सामग्रीको प्रशिक्षण अभ्यास (३ घण्टा)**

(क) कार्यकलाप ५ मा विकास गरिएका सत्रहरूमध्ये सकभर हरेक समूहलाई उनीहरूले तयार पारेका कुनै एक-एक ओटा सत्रको नमुना प्रशिक्षण गर्न लगाउनुहोस् ।

(ख) हरेक पटकको प्रशिक्षण पश्चात् पृष्ठपोषण आदान प्रदान गर्न लगाउनुहोस् ।

**कार्यकलाप–७ स्वाध्यायन अभ्यास सामग्री विकास ( १ घण्टा ३० मनेट)**

स्वाध्ययन अभ्यासमार्फत प्रदान गरिने विषयवस्तु, गर्नुपर्ने क्रियाकलाप, कार्यसम्पादन प्रक्रियाका बारेमा छलफल तथा अन्तर्क्रिया गराउनुहोस् । स्वाध्यायन अभ्यासअन्तर्गत तालिमका सहभागी शिक्षकले तयार गर्नुपर्ने टिआइपीको सम्बन्धमा सहभागीहरूसँग छलफल गर्दै शिक्षक सहायता संयन्त्रको अवधारणा र यसको अपेक्षित नतिजाका सम्बन्धमा निम्नलिखित बुँदाहरू प्रस्तुत गर्दै स्पष्ट पार्नुहोस् ।

| शिक्षक सहायता संयन्त्र (TSM) | |
|---|---|
| (क) | **अवधारणा** |
| (१) | शिक्षक र स्रोतव्यक्तिले आफूले गर्ने कामका लागि आफैंले आवश्यक योजना निर्माण गरी आफैंले कार्यान्वयन गर्ने परम्पराको विकास गर्नु । |
| (२) | शिक्षक र स्रोतव्यक्तिहरूबीच अन्तरसम्बन्धित कार्यक्रम कार्यान्वयन प्रणालीको विकास गर्नु । |
| (३) | शिक्षकले गर्ने र गरेका कामबाट स्रोतव्यक्तिलाई र स्रोतव्यक्तिले गर्ने र गरेका कामबाट शिक्षकलाई नतिजा प्राप्त हुने प्रणाली कायम हुने । |
| (४) | यसमा एउटा पक्षले कुनै काम पूरा नगर्दा त्यसको पृष्ठप्रभाव अर्कोपक्षलाई पर्नेहुँदा दुवैका कार्यक्रम सँगसँगै जानैपर्ने अवस्थाको सिर्जना हुने । |
| (५) | यो कार्यक्रम कार्यान्वयनबाट शिक्षकले आफूमा विद्यमान क्षमता शिक्षण कार्यमा भरपूर उपयोग गर्ने । |
| (६) | यस कार्यक्रमअन्तर्गत स्रोतकेन्द्रले नै शिक्षकमा विद्यमान सम्पूर्ण क्षमताको उपयोगका लागि स्वचालित तुल्याउन विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक एवम् अभिभावक-शिक्षक सङ्घलाई आवश्यक सहयोग र परिचालन गर्ने भएकाले "विद्यालयका निम्ति सम्पूर्ण पक्षमा सहायता (Whole School Support)" भन्ने अवधारणा वास्तविक रूपमा स्थापित हुने । |
| (७) | स्रोतकेन्द्र नै सम्बन्धित विद्यालय समूहको केन्द्रविन्दु (Hub) का रूपमा सक्रिय हुने । |
| (८) | शिक्षकमा निहित शिक्षण सीप एवम् क्षमता अर्थात सम्पूर्ण सम्भावना (Full capacity) को प्रभावकारी उपयोग गर्न शिक्षकले आफ्नो कार्यलक्ष्य र नतिजा आफैं निर्धारण गरी हमेसा सुधारात्मक कार्यसम्पादनका लागि आफूलाई स्वचालित तुल्याउन जरुरी छ । |
| (ख) | **अपेक्षित नतिजा** |
| (१) | विद्यार्थीहरूको उपलब्धि अङ्कमा वृद्धि गर्ने । |
| (२) | कक्षागत र तहगत रूपमा विद्यार्थीको कक्षा छाड्ने दर न्यूनीकरण गर्ने । |
| (३) | कक्षागत र तहगत रूपमा विद्यार्थीको कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गर्ने । |
| (४) | शिक्षकद्वारा शिक्षण सामग्रीको प्रयोग अवस्थामा वृद्धि हुने । |
| (५) | शिक्षकद्वारा प्रतिदिन पूर्वनिर्धारित क्रियाकलाप विवरण तयारीसहित सबै पाठहरू शिक्षण गर्ने स्थितिमा पुऱ्याउने । |
| (६) | प्रभावकारी शिक्षण सम्पादन गर्ने शिक्षकलाई प्रधानाध्यापक र विव्यसबाट प्राप्त हुने सहयोगको स्थितिमा सुधार गर्ने । |
| (७) | स्रोतव्यक्तिबाट शिक्षक/प्रधानाध्यापक/विव्यसलाई पेसागत सहयोगका निमित्त तालिकाबद्ध एवम् एजेन्डासहितको विद्यालय भ्रमण सङ्ख्या बढाउने । |

प्रत्येक सहभागीलाई निम्नअनुसारको ढाँचामा TIP तयारीको अभ्यास गराई सो क्रममा TIP मा समावेश भएका सूचकहरूका बारेमा आवश्यकताअनुसार सहजकर्ताले स्पष्ट पार्नुहोस् । सहभागीहरूले तयार पारेको TIP प्रदर्शन गर्न लगाई तयार गर्ने क्रममा शिक्षकलाई आइपर्ने सम्भाव्य समस्याहरू र तिनका समाधानका बारेमा छलफल गराई निष्कर्षमा पुग्न सहयोग गर्नुहोस् ।

**शिक्षण सुधार योजना (TIP)**

**शिक्षकको नाम :** .................. **विद्यालयको नाम :** ................. **योजना अवधि** ..................

| क्र सं | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य (...देखि...सम्म) | लक्ष्य पूरागर्न सम्पादन गर्ने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| (१) | विद्यार्थीको औसत उपलब्धि/ प्राप्ताङ्क (अध्यापनगर्ने मुख्य तीन विषयहरू) | | | |
| (क) | कक्षा ....... /विषय ........ | | | |
| (ख) | कक्षा ....... /विषय ........ | | | |
| (ग) | कक्षा ....... /विषय ........ | | | |
| (२) | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| (३) | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठसङ्ख्या | | | |
| (४) | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्चतहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| (५) | स्रोतव्यक्ति/प्रशिक्षकबाट शिक्षक /विद्यालयलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक(अर्धवार्षिक रूपमा) | | | |

मिति : शिक्षकको दस्तखत प्रअको दस्तखत

*विद्यालयको छाप*

*नोट : प्रत्येक शिक्षकले आफूले शिक्षण गर्नूपर्ने प्रत्यके विषयकोलागि यस ढांचामा शिक्षण सुधार योजना तयार गरी सोही अनुरुप प्रभावकारी शिक्षण गर्नुपर्ने छ ।*

**कार्यकलाप– ८ स्वाध्यायन अभ्यासका नमुना सामग्री विकास (१ घण्टा ३० मिनेट)**

(क) स्वाध्यायन अभ्यासअन्तर्गत सहभागी शिक्षकहरूले गर्नुपर्ने परियोजना कार्यका सम्बन्धमा सहभागीहरूलाई स्वाध्यायन अभ्यासका लागि छुट्टयाइएका विषयवस्तुहरू तथा व्यक्तिगत आवश्यकताहरूलाईसमेत विचार गरी परियोजना कार्यका नमुनाहरू विकास गर्न लगाउनुहोस् ।

(ख) प्रत्येक समूहले तयार पारेका परियोजना कार्य र सो कार्य सम्पादन गर्ने चरणहरूका सम्बन्धमा अन्य समूहसँग साटासाट गरी पृष्ठपोषण आदानप्रदान गराई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्नुहोस् ।

यसको लागि निम्नलिखित ढाँचामा सामग्री विकास गराउनुहोस् :

भाग– २: स्वाध्ययन अभ्यास (तीन दिन)

१. उद्देश्य: ................................

२. मुख्य विषयवस्तु: ...................

३. प्रोजेक्ट कार्य विवरण र कार्यविधि ...................

४. मूल्याङ्कन ...................

*परियोजना कार्यका नमुनाका लागि टिपिडी कार्यान्वियन पुस्तिका र यस निर्देशिमा संलग्न सान्दर्भिक अनुसूचीहरू तथा शैक्षिक तालिम केन्द्रमा यसभन्दा पूर्व विकास गरिएका सामग्रीहरू पनि अध्ययन गर्न सक्नुहुने छ ।*

**कार्यकलाप–९ शैक्षिक परामर्श तयारी (१ घण्टा ३० मिनेट)**

१० दिने मोड्युलअन्तर्गत भाग-३ शैक्षिक परामर्श अन्तर्गत छनोट भएका विषयवस्तुहरूलाई कसरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने भन्ने सन्दर्भमा समूहगत रूपमा छलफल गरी कार्ययोजना तयार पार्न लगाउनुहोस् । सो कार्ययोजना तयारीलाई सहयोग पुर्‍याउनकालागि नमुना सामग्री टिपिडी कार्यक्रम कार्यान्वयन निर्देशिकाको अनुसूची-२ मा दिइएको छ । साथै शैक्षिक तालिम केन्द्रहरूमा यस पूर्व वनाइएका सामग्रीहरू पनि अध्ययनका लागि उपयोगी हुनसक्दछन् । यसका लागि निम्नलिखित खाकाको प्रयोग गर्न लगाउनुहोस् :

भाग– ३: शैक्षणिक परामर्श (दुई दिन)

१. उद्देश्य: ...................................

२. सञ्चालन कार्य विवरण एवम् कार्यविधि

प्रत्येक हबबाट चालु मोड्युलका सहभागीहरू कार्यरत विद्यालय भ्रमण गर्न दुई दिनका लागि सम्बन्धित टिपिडी प्रशिक्षक खटाइनुपर्ने

पहिलो दिन यसरी खटिएको प्रशिक्षकहरूबाट प्रत्येक सहभागी शिक्षकले सम्पन्न गरेका स्वाध्ययन अभ्यास अन्तर्गतका तीनओटै प्रोजेक्ट कार्यहरूको प्रतिवेदन सङ्कलन गर्ने र विद्यालयको समग्र सञ्चालन प्रकृया एवम् शैक्षिक गतिविधि अवलोकन गरी सुधारका पक्षहरू नोट गर्ने

दोस्रो दिन निज प्रशिक्षकबाट सम्बन्धित सहभागी शिक्षकको कम्तीमा एउटा कक्षा अवलोकन गर्नुका साथै अन्य शिक्षकहरूको पनि कक्षा अवलोकन गरी सुधारका पक्षहरू नोट गर्ने र त्यसै दिन

शिक्षक, प्रअ र विव्यसबीच देहायअनुसारको प्रस्तावमा आधारित औपचारिक बैठक गर्ने ।

**बैठकका प्रस्तावहरू**

१. मुलत सहभागी शिक्षक र अन्य शिक्षकहरूबाटसमेत पेसागत समस्या प्रस्तुतीकरण
२. सहभागी शिक्षकहरूको प्रोजेक्ट कार्य प्रतिवेदन मूल्याङ्कन एवम् समीक्षा
३. विव्यस एवम् प्रअबाट शिक्षण प्रकृया प्रभावकारी तुल्याउन भोल्नुपरेका कठिनाई र प्रयास बारे प्रस्तुतीकरण
४. प्रशिक्षकद्वारा कक्षाअवलोकनसमेतका आधारमा प्रस्तुत पेसागत समस्या समाधानका लागि शैक्षणिक परामर्श प्रदान
५. अन्त्यमा प्रशिक्षकबाट "प्रोजेक्ट कार्य प्रतिवेदन र यस बैठकको निर्णय प्रति"समेत सङ्कलन गरी फिर्ती भ्रमण

प्रत्येक समूहले तयार पारेका कार्ययोजनाका सम्बन्धमा अन्य समूहसँग साटासाट गरी पृष्टपोषण लिई आवश्यकताअनुसार सुधार गर्न सहयोग गर्ने ।

*नोटः शैक्षिक परामर्शका लागि खटिने प्रशिक्षकले सम्बन्धित परामर्शी शिक्षकको कक्षा अवलोकन तथा छलफल गर्दा आवश्यकता प्रोफाइलमा उल्लेख भएका निजका पेसागत आवश्यकताहरू कति हदसम्म पूरा हुन सके सकेनन् सोको लेखाजोखा गरी प्रतिवेदनमा उल्लेख गर्नुपर्ने ।*

**कार्यकलाप–१० तालिम कार्यशाला सञ्चालन कार्ययोजना निर्माण (१ घण्टा ३० मिनेट)**

(क) सहभागीहरूलाई समूहमा विभाजन गरी टिपिडी कार्यान्वयन पुस्तिकाको कार्यान्वयन कार्यविधि अध्ययन गर्न लगाउनुहोस् ।
(ख) अघिल्ला सत्रहरूमा गरेका कार्य/छलफलसमेतको आधारमा टिपिडी कार्यान्वयन गर्ने सिलसिलामा गर्नुपर्ने कार्यसूची र प्रक्रियाका बारेमा सहभागीहरूबीच छलफल तथा अन्तर्क्रिया गराउनुहोस् ।
(ग) कुनै कार्यहरू छुटेका भएमा पहिचान गरी तल दिइएको ढाँचामा समूहगत रूपमा कार्ययोजना तयार पार्न लगाउनुहोस् ।
(घ) तयार पारिएको कार्ययोजना प्रस्तुत गर्न लगाई पृष्ठपोषण मार्फत अन्तिम रूप दिन सघाउनुहोस् ।

**कार्यकलाप–११ तालिम प्रमाणीकरण एवम् टिपिडी योजना (१ घण्टा ३० मिनेट)**

(क) सहभागीहरूले हरेक पटकको १० दिने टिपिडी कार्यक्रमको अन्तमा गरिने भाग तीनको शैक्षणिक परामर्श लगायत तोकिएका कार्यहरू सम्पन गरी आवश्यक प्रतिवेदनसमेत प्रस्तुत गरिसकेपछि हरेक सहभागीहरूलाई प्रमाणीकरण गर्ने प्रावधानका सम्बन्धमा टिपिडी कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अध्ययन गर्न लगाई छलफल गराउनुहोस् ।
(ख) यसै गरी सोही पुस्तिकामा क्षेत्रीय योजना एवम् टिपिडी कार्यक्रम कार्यान्वयनसम्बन्धी गरिएका प्रावधानहरूको अध्ययन गराई छलफल गराउनुहोस् ।
(ग) विद्यालय, स्रोतकेन्द्र तथा क्षेत्रीय योजना बीचको सम्बन्ध र प्रभावकारी कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गराई माथिको कार्यकलाप १० समेतको आधारमा आगामी दिनमा टिपिडी कार्यक्रमको प्रभावकारी कार्यान्वयनको योजना सामुहिक रूपमा बनाउन लगाउनुहोस् । यस अघि तयार भएका पुराना योजनाहरू भएमा सोकोसमेत प्रयोग गरी छलफल गर्न सकिनेछ ।

## शिर्षक–४: शिक्षक विकाससम्बन्धी विभिन्न तालिम एवम् नमुना मोड्युल सामग्रीहरूको टिपिडी मोड्युल सञ्चालनमा एकीकरण

### ४.१. परिचय

यस एकाइमा विभिन्न समयमा परीक्षण भै तयार भएका र नमूनाका रुपमा विकास गरिएका तालिम मोड्युल तथा सामग्रीहरू जस्तै गुणस्तरीय स्रोतसामग्री, टिपिडी नमुना मोड्युल सामग्री, टिपिडी स्रोतसामग्रीलाई प्रशिक्षकले टिपिडी मोड्युल निर्माणका क्रममा उपयोग गर्ने कुरालाई समावेस गरिएको छ । खास गरी यस क्रममा टिपिडी मोड्युल निर्माणका क्रममा यसबाट लिन सकिने सहयोग बारेमा छलफल गरिने छ । यसका अलावा शैताकेबाट निर्माण गरिएका मोड्युलहरू र यसै गरी हरेक वर्ष थप हुने मोड्युलहरू र तिनको निरन्तर उपयोगका बारेमा जानकारी समावेस गरिएको छ । यसैगरी शान्ति-मानवअधिकार-नागरिक शिक्षा, सघन यौनिकता शिक्षा, जीवनोपयोगी सीप, समालोचनात्मक चिन्तन, बालमैत्री शिक्षण सिकाइ, मानव मूल्यमा आधारित शिक्षासँग सम्बन्धित सामग्रीहरूको बारेमा छलफल र यी सामग्रीहरूका विषयवस्तु तथा क्रियाकलापहरूलाई टिपिडी मोड्युल निर्माणका क्रममा आवश्यकताअनुसार एकीकृत गर्ने कार्यविधि निर्धारण दक्षता अभिवृद्धिलाई समावेस गरिएको छ । यसरी शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत टिपिडी मोड्युल सञ्चालन प्रयोजनका लागि तालिम हबहरूलाई सामग्री सहायता मार्फत क्षमता विकास गर्ने उद्दृश्यले देहायअनुसारका टिपिडी नमूना मोड्युल सामग्रीहरू उपलव्ध गराउने प्रावधानको कार्यान्वयनसम्बन्धी विस्तृत अभ्यास गराउनु नै यस शीर्षको मुख्य विषयवस्तु रहेको छ ।

टिपिडी नमुना स्रोतसामग्री

(क) शैक्षिक जनशक्ति विकास केन्द्रवाट वितरण गरिएका विषयगत नमुना स्रोतसामग्रीहरू

(ख) शैक्षिक जनशक्ति विकास केन्द्रवाट वितरण गरिएका गुणस्तरीय शिक्षा स्रोतसामग्री (QERP)

(ग) विभिन्न शिक्षक ताालिम कार्यक्रमअन्तर्गत निर्मित तालिम सामग्रीहरू

- शान्ति, मानव अधिकार र नागरिक शिक्षा,
- समालोचनात्मक चिन्तन,
- जीवनोपयोगी सीप,
- मानव मूल्यमा आधारित शिक्षा,
- बालमैत्री शिक्षणसिकाइ,
- सघन यौनिकता शिक्षा,
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

टिपिडी नमुना मोड्युल सामग्री

(क) शैक्षिक जनशक्ति विकास केन्द्रवाट वितरण गरिएका नमुना मोड्युल सामग्रीहरू

(ख) शैक्षिक तालिम केन्द्रवाट गत वर्षसम्म वितरण गरिएका आधारभूत र माध्यमिक तहका लागि नमुना मोड्युल सामग्रीहरू

यी सत्रहरू सञ्चालनका लागि न्यजप्रिन्ट, मेटाकार्ड, साइनपेन, मार्कर, सम्बन्धित विषयको स्रोतसामग्री आदि सामग्रीहरू आवश्यक पर्दछ ।

४.२ उद्देश्य

(क) टिपिडी नमूना मोड्युल सामग्री र टिपिडी स्रोतसामग्री र गुणस्तरीय स्रोत सामग्रीकोको टिपिडी मोड्युल निर्माणका क्रममा उपयोगका विधि पहिचान गर्न

(ख) शान्ति, मानवअधिकार र नागरिक शिक्षा, सघन यौनिकता शिक्षा, जीवनोपयोगी सीप, समालोचनात्मक चिन्तन, बालमैत्री शिक्षण सिकाइ, मानव मूल्यमा आधारित शिक्षालाई टिपिडी मोड्युलमा एकीकृत गर्ने दक्षता अभिवृद्धि गर्न र  एकीकरण कार्यविधि निर्धारण गर्न

४.३ क्रियाकलाप

क्रियाकलाप १ : टिपिडी नमूना मोड्डुल सामग्रीहरू (शैक्षिक जनशक्ति विकास केन्द्रवाट हालसम्म पठाइएका विभिन्न प्रकारका मोड्युलहरू, शैक्षिक तालिम केन्द्र (क) र (ख) वाट बाट विकास गरिएका नमूना सामग्रीहरू र तालिम केन्द्रहरूले हालसम्म प्रयोगमा ल्याएका विभिन्न मोड्युल सामग्रीहरू गरी प्रत्येक शैताकेमा उपलव्ध हुने विभिन्न प्रकारका सामग्रीहरूको पुनरावलोकन र समीक्षा (१.५ घण्टा)

(क) सहभागीहरूलाई समूहमा विभाजन गरी प्रति समूह चार वा पाँच सामग्री वितरण गरी अध्ययन गर्न लगाउने ।

(ख) तल दिइएको खाकाको आधारमा सामग्रीको समीक्षा प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने ।

*अध्ययन प्रतिवेदन खाका*

*१. सन्दर्भ: (कुन सन्दर्भमा तयार गरिएको हो ?)*

*२. उद्देश्य: (सामग्री विकास गर्नुको मुख्य उद्देश्य के थियो ?)*

*३. प्रक्रिया: (सामग्री निर्माण गर्दा अपनाइएका विधि केके थिए ?*

*४. उपयोग विधि: (आफ्नो हबमा मोड्युल विकास र सञ्चालन गर्दा यी सामग्री कसरी प्रयोग गर्न सकिन्छ ?)*

क्रियाकलाप २: टिपिडी नमूना स्रोतसामग्रीहरूका बारेमा समीक्षा (सन् १९८० देखि हालसम्म प्रयोगमा ल्याइएकामध्ये उत्तम र उपयोगी शिक्षक तालिम सामग्रीहरूका आधारमा तयार गरी शैक्षिक जनशक्ति विकास केन्द्रवाट विगतमा पठाइएका १० प्रकारका विषयगत सामग्रीहरू लगायत हालसम्म पठाइएका थप सामग्रीका बारेमा समीक्षा

क) सहजकताले निम्नलिखित तालिकाको आधारमा सङ्क्षिप्त प्रस्तुतीकरण गरी नमूना स्रोत सामग्रीहरूका बारेमा परिचय गराउने । (३० मिनेट)

१. सन्दर्भ

- नेपालमा विभिन्न सङ्घ/संस्थाहरू अन्तर्गतबाट वा सरकारी निकाय अन्तर्गतबाट सृजना गरिएका शिक्षक विकाससम्बन्धी विद्यमान ज्ञानलाई एकीकरण गरी सवै तालिम हबहरूले त्यसको उपयोग गर्ने अवसर उपलब्ध गराउने प्रयास जारी ।
- त्यस्तै, भविष्यमा पनि यसरी विभिन्न संस्थाहरूबाट विकास हुन सक्ने शिक्षक पेसागत/दक्षता अभिवृद्धिसम्बन्धी ज्ञानलाई एकीकरण गर्ने स्थायी संयन्त्र विकास गरी त्यसको अधिकतम् उपयोग गर्न सवै तालिम हबहरूलाई अवसर दिलाउने प्रयासको थालनी ।
- यिनै प्रयास स्वरुप सवै हबहरूले उपयोग गर्न पाउने गरी देहायका तालिम सामग्रीहरूलाई "टिपिडी नमुना स्रोत सामग्री" का रुपमा उपलब्ध गराइ सकिएको ।
    - गुणस्तरीय शिक्षा स्रोतसामग्री (QERP) - २९ प्याकेजहरू
    - शैक्षिक जनशक्ति विकास केन्द्रवाट वितरित विभिन्न प्रकारका नमुना स्रोतसामग्री
    - विभिन्न शिक्षक तालिम कार्यक्रमअन्तर्गत निर्मित स्रोत सामग्रीहरू
        - शान्ति, मानव अधिकार र नागरिक शिक्षा
        - सघन यौनिकता शिक्षा
        - जीवनोपयोगी सीप
        - समालोचनात्मक चिन्तन
        - वाल मैत्री शिक्षणसिकाइ
        - मानव मूल्यमा आधारित शिक्षा
        - विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

२. मुख्य उद्देश्य

- शिक्षकको पेसागत विकासको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रयोगसिद्ध अभ्यासहरू मार्फत सिर्जित ज्ञानलाई तालिमहबहरू मार्फत शिक्षकहरूसम्म पुऱ्याई शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउनु ।
- शिक्षकको पेसागत विकाससँग सम्बन्धित स्रोत सामग्री प्रति तालिम हब तथा प्रशिक्षकहरूको पहुँच सुनिश्चित गर्दै तालिम हबहरूको क्षमता विकास गर्नु ।
- शिक्षकहरूको पेसागत विकासमा भएका नयाँनयाँ अभ्यास तौरतरिकाको एकीकरण गरी शिक्षक विकासमार्फत विद्यार्थीको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउनु ।

३. अपेक्षित उपलव्धि

यसरी विभिन्न प्रयास र माध्यमबाट प्राप्त शिक्षक विकाससम्बन्धी ज्ञानका स्रोतका रुपमा उपलव्ध नमुना स्रोतसामग्रहरूलाई टिपिडी मौडयुल सञ्चालनमा एकीकरण गर्ने व्यवस्थाबाट देहायअनुसार उपलव्धि अपेक्षा गरिएको

(क) शिक्षकहरूमा शिक्षण सिकाइसम्बन्धी आधुनिक अभ्यास, ज्ञान, तथा सीप प्रदान गर्ने बहुआयामिक अवसर प्राप्त हुने,

(ख) टिपिडी मोडयुल सञ्चालन गर्ने प्रशिक्षकहरूले शिक्षक विकाससम्बन्धी बृहद ज्ञानको दायरा बढाउने अवसर प्राप्त गर्ने

(ग) विद्यार्थीहरूको सर्वाङ्गिण व्यक्तित्व विकासका लागि प्रभावकारी शिक्षण कार्य जारी रहने

(घ) समग्रमा टिपिडी आवश्यकता प्रशोधिकरण, मोडयुल विकास र सञ्चालन कार्यमा सबै तालिम हबहरूको पेसागत क्षमता अभिवृध्दि गर्ने स्थायी संयन्त्रले निरन्तरता पाउने ।

ख) सहभागीहरूलाई पाँच समूहमा विभाजन गरी हरेक समूहलाई दुई दुई सामग्री वितरण गरी अध्ययन गर्न लगाई निम्नलिखित खाकामा अध्ययन प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने । (४५ मिनेट)

*१. विषयवस्तु साराँश तयारी*

*२. विद्यालय पाठ्यक्रमसँग तादात्म्यताको अवस्था समीक्षा*

*३. हबहरूमा मोड्युल विकास र सञ्चालन गर्दा यी विषयवस्तुहरूको उपयोग विधि*

**क्रियाकलाप ३: टिपिडी नमूना गुणस्तरीय स्रोतसामग्रीहरूका बारेमा समीक्षा** (४५ **मिनेट**)

क) सहभागीहरूलाई समूहमा सामग्रीहरू समानुपातिक रुपमा वितरण गरी अध्ययन गर्न लगाई निम्नलिखित खाकामा अध्ययन प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने

*१. विषयवस्तु साराँश तयारी*

*२. विद्यालय पाठ्यक्रमसँग तादात्म्यताको अवस्था समीक्षा*

*३. हबहरूमा मोड्युल विकास र सञ्चालन गर्दा ती विषयवस्तुहरूको उपयोग विधि*

**क्रियाकलाप ४: विभिन्न शिक्षक तालिमअर्न्तगत निर्मित सामग्रीबारेमा समीक्षा (शान्ति, मानव अधिकार र नागरिक शिक्षा, समालोचनात्मक चिन्तन, जीवनोपयोगी सीप, मानव मूल्यमा आधारित शिक्षा, बालमैत्री शिक्षण सिकाइ, सघन यौनिकता शिक्षा)** (२.५ **घण्टा**)

क) सहभागीहरूलाई अनुसूची-८ (शिक्षक तालिम कार्यक्रमअर्न्तगत निर्मित स्रोत सामग्रीहरूमा समावेश भएका विषयवस्तुहरू) अध्ययन गर्न लगाई निम्नलिखित खाकामा अध्ययन प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने

*१. विषयवस्तु साराँश तयारी*

*२. विद्यालय पाठ्यक्रमसँग तादात्म्यताको अवस्था समीक्षा*

*३. हबहरूमा मोड्युल विकास र सञ्चालन गर्दा यी विषयवस्तुहरूको उपयोग विधि*

**क्रियाकलाप ५: एकीकरण कार्यविधि निर्धारण** (१.५ **घण्टा**)

निम्नलिखित ढाँचाका आधारमा समालोचनात्मक चिन्तन, मानव मूल्यमा आधारित शिक्षा, बालमैत्री शिक्षण सिकाइ, जीवनोपयोगी सीप, सघन यौनिकता शिक्षा, शान्ति, मानवअधिकार र नागरिक शिक्षासम्बन्धी तालिम सामग्रीका सीप, मूल्य, गुण एकीकरण कार्यविधि पहिचान गर्न लगाउनका लागि सहभागीहरूलाई छ समूहमा विभाजन गरी हरेक समूहलाई एकएकओटा तालिम सामग्रीका आधारमा उक्त ढाँचा पूरा गर्न लगाउने र प्रस्तुतीकरण गर्न लगाउने ।

**समालोचनात्मक चिन्तन**

| क्र.सं | सीप/ मूल्य/ गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**मानव मूल्यमा आधारित शिक्षा**

| क्र.सं | सीप/ मूल्य/ गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**सघन यौनिकता शिक्षा**

| क्र.सं | सीप/ मूल्य /गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**शान्ति, मानवअधिकार र नागरिक शिक्षा**

| क.सं | सीप/ मूल्य /गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**बालमैत्री शिक्षण सिकाइ**

| क.सं | सीप/ मूल्य/ गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**जीवनोपयोगी सीप**

| क.सं | सीप/ मूल्य/ गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम**

| क.सं | सीप/ मूल्य/ गुण | वास्तविक टिपिडी मोड्युलका लागि अपेक्षित क्रियाकलाप | टिपिडी आवश्यकतासँग तालमेल प्रक्रिया (उपयुक्त प्रक्रियामा √ चिन्ह लगाउने) | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिगत आवश्यकता | संस्थागत आवश्यकता | प्रणालीगत आवश्यकता |
| | | | प्र.अ. अभिमुखीकरणको माध्यमबाट अग्रिम जानकारी गराएर | | आवश्यकता प्रमाणीकरण एवम् आवश्यकता वर्गीकरण गर्दा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

*द्रष्टव्यः विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको तालिम सञ्चालन गर्दा स्वास्थ्यसम्बन्धी प्राविधिक विषयमा सहजीकरण गर्नको लागि स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई स्रोतव्यक्तिकोरुपमा आमन्त्रण गर्नु आवश्यक छ ।*

समूहको प्रस्तुतीकरणपश्चात् विभिन्न विषयहरुको सन्दर्भ सामग्रीहरुको आधारमा परिचयात्मक सारांश तयार गरी न्यूज प्रिन्ट तथा प्रोजेक्टर मार्फत् देहायका बुँदाहरु समेटी सारांश प्रस्तुत गर्नुहोस् ।

*१. विषयवस्तु साराँश तयारी*

*२. विद्यालय पाठ्यक्रमसँग तादात्म्यताको अवस्था समीक्षा*

*३. हबहरूमा मोड्युल विकास र सञ्चालन गर्दा यी विषयवस्तुहरूको उपयोग विधि*

## शीर्षक-५: शिक्षकको पेशागत विकासका समसामयिक मुद्धाहरू

### ५.१ परिचय

विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षकको पेशागत विकास (टिपिडि) खाकामा तीनवर्ष स्रोत केन्द्र तहसम्म शिक्षक तालिम कार्यक्रम सञ्चालन भइ अहिले कार्यान्वयनको चौथो वर्षमा प्रवेश गरेको छ । यस अवधिमा विकेन्द्रित शिक्षक तालिमको अभ्यास अन्तर्गत सवै स्रोत केन्द्र तहसम्म शिक्षक तालिमका कोर्ष विकास भइ तालिम सञ्चालन भएका छन् । तालिम कार्यक्रम कार्यान्वयनको दौरानमा विभिन्न चुनौतिहरू देखा पर्नु पनि स्वभाविकै हो । तालिम कार्याक्रमको कार्यान्वयनलाई प्रभावकारी वनाउदै लौजाने हेतुले विद्यालय क्षेत्र सुधार कार्यक्रमको वार्षिक समीक्षा, मध्यावधि मूल्याङ्कन र शिक्षक तालिमको विभिन्न अनुगमन प्रतिवेदनले उठाएका खास खास मुद्धाहरूमा छलफल गर्नु पर्ने आवश्यकता देखिएको छ ।

### ५.२. उद्देश्य

यो सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुने छन् ।

(क) शिक्षक तालिम कार्यक्रम कार्यान्वयनका खास खास मुद्धा तथा चुनौतिहरूको पहिचान गर्न

(ख) स्थानीय परिवेश अनुसार उल्लेखित मुद्धाहरूको सम्वोधन हुने तथा देखा परेका चुनौतिहरूको सामना गर्ने गरी तालिम कार्यक्रम सञ्चालन गर्न ।

### ५.३. क्रियाकलाप

शैक्षिक तालिम केन्द्रका वरिष्ठ प्रशिक्षक वा कार्यक्रम संयोजक सहित प्रशिक्षक प्रशिक्षणमा खटिने टीम वसी तल दिइएका वुँदाहरूको अलावा स्थानीय आवश्यकता, आआफ्नो केन्द्रमा विगतमा भएका समीक्षा, त्यहाँवाट स्थलगत अवलोकन गर्दा देखिएका समस्या, प्रशिक्षकको दक्षता र आवश्यकता लागायतका विषयमा छलफल गरी यसका लागि तोकिएको ६ घण्टाको लागि क्रिकाकलापहरू तर्जुमा गरी प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने

(क) शिक्षकको तालिम आवश्यकता सङ्कलन प्रभावकारी नभएको र प्रणालीगत आवश्यकताहरू सम्वोधन नभएको कुरा उठेको छ । उदाहरणका लगि निरन्तर विद्यार्थी मूल्याङ्कन, स्थानीय पाठ्यक्रम निर्माण जस्ता विषयमा शिक्षकहरूले तालिम माग गर्न नसकेकोले आवश्यकता सङ्कलन प्रभावकारी भएन भन्ने कुरा उठेको छ । विद्यालय क्षेत्र सुधार योजनाले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई कक्षा ७ सम्म लागु गर्ने परिकल्पना गरेको छ भने पाठ्यक्रममा स्थानीय अंशको हिस्सा पनि ठूलै रहेको छ । यस्ता विषयमा प्रशिक्षक प्रशिक्षणमा थप छलफलको आवश्यकता पर्न सक्दछ ।

(ख) आधारभुत तहमा निमावि (कक्षा ६-८) का शिक्षकका लागि दिइने तालिम अपेक्षित रुपमा प्रभावकारी भएनभन्ने विषय पनि छ । खास गरी स्रोतव्यक्ति र रोष्टर प्रशिक्षकले त्यसमा पर्याप्त ध्यान दिएनन् भन्ने विषय एउटा मुद्धाको रुपमा उठेको देखिन्छ । आधारभुत तहमा

शिक्षक तालिमको जिम्मेवारी पाएका स्रोत व्यक्तिहरू प्राथमिक शिक्षकका तालिमकाम विषयमा वढी सहज छन् र निम्न माध्यमिक तहका शिक्षकका तालिमका विषयमा कम प्राथमिकता दिन्छन भन्ने अध्ययनले देखाएको छ । तालिम अवलोकनका क्रममा शिक्षकहरूवाट पनि शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्र तहमा उक्त तालिम सञ्चालन हुँदा प्रभावकारी हुने राय पनि प्राप्त भएको छ । आवश्यकताको पहिचान स्रोत केन्द्र तहमा गर्ने र फेस टु फेस तालिम शैक्षिक तालिम केन्द्र ख, र शैक्षिक तालिम उपकेन्द्रमा चलाउने प्रवन्ध मिलाउनु पर्ने विषय उठान भएको छ । यस विषयमा कसरी योजना वनाउने भन्ने विषयमा ध्यान दिनु पर्ने देखिएको छ ।

(ग) फेस टु फेसको तालिमको तुलनामा दोस्रो र तेस्रो चरणका क्रमश: स्वअध्ययन अभ्यास र शैक्षणिक परामर्शका कार्यहरू प्रभावकारी हुन नसकेको भन्ने कुरा उठेको छ । यसलाई प्रभावकारी वनाउने विषयमा प्रशिक्षकहरूलाई यि विषयमा प्रशिक्षणको कमीले यस्तो भएको हो भन्ने तर्क पनि गर्न थालिएको छ । शैक्षणिक परामर्शका लागि योजना वनाई जिल्ला समन्वय समतिमा छलफल गराउन सकिन्छ भन्ने सुझाव पनि छ । स्रोत व्यक्ति, विद्यालय निरीक्षक र रोष्टर प्रशिक्षकको टीम वनाई शैक्षणिक परामर्श गरिएका उदाहरण पनि छन् ।

घ) स्रोतकेन्द्र तहसम्म तालिम कोर्ष वनाइयो, त्यसको प्रयोग पनि गरियो तर ति प्याकेजको विश्लेषण गर्ने परिपाटी भएन भन्ने विषय उठेको छ । प्रत्येक प्रशिक्षकले स्थानीय तहमा वनेका यस्ता प्याकेजको विश्लेषण गर्न पनि जरुरी ठानिएको छ ।

ङ) शक्षिक तालिमका विषयमा अन्य प्रसंगहरू पनि छन् । खासगरी शिक्षकहरू अहिले प्रदान गरिइरहेको तालिम प्रति अपेक्षित मात्रामा उत्प्रेरित भएनन्, तालिममा सिकेका सीपको कक्षा कोठामा पर्याप्त मात्रामा रुपान्तरण हुन सकेन, तालिमको विकेन्द्रिकरणको अभ्यासका कारण स्रोतकेन्द्रमा कार्यचाप वढ्न गएको छ तर स्रोत केन्द्र र स्रोतव्यक्तिहरूले उक्त चाप धान्न कठीन भएका कारण तालिमको सेवा प्रवाह अपेक्षित रुपमा प्रभावकारी हुन सकेन, तालिम कोर्ष विकासमा स्रोतव्यक्तिको क्षमता कमजोर भएका कारण उनीहरूको क्षमताको स्तरोन्नती आवश्यक छ, शिक्षकहरूलाई सिकाउनुपर्ने कायमूलक अनुसन्धानका विषयमा प्रशिक्षकहरू आफै पर्याप्तमात्रामा स्पष्ट हुन सकेनन् भन्ने मुद्धाहरू पनि उठ्ने गरेको पाइन्छ ।

## खण्ड तीनः अनुसूचीहरू

### अनुसूची १ : वार्षिक कार्यक्रम २०६९/०७० को कार्यान्वयन विधि

**परिचय**

यस शीर्षक अन्तर्गत शिक्षकको पेसागत विकास (टिपिडी) मोड्युल लगायतका देहायअनुसारका कार्यक्रमहरू शैक्षिक जनशक्ति विकास केन्द्रले जारी गरेको शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ तथा केन्द्रबाट पटकपटक यस सम्बन्धि जारी गरिएका र गरिने परिपत्र र शैक्षिक तालिम केन्द्रहरूद्वारा उपलब्धि हुने प्राविधिक सहजीकरण बमोजिम मात्र सञ्चालन व्यवस्था मिलाउनु पर्नेछ । शासकीय सहजताकालागि जिशिकाबाट व्यवस्थापकीय सहजीकरण एवम् स्रोतकेन्द्र/अगुवा स्रोतकेन्द्रहरूबाट प्रत्यक्ष मोड्युल सञ्चालन र शैताकेहरूबाट प्रत्यक्ष मोड्युल सञ्चालनका साथै क्षमता विकास कार्य सम्पादन गर्ने गरी मूलतः त्रीपक्षीय सहकार्य को अनुपम संयोजन मिलाई टिपिडी कार्यान्वयनमा सामूहिक स्वामित्व, जवाफदेही र सङ्लग्नता सुनिश्चित गरिएको छ । तसर्थ, वर्तमान सन्दर्भमा यि तिनै (३) प्रकारका नियकाहरूबाट संयुक्त रूपमा कार्यसम्पादन गर्ने विशेष सहकार्य संरचना अन्तर्गत नौलो अनुभव र सर्वस्वीकृत उपलब्धी हासिल गर्न अग्रसर हुनैपर्ने आवश्यकता छ । साथै, देहायअनुसारका वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा निर्धारित कार्य प्रकृयाका अतिरिक्त तल उल्लेख भए बमोजिमका मार्ग निर्देशनलाई अनिवार्य रूपमा अनुसरण गर्नुपर्ने छ

**कार्यान्वयन विधि र परिणाम सूचक**

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| ५.१ शिक्षक तालिम | |
| ५.१.१ स्रोतकेन्द्रबाट आधारभूत तहको शिक्षकको पेशागत विकास मोड्युल सञ्चालन (१० दिने) :<br>(क) जिल्लामा रहेका प्रत्येक स्रोतकेन्द्रअर्न्तगतमा कार्यरत सबै आधारभूत तहका (कक्षा १-८ अध्यापन गर्ने) शिक्षकहरू मध्ये हाल सम्म तीनै मोडुल शिक्षक सङ्ख्याको हिसावले तालिम लिन बाँकी रहेका मध्ये ५०% शिक्षक मोड्युल सङ्ख्याले हुन आउने जिल्लागत कोटालाई स्रोतकेन्द्रगत रुपमा कोटा निर्धारण गरी तालिम समन्वय समितिको निर्णयबाट प्रत्येक स्रोतकेन्द्रमा सो अनुसारको कोटा र बजेट सहित कार्ययोजना जारी गर्ने ।<br>(ख) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए लगतै शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ का आधारमा मोड्युल सञ्चालनको सम्पूर्ण कार्यखण्डहरूमा शिक्षक, प्रअ, विद्यालय व्यबस्थापन समिति, विद्यार्थी, स्रोतकेन्द्र, अगुवास्रोतकेन्द्र, शैताके र जिशिकाहरूको सरोकार एवम् भूमिकाका वारेमा विशेष सामग्री तयार गरी स्थानीय रेडियो/ एफएमबाट/पत्रपत्रिकाबाट प्रसारण गरी खुला अभिमुखीकरण व्यवस्था गर्ने ।<br>(ग) स्रोतकेन्द्र, अगुवास्रोतकेन्द्र र शैक्षिक तालिम केन्द्र (शैताके)हरूबाट टिपिडी मोड्युलहरू शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके)बाट जारी गरिएको शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ ले निर्दिष्ट गरेको कार्यविधि बमोजिम टिपिडी आवश्यकता प्रशोधन, आवश्यकता प्रस्ताव | • वार्षिक टिपिडी कार्ययोजना प्रत्येक स्रोतकेन्द्रमा उपलब्ध हुने<br>• टिपिडीको महत्व र सञ्चालन प्रक्रिया वारे सबै सरोकार पक्षहरू सुसुचित हुने ।<br>• १०१३११ जना आधारभूत तहका शिक्षकहरूले १० दिने टिपिडी मोड्युल तालिम पूरा गरेको हुने<br>• विद्यालयद्वारा हवहरूमा प्रस्तावका आधारमा सहभागी शिक्षक छनौट भएको हुने<br>• प्रत्येक सहभागीले मोड्युल सामग्री सहित मोड्युलका ३ |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| तयारी, मोड्युल सामग्री विकास, सहभागी छनौट, मोड्युल सञ्चालन (तालिम-कार्यशाला खण्ड, स्वाध्ययन अभ्यास खण्ड र शैक्षिक परामर्श खण्ड) तथा प्रमाणीकरण जस्ता कार्यखण्डहरू अनिवार्य रूपमा सम्पादन गरी सञ्चालन गरिएको हुनुपर्ने छ । त्यसरी सञ्चालित मोड्युलहरू सम्पन्न गर्ने शिक्षकहरूलाई मात्र मोड्युल सम्पन्न प्रमाण-पत्र व्यबस्था गर्न सकिने व्यबस्था छ । यस भन्दा अन्यथा कार्यविधि अवलम्वन गरी सञ्चालन गरिने कुनै पनि प्रकारका तालिमका लागि "आधारभूत र माध्यमिक तहका लागि शिक्षकको पेसागत विकास मोड्युल सञ्चालन (१० दिने)" शीर्षकमा स्वीकृत बजेट खर्चगर्न नपाइने र टिपिडी मोड्युल सम्पन्न प्रमाण-पत्र प्रदान गर्न नपाइने गरी व्यबस्था मिलाउने ।<br>(घ) विद्यालयमा न्युनतम् योग्यता सहित स्वीकृत दरवन्दी वा राहत कोटामा स्थायी वा अस्थायी जुनसुकै प्रकारको नियुक्ति पाई कार्यरत सबै शिक्षकहरू र जुन तहमा हाल अध्यापन जिम्मेवारी पाएको छ त्यसै तहको मोड्युलमा भाग लिन पाउने मापदण्डलाई दृष्टिगत गरी आवश्यकता प्रोफायल तयारी, सहभागी छनौट तथा मोड्युल सञ्चालन व्यबस्था मिलाउने ।<br>(ङ) प्रत्येक मोड्युल सञ्चालन गर्न तालिम कार्यशाला खण्डको प्रथम दिन प्रथम सेसनमा सबै सहभागीहरूलाई १।१ प्रतिका दरले मोड्युल सामग्री (स्रोत सामग्री सहितको) वितरण व्यबस्था गर्न सक्ने गरी पूर्ण तयारीका साथ मोड्युल सञ्चालन गर्ने ।<br>(च) प्रत्येक १० दिने मोड्युलका तीनओटै भागहरू पूरा गरेका शिक्षकहरूलाई शैजविकेद्वारा पठाइएका मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्ने (अगुवास्रोतकेन्द्र स्थित स्रोतकेन्द्रको हकमा समेत) ।<br>(छ) सेवाक्षेत्र भित्रका १० दिने मोड्युल पूरा गरेका शिक्षकहरू कार्यरत सबै विद्यालयहरूको शिक्षण सुधार योजना (टिआइपि) उपलब्धि विवरण प्रत्येक वर्षको वैशाख र कार्तिक महीनामा सङ्कलन भए नभएको भन्नेवारे हव (Hub) स्तरीय निरीक्षण र समीक्षा गरी समष्टिगत प्रतिवेदन तयार पारेर जिशिका र शैताके समक्ष पेश गर्ने । सबै ग्रुपको तालिम हवले छ , छ महनिामा टिआइपिको विश्लेषण गर्ने ।<br>(ज) आफ्नो केन्द्रका लागि खटिएका सीएफओसँग सहकार्य गरी संयुक्त, रूपमा प्रत्येक वर्ष सेवाक्षेत्र भित्रका कम्तीमा १०।१० जना शिक्षकहरूलाई अन्तर विद्यालय भ्रमण गराउने ।<br>(झ) टिपिडी मोड्युलको भाग-२ : स्वध्ययन अभ्यास खण्ड र भाग-३: शैक्षणिक परामर्श खण्ड अर्न्तगत तोकिएका परियोजना कार्यहरू सहभागी शिक्षकहरूबाट उच्च कार्यकुशलताका साथ सम्पन्न गर्न नसकेमा वा यस्तो कार्यमा वेवास्ता गरेको ठोस आधार पाईएमा त्यस्ता शिक्षकहरूलाई मोड्युल सम्पन्न प्रमाण-पत्र प्रदान नगर्ने र पछि त्यस्ता शिक्षकहरूले प्रमाण-पत्र पाउन अनुरोध गरेमा विशेष सहुलियतका रूपमा तालिम हवले पुन: परियोजना कार्यहरू तोकी त्यसको उच्च कार्यकुशलताका साथ सम्पन्न गरेको आधारमा प्रमाण-पत्र जारी गर्ने विशेष व्यबस्था लागू गर्ने र यसका लागि सहभागीहरूको आतेजाते लगायत कार्यका लागि हुने खर्च नीजहरू स्वयमले व्यहोर्नुपर्ने व्यबस्था मिलाउने ।<br>(ञ) यस अन्तर्गतका शीर्षकगत खर्च विवरणअनुसारका साविकमा स्वीकृत नर्म्स अनुसार टिपिडी मोड्युल सञ्चालनको सम्पूर्ण खर्च व्यबस्था मिलाउने ।<br>(ट) आधारभुत तह मध्ये कक्षा ६ देखि ८ मा कार्यरत निम्न माध्यमिक तहका शिक्षकहरूकोलागि सञ्चालन हुने तालिमको सम्वन्धमा स्रोतकेन्द्र मार्फत् माग सङ्कलन भएपछि सम्वन्धित जिल्ला शिक्षा कार्यालय (जिशिका)ले सो वमोजिमको कोटा तय गरी शिक्षक छनौट गरी अगुवा स्रोत केन्द्र वा शैताके मार्फत् सञ्चालन हुने प्रवन्ध मिलाउने । यसको लागि आवश्यक रकम शैक्षिक तालिम केन्द्र वा उपकेन्द्रलाई उपलव्ध गराउने । शैताकेले समयमै कार्यक्रम सञ्चालन गरी परेश्की फर्स्यौट गर्ने प्रवन्ध मिलाउने । | ओटै खण्ड पूरा गरेको हुने<br>• मोड्युल पूरा गरेका शिक्षकहरूले प्रमाणपत्र पाएको हुने<br>• प्रत्येक स्रोतकेन्द्रबाट ६।६ महिनामा जिशिका र शैताकेका समष्टिगत TIP उपलब्धि प्रतिवेदन उपलब्ध हुने<br>• प्रत्येक वर्ष १० जना आधारभूत तहका शिक्षकहरूले अन्य ५ ओटासम्म विद्यालयहरूको अध्ययन भ्रमण सम्पन्न गर्ने |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| **५.१.२. आधारभूत तहमा बहुभाषिक विद्यार्थीहरू अध्ययन गर्ने कक्षामा शिक्षण गर्ने र विषयका रुपमा विभिन्न मातृभाषा शिक्षण गर्ने शिक्षकहरूका लागि टिपिडीको आवश्यकता पुरा गर्ने गरी १० दिने पेसागत क्षमता विकास तालिम सञ्चालन**<br>क) शैजविकेद्वारा तोकिएको मापदण्ड र तयार गरिएको शिक्षक प्रोफाइल अनुसार दुई वा दुई भन्दा बढी स्थानीय भाषाहरूको माध्यम प्रयोग गरी अध्यापन गर्ने शिक्षकहरू र विषयका रूपमा स्थानीय मातृभाषा शिक्षण गर्ने शिक्षकहरू पहिचान गरी सम्बन्धित विषयको तालिमका लागि जिशिकाले शिक्षक छनौट गर्ने ।<br>ख) शैजविकेले शिक्षक प्रोफायलका आधारमा तालिम कोटा, बजेट र तालिम सामग्री पठाएपछि त्यसका आधारमा तोकिएको स्रोतकेन्द्र/केन्द्रबाट प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरूद्वारा टिपिडीको आवश्यता पूरा गर्ने गरी विशेष क्षमता विकास तालिमका रूपमा १० दिने तालिम एकै पटक (at a stretch) तालिम सञ्चालन गर्ने ।<br>ग) तालिम शैताके उपकेन्द्र वा अगुवा सोतकेन्द्र मार्फत् सञ्चालन गर्ने | • शिक्षक प्रोफायलमा उल्लेखित कोटा र मापदण्ड अनुसार दुवै प्रकारको तालिमका लागि ९२७६ जना सहभागी छनौट भई कुनै एक प्रकारको तालिम कोर्स पूरा गरेको हुने |
| **५.१.३. आधारभुत तहमा अङ्ग्रेजी माध्यमवाट शिक्षण गर्ने शिक्षकका लागि परीक्षणाको रुपमा १० दिने तालिम सञ्चालन**<br>क) प्रत्येक जिल्लामा अँग्रेजी माध्यममा आधारभूत तहको कक्षा सञ्चालन गरिरहेका विद्यालयहरूबाट तालिम लिन इच्छुक २५शिक्षकहरूलाई जिशिकाले छनौट गर्ने ।<br>ख) जिशिकाले तालिमका लागि छनौट गरेका शिक्षकहरूलाई जिल्ला स्थित शैताके वा अगुवा स्रोतकेन्द्रले आधाभूत तहको टिपीडी सञ्चालनको कार्यप्रक्रिया पुरा गरी तालिम सञ्चालन गर्ने । शैताकेमा नै १० दिने तालिम एकै पटक (at a stretch) तालिमका रुपमा सञ्चालन गर्न पनि सकिने छ । | • प्रत्येक जिल्लामा २५ जनाका दरले देशभरमा १८७५ जनाले तालिम लिएको हुने । |
| **५.१..४. शैताकेबाट/अगुवा स्रोतकेन्द माध्यमिक तहको शिक्षकको पेसागत विकास मोड्यूल (१० दिने) सञ्चालन :**<br>(क) जिल्लामा रहेका कार्यरत सबै माध्यामक तहका (कक्षा ९-१० अध्यापन गर्ने) शिक्षकहरू मध्ये ५ वर्ष भित्र सवैले ३० दिन वरावरको तालिम पाउनु पर्ने अवधारणा अन्तर्गत हालसम्म तालिम पाउन बाँकी रहेका शिक्षकमोडुल मध्ये ५०% शिक्षक सङ्ख्याले हुन आउने गरी कोटा निर्धारण गरी तालिम समन्वय समितिको निर्णयबाट कार्यान्वयन गर्ने प्रवन्ध मिलाउने ।<br>(ख) स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए लगतै शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ का आधारमा मोड्युल सञ्चालनको सम्पूर्ण कार्यखण्डहरूमा शिक्षक, प्रअ, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, स्रोतकेन्द्र, अगुवास्रोतकेन्द्र, शैताके र जिशिकाहरूको सरोकार एवम् भूमिकाका वारेमा विशेष सामग्री तयार गरी स्थानीय रेडियो/ एफएमबाट/पत्रपत्रिकाबाट प्रसारण गरी खुला अभिमुखीकरण व्यवस्था गर्ने ।<br>(ग) स्रोतकेन्द्र, अगुवास्रोतकेन्द्र र शैक्षिक तालिम केन्द्रहरूबाट टिपिडी मोड्युलहरू शैजविकेबाट जारी गरिएको शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ ले निर्दिष्ट गरेको कार्यविधि बमोजिम टिपिडी आवश्यकता प्रशोधन, आवश्यकता प्रस्ताव तयारी, मोड्युल सामग्री विकास, सहभागी छनौट, मोड्युल सञ्चालन (तालिम-कार्यशाला खण्ड, स्वाध्ययन अभ्यास खण्ड र शैक्षिक परामर्श खण्ड) तथा प्रमाणीकरण जस्ता कार्यखण्डहरू अनिवार्य रूपमा सम्पादन गरी सञ्चालन गरिएको हुनुपर्ने छ । त्यसरी सञ्चालित मोड्युलहरू सम्पन्न गर्ने शिक्षकहरूलाई मात्र मोड्युल सम्पन्न प्रमाण-पत्र व्यवस्था गर्न सकिने व्यवस्था छ । यस भन्दा अन्यथा कार्यविधि अवलम्वन गरी सञ्चालन गरिने कुनै पनि प्रकारका तालिमका लागि "आधारभूत र माध्यमिक तहका लागि शिक्षकको पेसागत विकास मोड्युल सञ्चालन (१० दिने)" शीर्षकमा स्वीकृत बजेट खर्चगर्न | • टिपिडीको महत्व र सञ्चालन प्रक्रिया वारे सबै सरोकार पक्षहरू सुसुचित हुने<br>• १७३५६ जना माध्यमिक तहका शिक्षकहरूले १० दिने टिपिडी मोड्युल पूरा गरेको हुने<br>• विद्यालयद्वारा हवहरूमा प्रेषित आवश्यकता प्रस्तावका आधारमा सहभागी शिक्षकले मोड्युल सामग्री सहित मोड्युलका ३ ओटै खण्ड पूरा गरेको हुने<br>• प्रत्येक स्रोतकेन्द्रबाट ६।६ महिनामा जिशिका र शैताकेका समष्टिगत TIP उपलब्धि प्रतिवेदन उपलब्ध हुने<br>• प्रत्येक वर्ष १० जना माध्यमिक तहका शिक्षकहरूले अन्य ५ ओटासम्म विद्यालयहरूको |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन ⁄ परिणाम सूचक |
|---|---|
| नपाइने र टिपिडी मौड्युल सम्पन्न प्रमाण-पत्र प्रदान गर्न नपाइने गरी व्यवस्था मिलाउने ।<br>(घ) तोकिएको तहको न्यूनतम योग्यता भएको र विद्यालयमा जुनसुकै प्रकारको नियुक्ति पाई कार्यरत सबै शिक्षकहरू र जुन तहमा हाल अध्यापन जिम्मेवारी पाएको छ त्यसै तहको मोड्युलमा भाग लिन पाउने मापदण्डलाई दृष्टिगत गरी आवश्यकता प्रोफायल तयारी, सहभागी छनौट तथा मोड्युल सञ्चालन व्यवस्था मिलाउने ।<br>(ङ) प्रत्येक मोड्युल सञ्चालन गर्न तालिम कार्यशाला खण्डको प्रथम दिन प्रथम सेसनमा सबै सहभागीहरूलाई १।१ प्रतिका दरले मोड्युल सामग्री (स्रोत सामग्री सहितको) वितरण व्यवस्था गर्न सक्ने गरी पूर्ण तयारीका साथ मोड्युल सञ्चालन गर्ने ।<br>(च) प्रत्येक १० दिने मोड्युलका तीनओटै भागहरू पूरा गरेका शिक्षकहरूलाई शैजविकेद्वारा पठाइएका मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्ने ।<br>(छ) सेवाक्षेत्र भित्रका १० दिने मोड्युल पूरा गरेका शिक्षकहरू कार्यरत सबै माध्यमिक विद्यालयहरूको टिआइपी उपलब्धि विवरण प्रत्येक वर्षको वैशाख र कार्तिकमा सङ्कलन गरी जिल्ला स्तरीय समष्टिगत प्रतिवेदन तयार पारेर जिल्ला शिक्षा कार्यालय र शैक्षिक तालिम केन्द्र "क" समक्ष पेश गर्ने ।<br>(ज) प्रत्येक वर्ष शैक्षिक तालिम केन्द्रको सेवाक्षेत्र भित्रका तालिममा सहभागि शिक्षकमध्ये कम्तीमा २० प्रतिशत शिक्षकहरूलाई अन्तर विद्यालय भ्रमण गराउने ।<br>(झ) जिल्ला भरीको सबै स्रोतकेन्द्रहरू र आफ्नो केन्द्रबाट ३ ओटै मोड्युल पूरा गरेका शिक्षकहरूलाई शैजविकेबाट प्राप्त एकीकृत टिपिडी प्रमाण-पत्र जारी गर्ने ।<br>(ञ) यस शीर्षकगत खर्च विवरणअनुसार साविकको स्वीकृत नर्म्सका आधारमा टिपिडी मोड्युल सञ्चालनको सम्पूर्ण खर्च व्यवस्था मिलाउने । | अध्ययन भ्रमण सम्पन्न गर्ने |
| ५.१.५ उच्च माध्यमिक तह कक्षा ११ र १२ का शिक्षकका लागि १० दिने तालिम<br>क) ९ ओटा शैताके(क) मा १/१ (एक समूहमा २५ जना) समूहका लागि कार्यक्रम सञ्चालन गर्ने ।<br>ख) शैजविकेबाट प्रशिक्षक प्रशिक्षण प्राप्त सहजकर्ताबाट कक्षा सञ्चालन गर्ने ।<br>ग) शैताके (क) हरूले आफ्नो सेवा क्षेत्रभित्रका जिशिकाहरूसँग समन्वय गरी विषय निर्धारिण एवं सहभागी छनौट गर्न अनुरोध गर्ने ।<br>घ) जिशिकाबाट छनौट भएका सहभागीहरूलाई टिपिडि खाकामा तालिम सञ्चालन गर्ने । शैताकेमा नै १० दिने तालिम एकै पटक (at a stretch) तालिमका रुपमा पनि सञ्चालन गर्न सकिने छ । | • देशभरमा विभिन्न विषयका २२५ जना उच्च माध्यमिक तहका शिक्षकहरूले १० दिने तालिम प्राप्त गरेको हुने |
| ५.१.६ संस्थागत विद्यालयका शिक्षकका लागि तालिम सञ्चालन<br>क) तोकिएको शैताकेले तालिम सामग्री र कार्यतालिका तयार गर्ने ।<br>ख) शैताकेको सेवा क्षेत्रका जिल्लाको संस्थागत विद्यालयमा कार्यरत तालिम लिन इच्छुक आधारभुत तहमा कार्यरत शिक्षकहरूलाई जिल्ला शिक्षा कार्यालयले तालिमका लागि छनौट गर्ने ।<br>ग) टिपिडि खाकामा तालिम सञ्चालन गर्ने । शैताकेमा नै १० दिने तालिम एकै पटक(at a stretch)तालिमका रुपमा पनि सञ्चालन गर्न सकिने छ ।<br>घ) तालिमका सहभागिलाई कुनै प्रकारको भत्ता वा आतेजाते खर्च नदिने । तालिम सञ्चालनका अन्य खर्चको हकमा स्वीकृत नर्म्स अनुसार गर्ने | • ५ ओटा शैताकेहरूबाट १२५ जना संस्थागत विद्यालयहरूमा कार्यरत शिक्षकहरूले तालिम प्राप्त गरेको हुने |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| ५.१.७ आवश्यकता अध्ययनका आधारमा एसएलसी परीक्षाको नतीजा कमजोर देखिएका कर्णाली अञ्चल लगायतका लक्षित जिल्लाका मावि तहका अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षकहरूलाई विद्यार्थी सिकाइ उपलब्धी सुधार तालिम (१० दिने) सञ्चालन<br>क) लक्षित जिल्लाका जिशिकाहरूले अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरू छनौट गर्ने ।<br>ख) जिशिकाबाट छनौट गरिएका शिक्षकहरूलाई तोकिएको शैताकेले शैजविकेबाट तयार गरिएको तालिम सामग्रीको आधारमा १० दिने (आमने सामने) तालिम सञ्चालन गर्ने ।<br>ग) टिपिडि खाकामा तालिम सञ्चालन गर्ने । शैताकेमा नै १० दिने तालिम एकै पटक (at a stretch)तालिमका रुपमा पनि सञ्चालन गर्न सकिने छ । | • लक्षित १५ जिल्लाका ३७५ जना शिक्षकहरूले तालिम प्राप्त गरेको हुने । |
| ५.१.८ विशेष आवश्यकता भएका बालवालिकालाई शिक्षण गर्ने स्रोत शिक्षकका लागि टिपिडि खाकामा तालिम सञ्चालन<br>(क) तोकिएका जिल्लामा सञ्चालित यस्ता विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये सम्बन्धित शैताकेद्वारा तोकिएको मापदण्ड र कोटा बमोजिम सम्बन्धित तालिमका लागि सहभागीहरू छनौट गर्ने ।<br>(ख) यसरी विशेष आवश्यकता भएका वालवालिकालाई अध्यापन गराउने विद्यालयहरूबाट छनौट भएका शिक्षकहरूलाई शैजविकेद्वारा उपलब्ध गराइने तालिम कोर्ष, तालिम स्रोत सामग्री र प्रशिक्षण गाइडलाइन बमोजिम टिपिडी आवश्यकता पूरा गर्ने गरी विशेष क्षमता विकास तालिमका रूपमा १० दिन एकै पटक (at a stretch) तालिम सञ्चालन गर्ने । | • १०० जना स्रोत शिक्षकले विशेष आवश्यकतासम्बन्धी तालिम पूरा गरेको हुने । |
| ५.१.९ परम्परागत विद्यालय गुम्बा, मदर्सा, गुरुकूलका शिक्षकहरूका लागि टिपिडि खाकामा मिल्ने गरी तालिम सञ्चालन :<br>(क) तोकिएका जिल्लामा सञ्चालित यस्ता विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये सम्बन्धित शैताकेद्वारा तोकिएको मापदण्ड र कोटा बमोजिम सम्बन्धित तालिमका लागि सहभागीहरू छनौट गर्ने ।<br>(ख) यसरी परम्परागत विद्यालयहरूबाट छनौट भएका शिक्षकहरूलाई शैजविकेद्वारा उपलब्ध गराइने तालिम कोर्ष, तालिम स्रोत सामग्री र प्रशिक्षण गाइडलाइन बमोजिम टिपिडी आवश्यकता पूरा गर्ने गरी विशेष क्षमता विकास तालिमका रूपमा १० दिन एकै पटक (at a stretch) तालिम सञ्चालन गर्ने । | • १५० जना शिक्षकहरूले गुम्बा, गुरुकुल र मदर्शा विद्यालयसम्बन्धी तालिम पूरा गरेको हुने । |
| ५.१.१० शारिरिक शिक्षा तथा सिर्जनात्मककला पुनर्ताजगी तालिम सञ्चालन (१० दिने)<br>क) शैजविकेले तयार गरेका प्रशिक्षकद्वारा २९ ओटा तालिम केन्द्रहरूमा १/१ समूह ( प्रति समूह २५ जना शिक्षक) तालिम सञ्चालन गर्ने ।<br>ख) शैतोकेले तोकेको कोटामा तालिमका सहभागीहरू जिशिकाले छनौट गर्ने । | • ७२५ जना शिक्षकहरूले शारीरिक शिक्षा तथा सिर्जनात्मककला पुर्नताजगी तालिम प्राप्त गरेको हुने । |
| ५.२ प्रशिक्षक प्रशिक्षण | |
| ५.२.१ शिक्षकको पेसागत विकास मोड्युल सञ्चालनका लागि सघन प्रशिक्षक प्रशिक्षण (१२ दिने) सञ्चालन :<br>(क) सबै स्रोतकेन्द्रहरूबाट थप ३।२ जना रोष्टर प्रशिक्षक जिशिकाले छनौट गरी तोकिएको शैताकेमा तोकिएको समयमा तालिममा सहभागि हुन पठाउने ।<br>ख) सहभागि छनौट गर्दा यस अघि तालिम नलिएका हरूलाईमात्र छनौट गर्ने । सहभागि छनौट गर्दा यस अघि तालिम लिएका रोष्टरहरू जुन विषयका छन् त्यो भन्दा भिन्न विषयलाई प्राथमिकता दिने । | • २२१५ जनाले १२ दिने प्रशिक्षक प्रशिक्षण पूरा गरेको विवरण सहितको प्रतिवेदन शैक्षिक जनशक्ति विकास केन्द्रमा उपलब्ध हुने |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
| --- | --- |
| ग) प्रशिक्षक प्रशिक्षणमा आउने सहभागिहरूलाई हव स्तरीय टिआइपी उपलब्धि प्रतिवेदन सारांश, हव स्तरीय रूपमा गत वर्ष तयार गरिएका टिपिडी आवश्यकता प्रोफाइलका आधारमा तहगत (आधारभूत र माध्यमिक) शिक्षकहरूको टिपिडी आवश्यकता सारांश सम्पूर्ण कार्यरत तहगत शिक्षक र मोड्युलगत टिपिडी प्राप्त शिक्षक विवरण सहित प्रशिक्षक प्रशिक्षणमा सहभागी हुन छनौट व्यबस्था गर्ने ।<br>(घ) उपयुक्तानुसार छनौट भई आएका सहभागीहरूलाई शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित "प्रशिक्षक प्रशिक्षण निर्देशिका" का आधारमा १२ दिने प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी त्यसको उपलब्धि, अनुभव र भावी कार्यदिशा उल्लेखित प्रतिवेदन केन्द्रमा पेस गर्ने । | |
| ५.२.२ आधारभूत तहमा बहुभाषिक विद्यार्थीहरू अध्ययन गर्ने कक्षामा शिक्षण गर्ने र विषयका रुपमा विभिन्न मातृभाषा शिक्षण गर्ने शिक्षकहरूका लागि टिपिडीको आवश्यकता पुरा गर्ने गरी १० दिने पेसागत क्षमता विकास तालिम सञ्चालनका लागि थप प्रशिक्षक प्रशिक्षण सञ्चालन<br>क) बहुभाषीक विद्यार्थी शिक्षण गर्ने कक्षा र विषयका रुपमा मातृभाषा शिक्षण गर्ने विद्यालय र भाषाको विवरण जिशिकाले तयार गर्ने ।<br>ख) उक्त विवरणलाई मध्यनजर राखि जिशिकाले प्रशिक्षक प्रशिक्षणका लागि २ जना रोष्टर प्रशिक्षक छनौट गर्नै । रोष्टर प्रशिक्षक छनौट गर्दा यस अघि प्रशिक्षक प्रशिक्षण नलिएको व्यक्तिलाई छनौट गर्ने । जिल्लाको बहुभाषिक आवश्यकता र प्रशिक्षकको सो सम्वन्धी भाषिक दक्षता तथा क्षमतालाई पनि ध्यान दिने ।<br>ग) जि.शि.का.बाट तयार गरिएको विवरण प्राप्त गरी शैताकेले भाषागत रुपमा आवश्यक प्रशिक्षकको विवरण तयार गर्ने ।<br>घ) शैताकेले शैजविकेले तयार गरेका प्रशिक्षक र तालिम सामग्री मार्फत १० दिने पेशागत क्षमता विकास प्रशिक्षण सञ्चालन गर्ने । | • ६ ओटा शैक्षिक तालिम केन्द्र मार्फत देशभरमा १५० जनाले बहुभाषिक शिक्षण सम्बन्धमा प्रशिक्षक प्रशिक्षण प्राप्त गरेको हुनेछ । |
| ५.३ व्यवस्थापन तालिम | |
| ५.३.१. प्रअहरूका लागि ३० दिने नेतृत्व क्षमता विकास तालिम सञ्चालन :<br>(क) शैजविकोरा जारी प्रअ नेतृत्व क्षमता विकास तालिम कार्यान्वयन पुस्तिका २०६६ ले निर्दिष्ट गरेको कार्यविधि अनुसरण गरी आधारभूत तह (१-८ कक्षा) र माध्यमिक तह (१-१० वा १-१२ कक्षा) का लागि नियमानुसार नियुक्त सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये २५ जनालाई अगुवा स्रोतकेन्द्र वा शैताकेको समन्वयमा २ महिना अगावै मनोनयन गर्ने ।<br>(ख) यसरी सहभागी मनोनयन गर्दा तोकिएको कोटाको अधिकतम २०% सम्म संस्थागत विद्यालयले चाहेमा मा कार्यरत सोही तहका प्रिन्सिपलहरूलाई नीजहरूको रुचिको आधारमा तालिम भत्ता नपाउने गरी तालिम पूरा गर्ने सर्तमा समावेश गर्ने ।<br>(ग) उक्त तालिम कार्यान्वयन पुस्तिकाद्वारा निर्दिष्ट कोर्ष तथा कार्यविधि एवम् शैजविकेबाट प्रकाशित तालिम स्रोत सामग्रीका आधारमा जिशिकाबाट मनोनित प्रअहरूलाई १० दिने तालिम कार्यशाला, १८ दिन बराबरको स्वाध्ययन खण्ड र २ दिनको सम्पर्क कक्षा गरी ३० दिने तालिम सञ्चालन गर्न सकिने । | • तोकिएको मापदण्डका बमोजिम १२७५ जना प्रअहरूले १ महिने प्रअ नेतृत्व क्षमता विकास तालिम पूरा गरोको हुने । |
| ५.३.२ उच्च माध्यमिक तह कक्षा ११ र १२ का प्रधानाध्यापकका लागि क्षमता विकास तालिम सञ्चालन<br>क) शैजविकेद्वारा विकास गरिएको कोर्ष र निर्दिष्ट गरिएको कार्यविधि अनुसरण गरी | • ७ ओटा शैक्षिक तालिम केन्द्र<br>(क) मा १/१ समूह तालिम |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| माध्यमिक तह (११-१२ कक्षा) का लागि नियुक्त सामुदायिक उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्ये २० जनालाई शैताके (क) ले तय गरेको कोटाका आधारमा जिल्ल शिक्षा कार्यालयले तालिमका लागि मनोनयन गर्ने ।<br>(ख) निर्दिष्ट कोर्ष तथा कार्यविधि एवम् शैजविकेबाट प्रकाशित तालिम स्रोत सामग्रीका आधारमा जिशिकाबाट मनोनित प्रअहरूलाई शैताकेले तालिम सञ्चालन गर्ने । | सञ्चान भै १४० जना उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूले तालिम प्राप्त गरेको हुने । |
| ५.३.३ शिक्षकका पेसागत संघ संस्थाका पदाधिकारीहरूलाई नेतृत्व विकास तालिम सञ्चालन<br>(क) शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन एवम् शिक्षक समुदायमा पेसागत जवाफदेहिता अभिवृद्धि गर्ने वृहत्तर लक्षका साथ शिक्षकहरूका पेसागत संस्थाका पदाधिकारीहरू (शिक्षक नेताहरू) का लागि व्यबस्था गरिएको पेसागत नेतृत्व क्षमता विकास तालिममा शैताकेबाट प्राप्त मापदण्डका आधारमा जिल्लामा क्रियाशील आधिकारिक पेसागत संस्थाहरूका पदाधिकारीहरूमध्येबाट सहभागीहरू छनौट गर्ने ।<br>(ख) शैजविके्द्वारा प्रकाशित तालिम कोर्स र तालिम स्रोत सामग्रीका आधारमा आफ्नो क्षेत्रीय सेवाक्षेत्र भित्रका सबै जिशिकाहरूबाट समानुपातिक रूपमा छनौट भई आएका सहभागीहरूलाई १ हप्ते तालिम सञ्चालन गर्ने । | • २२५ जना शिक्षकका पेसागत सङ्घ संस्थाका पदाधिकारीहरूले नेतृत्व विकास तालिम कोर्स पूरा गरेको हुने |
| ५.३.४ स्रोत व्यक्तिका लागि सेवा कालिन तालिम सञ्चालन (१० दिने)<br>(क) हाल सञ्चालनमा रहेका १०५३ स्रोतकेन्द्रमा कार्यरत स्रोतव्यक्तिलाई सेवाकालिन तालिम उपलब्ध गराउने ।<br>(ख) शैजविकेबाट तयार गरिएको तालिम सामग्री र प्रशिक्षक मार्फत शैताकेहरूमा १० दिने तालिम सञ्चालन गर्ने । | • १०५३ जना स्रोतव्यक्तिहरूले १० दिने सेवाकालिन तालिम प्राप्त गरेको हुने |
| ५.४ शिक्षक तालिमका लागि स्थलगत प्राविधिक सहायता | |
| ५.४.१ शैताकेहरूबाट अगुवा स्रोतकेन्द्रमा स्रोतव्यक्ति/रोस्टरद्वारा सञ्चालन गर्ने टिपिडी/प्रअ तालिमका लागि स्थलगत **Technical Backstopping** र तालिम पश्चात सहायता सञ्चालन :<br>(क) टिपिडी कार्यान्वयन पुस्तिकामा उल्लेखित कार्यविधिअनुसार आफ्नो सेवाक्षेत्र भित्रका सबै जिल्लाका स्रोतकेन्द्र र अगुवा स्रोतकेन्द्रहरूमा मूलत: टिपिडी आवश्यकता प्रशोधिकरण, मोड्युल सामग्री विकास र मोड्युल सञ्चालन जस्ता मुख्यमुख्य कार्यखण्डहरूको प्रभावकारी सञ्चालन गर्न स्थलगत क्षमता विकास स्किमका रूपमा स्थलगत प्राविधिक सहायता उपलब्ध गराउने । (यस कार्यका लागि यसै निर्देशिकाको अनुसूची-९ मा दिइएका साधन प्रयोग गर्नुपर्ने) ।<br>(ख) आफ्नो सेवाक्षेत्र अन्तर्गतका सबै जिशिकाहरूलाई मूलत: टिपिडी मोड्युल सामग्री स्वीकृति, प्राविधिक अडिट सञ्चालन, वार्षिक मोड्युल सञ्चालन कार्ययोजना स्वीकृति लगायतको कार्य गर्न तालिम समन्वय समिति र जिशिकालाई स्थालगत रूपमा प्राविधिक सहजीकरण प्रदान गर्ने ।<br>(ग) सेवाक्षेत्र भित्र कृयाशिल सबै अगुवा/स्रोतकेन्द्रहरूबाट चालु आर्थिक वर्षका लागि तयार गरिएका टिपिडी आवश्यकता प्रस्तावको सारांश सङ्कलन गरी तालिम केन्द्रगत प्रस्ताव सारांश सङ्ग्रह वि.सं. २०६९ फाल्गुन मसान्तभित्र शैजविकेमा अनिवार्य रूपमा पेसगर्ने । | • सबै तालिम हवहरूमा कार्यरत प्रशिक्षकहरूको क्षमता अभिवृद्धि हुने<br>• ७५ ओटै जिशिकामा शैताकेहरूबाट स्थलगत प्राविधिक सहजीकरण उपलब्ध हुने<br>• समष्टीगत केन्द्रीय टिपिडी आवश्यकता प्रतिवेदन उपलब्ध हुने |
| ५.४.२ जिशिकाबाट तालिम हव क्लस्टरमा टिपिडी/प्रअ तालिम गतिविधिको स्थलगत प्राविधिक अडिट र तालिम समन्वय समितिद्वारा अनुगमन लगायत टिपिडी मोड्युल सामग्री अनुमोदन कार्यसञ्चालन :<br>(क) शिक्षा विभागको च.नं. ३६ मिति २०६६/०८/०८ को निर्देशनअनुसार प्रत्येक | • सबै प्रअ बैठक तथा स्रोतव्यक्ति बैठकको टिपिडी कार्यान्वयनका विषयवस्तु एजेण्डामा सम्बन्धित |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| जिशिकामा जिशिअको संयोजनमा सबै सीएफओ, अगुवा स्रोतकेन्द्र र सम्बन्धित शैताकेको सदस्यता रहने गरी गठित तालिम समन्वय समिति देहाय कार्यविवरण TOR) बमोजिम प्रभावकारित कृयाशिलता रहेको सुनिश्चित गर्ने ।<br>• स्रोतकेन्द्र र अगुवास्रोतकेन्द्रगत कोटा र बजेट सहितको वार्षिक मोड्युल कार्यान्वयन कार्ययोजना तयार गरी जिल्ला भर लागू गर्ने<br>• सबै स्रोतकेन्द्र, अगुवास्रोतकेन्द्र र शैताकेहरूले तयार गरेको टिपिडी मोड्युल सामग्रीहरू सिएफओको स्वीकृतिका आधारमा अनुमोदन गर्ने<br>• अनुमोदित सामग्रीहरू सबै सहभागीहरूले प्राप्त गर्ने सुनिश्चित गरी टिपिडी मोड्युल सञ्चालनको अनुमति प्रदान गर्ने<br>• सबै सिएफओबाट मोड्युल सञ्चालन प्रक्रियाको प्राविधिक अडिट कार्य सम्पन्न गराउने<br>(ख) निम्नानुसारको कार्यविवरण अनुसार सिएफओहरूद्वारा जिल्ला भित्रका सबै तालिम हवहरूमा मोड्युल सञ्चालन प्रक्रियाको प्राविधिक अडिट कार्य गराउने ।<br>• प्रत्येक स्रोतकेन्द्र/अगुवा स्रोतकेन्द्रद्वारा सम्पादन गर्ने टिपिडी आवश्यकता प्रोफाइल तयारी, मोड्युल सामग्री तयारी र मोड्युल सञ्चालन प्रक्रिया र प्रमाणपत्र जारी गर्ने कार्यको सुपरीवेक्षण गरी तोकिएको प्रक्रिया पूरा गरेको (Process Compliance) सुनिश्चित गर्ने<br>• कार्यान्वयन पुस्तिकामा तोकिएबमोजिम आफ्नो क्लस्टरभित्र कार्यरत कम्तीमा १० जना शिक्षकलाई २ दिन सम्मको अन्तरविद्यालय भ्रमण गराउने<br>• जिशिकामा शैताके समेतको उपस्थितिमा सम्पन्न हुने प्रत्येक प्रअ बैठक र स्रोतव्यक्ति बैठकमा टिपिडी मोड्युल सञ्चालन प्रगति समीक्षा प्रस्तुत गर्ने<br>• प्रत्येक हव स्तरीय विद्यालयगत समष्टिगत त्क्ष्ए उपलब्धि प्रतिवेदन प्रत्येक ६।६ महिनामा सङ्कलन र समीक्षा गर्ने ।<br>(ग) जिशिकामा वर्ष भरी सञ्चालन हुने प्रत्येक प्रअ बैठक र स्रोतव्यक्ति बैठकमा "टिपिडी कार्यान्वयन समीक्षा" विषयलाई एउटा एजेण्डा बनाउने र ती बैठकमा सम्बन्धित शैताकेका प्रमुख वा जिम्मेवार अधिकृतलाई सहभागी गराउने ।<br>(घ) शैताकेहरूबाट स्रोतकेन्द्र/अगुवा सोतकेन्द्रमा स्थलगत प्राविधिक सहायता सञ्चालन गर्दा तथा जिशिकाबाट स्रोतकेन्द्र/अगुवा स्रोतकेन्द्रमा टिपिडी कार्यान्वयनका लागि अनुगमन सहायता सञ्चालन गर्दा सङ्लग्न अनुसूची-१० को साधन लाई आधार बनाउने । | शैताकेको प्रमुख/अधिकृत सहजीकरणबाट सञ्चालन हुने ।<br>• ठोस कार्यढाँचा (साधन) मा आधारित कार्य सञ्चालन गरी प्रतिवेदन पेस भएको हुने । |
| ५.४.३ तालिम हवहरूमा सञ्चालन हुने टिपिडी लगायतका तालिम सञ्चालन कार्यमा तात्कालिक सुधार ल्याउन एवम् संस्थागत प्रभावकारीतामा प्रत्यक्ष बढोत्तरी ल्याउन कार्यमूलक अनुसन्धान सञ्चालन :<br>(क) टिपिडी आवश्यकता प्रशोधिकरण, मोड्युल सामग्री विकास तथा मोड्युल सञ्चालन कार्यलाई निरन्तर सुधार गर्न उपयोगी हुने खालका कार्यमूलक अनुसन्धान र विशेष प्रकृतिका कार्यहरूमा मामला अध्ययन कार्य तालिम केन्द्रमा कार्यरत सबै प्रशिक्षकहरूबाट सम्पन्न गर्ने व्यबस्था मिलाउने ।<br>(ख) यसरी तयार गरिएका प्रतिवेदन/दस्तावेजहरू मध्ये नमूना दस्तावेज आवको अन्त्यमा आफ्नो सेवाक्षेत्र भित्रका सबै स्रोतकेन्द्र, अगुवास्रोत केन्द्र र शैताके तथा केन्द्र समक्ष अनिवार्य रूपमा पठाउने व्यबस्था गर्ने । | • सबै प्रशिक्षकहरूबाट कार्यमूलक अनुसन्धान सञ्चालन भएको हुने<br>• सुधारका लागि अनुसन्धान प्रतिवेदन कार्यान्वयनका लागि उपलब्ध हुने । |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| **५.४.४ वि.नि./स्रोतव्यक्ति/रोस्टर/कार्यक्रम संयोजक, अगुवा स्रोत केन्द्रका संयोजक प्रशिक्षकहरूका लागि अनलाइन/अफलाइन पेसागत विकास कोर्सका (३ महिनासम्मको) कार्यक्रम सञ्चालन**<br>(क) तालिम हवहरूमा कार्यरत रोस्टर प्रशिक्षक, प्रशिक्षक र स्रोतव्यक्ति तथा क्षेत्र र जिल्ला तहमा कार्यरत विनि, शा.अ/उपसचिवहरूलाई मूलत: प्रभावकारी टिपिडी मोड्युल सञ्चालन एवम् प्रअ नेतृत्व क्षमता विकास तालिम सञ्चालनका लागि सैद्धान्तिक एवम् व्यावहारिक क्षमता विकास गर्ने उद्देश्यले अनलाईन/अफलाईन विधिबाट सञ्चालन गरिने ३ महिने विशेष पेसागत क्षमता विकास तालिमका लागि तोकिएको कोटा बमोजिम सहभागि छनौट गर्ने ।<br>(ख) शैक्षिक जनशक्ति विकास केन्द्रबाट जारी गरिएको अनलाइन/अफलाइन पेसागत क्षमता विकास तालिम सञ्चालन पुस्तिका-२०६७ मा निर्दिष्ट कोर्स र कार्यविधि बमोजिम तालिम सञ्चालन गर्ने । | • २४० जनाले अनलाइन/अफलाइन कोर्स पूरा गरेको हुने । |
| **५.४.५ शैजविकेको भौतिक सुविधा सुदृढीकरण एवम् मर्मत सम्भार योजना बमोजिम कार्य सञ्चालन:**<br>(क) तालिम केन्द्रको भौतिक सुविधा एवम् उपकरणहरूको मर्मत सुधारसम्बन्धी विस्तृत योजना (आवश्यकता विश्लेषण, लागत अनुमान, प्राथमिकीकरण) तयार गरी प्राथमिकता प्राप्त कार्यका लागि नियमानुसार खर्च व्यवस्था गर्ने ।<br>(ख) प्रत्येक तालिम केन्द्रबाट तयार गरिएको मर्मत सुधार सम्बन्धी उक्त योजना तयार गरे लगत्तै त्यसको एक प्रति केन्द्रमा पठाउने ।<br>(ग) कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन सहित केन्द्रमा प्रगति विवरण पठाउने | • शैताकेहरूको सेवा सुविधा सुदृढ भई तालिम सञ्चालन लगायतका कार्यमा सहजता आएको हुने । |
| **५.४.६ स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष सुधार गर्न मार्गदर्शन एवम् आवश्यक सुचना प्रवोधीकरणका लागि उपयोगी हुने गरी न्युजलेटर प्रकाशन:**<br>(क) टिपिडी लगायत तालिम गतिविधिहरूको प्रभावकारिता र गुणस्तर अभिवृद्धि गर्न सहयोगी हुने खालका अनुसन्धान मूलक लेख/रचनाहरू तालिम केन्द्रमा कार्यरत सबै प्रशिक्षकहरूबाट अनिवार्य रूपमा र वाह्य विशेषज्ञहरूबाट ऐच्छिक रूपमा समेत सङ्कलन/सम्पादन गर्न लगाई तिनीहरूका सङ्गालोका रूपमा सुधारिएको न्युजलेटर प्रकाशन गर्ने ।<br>(ख) प्रकाशित न्युजलेटर कम्तीमा २।२ प्रतिका दरले आफ्नो सेवा क्षेत्र भित्रका स्रोतकेन्द्रहरूमा पुग्ने गरी पठाउने व्यवस्था गर्ने । | • सबै शैताकेहरूबाट प्रकाशित न्यूजलेटर प्रयोगका लागि उपलब्ध हुने । |
| **५.४.७ शैताके बाट वार्षिक रुपमा आधारभूत र माध्यमिक तहको गरी जम्मा ८ ओटा नमुना टिपिडी मोड्युल सामग्री सबै तालिम हवहरूको प्रयोगका लागि छपाई र वितरण**<br>(क) प्रत्येक शैताकेबाट आर्थिक वर्षभरी आफ्नो तालिम केन्द्रबाट प्रत्यक्ष रूपमा माध्यमिक तहका लागि र जिशिकाबाट तोकिएको नजिकको स्रोतकेन्द्रसँग आवद्ध भई आधारभूत तहको मोड्युलहरू सञ्चालन गर्दाका दौरान तयार गरिएका मोड्युल सामग्रीहरू मध्ये दुवैतहको कम्तीमा चारचार ओटा का दरले जम्मा ८ ओटालाई टिपिडी नमूना मोड्युल सामग्रीका रूपमा तयार गर्ने र सेवाक्षेत्रभित्र अगुवा/स्रोतकेन्द्रले वर्षभरि प्रयोग गरेका मध्ये उत्कृष्ट सामग्री छनौट गरी दुवै तहका लागि उत्कृष्ट मोड्युल सामग्री-सङ्ग्रह तयार गर्ने ।<br>(ख) यसरी विकास गरिएका नमूना टिपिडी मोड्युल सामग्रीहरू र उत्कृष्ट मोड्युल सामग्री-सङ्ग्रह छपाई गरी शैताके (क) द्वारा आफ्नो क्षेत्रीय सेवाक्षेत्र अन्तर्गत रहेका सबै तालिम हबहरू (स्रोतकेन्द्र र अगुवास्रोतकेन्द्र/शैताके) मा र शैताके (ख) द्वारा आफ्नो सेवाक्षेत्र अर्न्तगत रहेका सबै तालिम हवहरू (स्रोतकेन्द्र र अगुवास्रोतकेन्द्र) मा कम्तीमा पाँचपाँच सेटका दरले वितरण व्यवस्था मिलाउने । यसरी वितरण गर्दा सेवा क्षेत्र भित्रका सबै अगुवा/स्रोतकेन्द्रहरूले समान रूपले | • ६ ओटाका दरले जम्मा १७४ ओटा टिपिडी नमूना मोड्युल सामग्री तयार हुने<br>• ५/५ सेट नमूना टिपिडी मोड्युल सामग्री प्रत्येक हवमा उपलब्ध हुने<br>• सबै तालिम हवहरूमा नमूना मोड्युल सामग्री तथा मोड्युल सन्दर्भ सामग्री लगायतका स्रोत सामग्रीहरू |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन⁄परिणाम सूचक |
|---|---|
| सामग्री पाएको सुनिश्चित गर्न तालिम केन्द्रहरूबीच समन्वय गर्ने ।<br>(ग) जिल्लाका अगुवास्रोतकेन्द्र र स्रोतकेन्द्रहरूमा तालिम सामग्री ढुवानी व्यवस्थालाई प्रभावकारी तुल्याउन जिशिका र सम्बन्धित शैताकेले संयुक्त संयन्त्र निर्माण गरी त्यसको परिचालन गरी तोकिएको हवमा तोकिएकै सङ्ख्यामा तोकिएकै समयभित्र वितरण व्यवस्था मिलाउने । | |
| **५.४.८ अनलाइन सन्दर्भ सामग्रीहरूको डकुमेन्टेशन, सान्दर्भिक पुस्तकहरू खरिद, कम्प्युटरमा आधारित सञ्चालन प्रविधि सुचारु लगायत विधिहरूबाट पुस्तकालय सुदृढीकरण कार्य सञ्चालन**<br>तालिम केन्द्रले कार्यान्वयन गर्ने टिपिडी लगायत तालिम कार्यक्रमसँ ग सम्बन्धित सन्दर्भ पुस्तकहरू खरीद, केन्द्रीय निकायहरू⁄क्षेशिनि⁄जिशिकाहरूबाट सालवसाली रूपमा प्रकाशन हुने दस्तावेजहरूको सङ्कलन, अनलाइन सन्दर्भ सामग्रीहरूको डकुमेन्टेसन र तालिम केन्द्रमा प्राप्त वा त्यसबाट प्रकाशित नमूना टिपिडी मोड्युल सामग्री⁄नमूना टिपिडी स्रोत सामग्रीहरूको कर्नर (कुना) स्थापना जस्ता लाईब्रेरी सुदृढीकरणसम्बन्धी कार्य सम्पादन गर्ने । | • शैताकेमा रहेको पुस्तकालय सुदृढीकरण मै प्रयोगका लागि उपलब्ध हुने । |
| **५.४.९. टिपिडी लगायत प्र.अ तालिम कार्यान्वयनबाट प्राप्त क्षेत्रीय तालिम नतिजासम्बन्धी जिशिका⁄क्षेशिनिसहित सबै सरोकार समूह समक्ष समीक्षा गोष्ठी सञ्चालन :**<br>(क) प्रत्येक शैताके (क) द्वारा आफ्नो क्षेत्रीय सेवा क्षेत्र भित्र चालु आर्थिक वर्ष भरमा सञ्चालन गरिएका टिपिडी लगायतका तालिम गतिविधिहरूको प्रगति प्रतिवेदन प्रत्येक सिएफ्ओ र शैताकेबाट सङ्कलन गरी देहायको खाकामा त्यसको <u>समष्टीगत क्षेत्रीय तालिम प्रगति प्रतिवेदन</u> तयार गर्ने ।<br>• कार्यक्रमको उपलब्धि विवरण<br>• कार्यान्वयन अनुभव समीक्षा<br>• सञ्चालित तालिम र कक्षाकोठामा त्यसको उपयोगको अवस्थासम्बन्धी लेखाजोखा<br>• तालिमको नतिजाका लागि शैताकेको जवाफदेहिता प्रक्रिया<br>• अपेक्षित सुधारका लागि कार्यविधि निर्धारण<br>(ख) यसरी तयार गरिएको <u>समष्टिगत प्रतिवेदन</u>का आधारमा आफ्नो क्षेत्रीय सेवा क्षेत्र भित्र कार्यरत क्षेत्रीय शिक्षा निर्देशकहरू, जिल्ला शिक्षा अधिकारीहरू, शिक्षकका पेसागत सङ्घ⁄सङ्गठनका प्रतिनिधिहरू, स्थानीय शिक्षा सम्बन्धी काम गर्ने समूह⁄सङ्गठनका प्रतिनिधिहरू, शैताके टीम, अगुवा⁄स्रोतकेन्द्रका प्रतिनिधि तथा सिएफ्ओ प्रतिनिधिहरू सहभागी रहने <u>क्षेत्रीय तालिम नतिजा समीक्षा गोष्ठी</u> सम्बन्धित क्षेशिनिको संयोजनमा सञ्चालन व्यवस्था मिलाउने । | • समष्टिगत क्षेत्रीय प्रगति प्रतिवेदन प्रवोधिकरण एवम् समीक्षाका लागि उपलब्ध हुने ।<br>• सुधारका लागि साझा सम्झदारी सहितको ठोस कार्यसूची तयार हुने । |
| **५.४.१० सेवाक्षेत्र भित्रका अन्य शैताकेहरू⁄अगुवास्रोतकेन्द्र सम्मिलित वार्षिक कार्ययोजना तयारी गोष्ठी सञ्चालन तथा क्षेत्रीय टिपिडी योजना अध्यावधिक कार्य सञ्चालन र सेवा प्रवाह सुधार योजना**<br>(क) स्वीकृत वार्षिक कार्यक्रमका आधारमा आफ्नो सेवाक्षेत्र भित्रका शैताकेहरू⁄अगुवा स्रोतकेन्द्र⁄जिशिकाका प्रतिनिधिहरू सम्मिलित गराई कार्यशालाका माध्यमबाट शैताकेगत वार्षिक कार्यक्रमको <u>क्षेत्रीय कार्यान्वयन योजना तर्जुमा</u> गर्ने ।<br>(ख) गत आव मा तयार गरिएको <u>क्षेत्रीय टिपिडी योजना दस्तावेज</u> लाई देहाय अनुसारको खाका अनुसार चुस्त⁄दुरूस्त गरी चालु आवको तथ्याङ्कसहित अद्यावधिक गर्ने ।<br>• सन्दर्भ तथा पृष्ठभूमि<br>• योजनाको उद्देश्य र निर्माण प्रकिया (status) | • प्रत्येक जिल्ला⁄शैताकेको वार्षिक कार्यक्रम कार्यान्वयन योजना प्रयोगका लागि उपलब्ध हुने ।<br>• ९ ओटा क्षेत्रीय टिपिडी योजना अध्यावधिक भै प्रयोगका लागि उपलब्ध हुने । |

| मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन विधि | अनुगमन/परिणाम सूचक |
|---|---|
| • वर्तमान अवस्था विश्लेषण (टिपिडी लगायत सबै प्रकारका शिक्षक विकास कार्यक्रमको अवस्था)<br>• लक्ष्य निर्धारण (५ वर्षे अवधिका लागि हवगत रूपमा आधारभूत र माध्यमिक तहका लागि)<br>• कार्यक्रम विवरण तथा कार्यान्वयन प्रबन्ध (योजना, जिल्लामा रहेको तालिम समन्वय समितिको सक्रियता, सहजीकरण, प्राविधिक अडिट र स्थलगत प्राविधिक सहायता, सहकार्य आदि व्यबस्था)<br>• बजेट व्यबस्था तथा खर्च प्रक्रिया<br>• अनुसूची | |
| **५.४.११ कार्यक्रम ब्यवस्थापन खर्च**<br>कार्यक्रम व्यवस्थापनको सन्दर्भमा तालिम केन्द्रले कार्य योजना वनाई आवश्यकता अनुसार खर्च गर्ने । | • कार्यक्रम सञ्चालनमा सहजीकरण भएको हुने |
| ५.४.१२ **शैक्षिक तालिम केन्द्र क मार्फत सेवा प्रवाहमा प्रभावकारिता सम्वन्धी अभिमुखीकरण सम्वन्धी कार्यशाला ५ दिने**<br>क) शैजविकेले गतवर्ष निर्माण गरेको सेवा प्रवाह सुधार योजना निर्माण र कार्यान्वयन प्रक्रियाको सम्बन्धमा शैताकेहरूमा अभिमुखीकरण गर्ने र शैक्षिक तालिम केन्द्रहरूले पनि सेवा प्रवाह सुधार योजना निर्माण गर्ने । | |

## अनुसूची २ : प्रभावकारी टिपिडी मोड्युल संचालनका लागि समग्र मार्गनिर्देशन

१. शैक्षिक तालिम केन्द्रहरूद्वारा अगुवा/स्रोतकेन्द्रहरूलाई स्थलगत क्षमता विकास स्किमका रुपमा स्वीकृत बजेटको उच्चतम् सदुपयोग गरी सबै शैक्षिक तालिम केन्द्रहरूले स्थलगत प्राविधिक सहायता तथा सामग्री सहायता सञ्चालन गर्न देहायअनुसारको कार्य सम्पादन गर्ने ।

(क) तोकिएको सेवा क्षेत्रका जिल्लाहरूमा रहेका सबै अगुवा/स्रोतकेन्द्रहरूलाई आफ्नो वास्तविक कार्यक्षेत्रको रुपमा आत्मासात् गर्ने ।

(ख) त्यस कार्यक्षेत्र मध्ये प्राथमिकताका आधारमा लक्षित अगुवा/स्रोतकेन्द्रका लागि वार्षिक प्राविधिक सहायता कार्ययोजना तर्जुमा गर्ने ।

(ग) मुलत: प्रअ अभिमुखीकरण, टिपिडी आवश्यकता प्रशोधन, मोड्युल सामग्री विकास, मोड्युल सञ्चालन, अन्तरविद्यालय भ्रमण, टिआइपी उपलब्धी लेखाजोखा जस्ता मुख्य कार्य खण्डहरूमा सहायता उपलब्ध गराउने ।

(घ) प्रअ अभिमुखीकरण, स्वाध्ययन खण्डका लागि परियोजना कार्य निर्माण, शैक्षणिक परामर्स खण्डमा परियोजना कार्य सम्पादन मूल्याङ्कन जस्ता कार्य घटनाहरूका लागि विस्तृत गाईडलाइन विकास गरी वितरण व्यवस्था मिलाउनु पर्ने ।

(ङ) प्रत्येक वर्षको प्रारम्भमा अघिल्लो वर्ष प्रयोगमा ल्याइएका मोड्युल सामग्रीहरू लाई पुरस्कृत गरी आधारभूत र माध्यमिक दुवै तहका लागि प्रयोगसिद्ध नमूना टिपिडी मोड्युल सामग्रीहरू र अन्य सान्दर्भिक प्रकाशनहरू जस्तै न्यूजलेटर, कार्यमुलक अनुसन्धान/मामला अध्ययन प्रतिवेदनहरू सबै अगुवा/स्रोतकेन्द्रहरूमा अनिवार्य रुपमा वितरण व्यवस्था मिलाउने ।

(च) आफ्नो कार्यक्षेत्रका अगुवा/स्रोतकेन्द्रहरूले प्रयोग गरेका उत्कृष्ठ मोड्युल सामग्रीहरू छनोट गरी तिनलाई परिमार्जन सहित उत्कृष्ट मोड्युल सामग्री संग्रह तयार गरी कार्यक्षेत्र वितरण व्यवस्था मिलाउने ।

२. शैक्षिक तालिम केन्द्र(शैताके)हरूद्वारा आफ्नो सेवा क्षेत्रभित्र रहेका जिल्ला शिक्षा कार्यालय (जिशिका) हरूलाई देहायका कार्यकालागि प्राविधिक सहजीकरण उपलब्ध गराउन सबै शैताकेहरूले उच्च जिम्मेवारीका साथ कार्य सम्पादन गर्नुपर्ने ।

(क) मुलत: अगुवा/स्रोतकेन्द्रहरूबाट निर्मित मोड्युल सामग्री स्वीकृति एवम् अनुमोदन र स्रोतकेन्द्रगत वार्षिक टिपिडी कोटा तथा बजेट सहितको कार्ययोजना जारी गर्ने जस्ता कार्यहरूका लागि तालिम समन्वय समितिको क्रियाशीलता ।

(ख) सिअफओहरूबाट टिपिडी मोड्युल सञ्चालनका सम्पूर्ण प्रकृयाको प्राविधिक सहायता सञ्चालन

(ग) जिल्ला शिक्षा अधिकारीबाट अनुगमन सहायता सञ्चालन ।

(घ) अगुवा/स्रोतकेन्द्रहरूमा ६।६ जनाका दरले विषयगत रोस्टर प्रशिक्षकको क्रियाशिलता सुनिश्चित गर्नुका साथै आवश्यकताअनुसार वैकल्पिक रोस्टर प्रशिक्षक छनोट एवम् परिचालन ।

३. सबै शैताकेहरूबाट सम्पूर्ण भौतिक सुविधा/प्रशासनिक सेवाको सुदृढीकरण (कार्यालय भवन, उपकरण, फर्निचर र पुस्तकालय) गर्न कम्तिमा तीन वर्षे योजना तयार गरी त्यसका आधारमा वार्षिक रुपमा स्वीकृत बजेट परिचालन गर्ने र त्यसको उपलब्धिका आधारमा योजना अद्यावधिक गर्ने निरन्तर अभ्यास स्थापना गर्नुपर्ने ।

४. शिक्षक नेताहरूका लागि नेतृत्व विकास तालिममा सहभागी छनोट गर्ने प्रयोजनका लागि तालिम केन्द्र अवस्थित जिल्लामा क्रियाशील आधिकारिक पेसागत संस्थाका प्रतिनिधिहरूसँगको बैठकबाट मापदण्ड तयार गर्न लगाउने र त्यसैका आधारमा आफ्नो क्षेत्रीय सेवाक्षेत्रका सबै जिल्लाहरूबाट जिल्ला शिक्षा कार्यालयसँग सहकार्य गरी सहभागी छनोट गर्ने ।

५. शैक्षिक जनशक्ति विकास केन्द्र (शैजविके) बाट जारी गर्नुपर्ने तालिम कोर्स, तालिम सामग्रीहरू, निर्देशन लगायतका गाईडलाइनहरू यथा समयमा नै सबै तालिम निकायहरूमा पुग्ने गरी पठाउने र सुधार कार्य अगाडी बढाइएकोले त्यसैअनुसार तोकिएको कार्य सञ्चालन गर्ने ।

६. <u>शिक्षकको पेशागत विकास (टिपिडी) कार्यक्रम कार्यान्वयन पुस्तका २०६६</u> बाट निर्दिष्ट प्राविधिक कार्यविधि भन्दा अन्यथा हुने गरी सञ्चालन गरेको पाइएमा वा तीनओटै खण्डहरू मध्ये कुनै एक खण्ड पुरा नगरी मोड्युल सम्पन्न प्रमाणपत्र वितरण गरेको पाइएमा त्यस्ता प्रमाणपत्रहरू खारेज गर्ने गरी शैक्षिक जनशक्ति विकास केन्द्रबाट <u>विशेष अनुगमन संयन्त्र</u> परिचालन गरिने भएकाले त्यस कार्यलाई सहायता प्रदान गर्ने ।

७. मोड्युल सञ्चालनका लागि समय सान्दर्भिक खर्च गर्ने आधार (नर्म्स) र बजेटको प्रबन्ध भएकोले सोहीअनुसार कार्यान्वयन व्यवस्था गर्ने ।

८. टिपिडी <u>मोड्युल प्रमाणपत्र</u> को आकार र प्रिन्ट गुणस्तरमा सुधार गरी सबै तालिम निकायका लागि शैक्षिक जनशक्ति विकास केन्द्रबाट छपाई गरी वितरण व्यवस्था मिलाइएकाले आफ्नो सेवाक्षेत्र भित्र सोहीअनुसार हुने गरी सुनिश्चित गर्ने ।

९. चालु वर्षको कार्यक्रम र अख्तियारीका विषयमा देहाय वमोजिम गर्ने

(क) कार्यक्रम र अख्तियारी एक तिहाई मात्र प्राप्त भएको अवस्थामा प्रथम चौमासिकका कार्यक्रमहरू सञ्चालन गर्ने र सम्वन्धित सवै शैताके र अगुवा स्रोतकेन्द्रहरूले द्धितीय चौमासिकको प्रस्तावित कार्यक्रम अनुसार सम्पूर्ण तयारी गरि वस्ने ।

(ख) स्वीकृत हरेक कार्यक्रमको कार्यान्वयन योजना (Action plan) वनाएर मात्र कार्यान्वयनमा ल्याउने ।

(ग) स्वीकृत कार्यक्रमको अनुगमन र खरीद योजना अनिवार्य रुपमा वनाउने । अनुगमन योजना विना अनुगमन र पेशागत सहयोगका कार्यहरूमा खर्च नलेख्ने । शैक्षणिक परामर्शको योजना नवनाईकन खर्च नगर्ने । कार्यक्रम कार्यान्वयन योजना, खरीद योजना र अनुगमन योजनाको एक प्रति अनिवार्य रुपमा कार्यक्रम तथा अनुगमन शाखामा पठाउने ।

१०. शिक्षक तालिम सम्वन्धि शैताकेले तयार पारेको क्षेत्रीय योजना (Zonal Plan ) अध्यावधिक गर्न बाँकी भए तत्काल सो काम सक्ने । योजना अध्यावधिक गर्दा कार्यरत शिक्षकलाई आधार मान्ने । गत तीन आर्थिक वर्षसम्म जिल्लामा पठाइएका कोटाका आधारमा कुल कार्यरत शिक्षकहरूले ५ वर्ष भित्र तीनै मोडुलको तालिम पाउने हिसावले बाँकी रहेका शिक्षक मोडुलमध्ये आधाले तालिम पाउने गरी चालु वर्षको तालिमकोटा जिल्लागत वाँडफाँड गरिएको छ । यसवाट तालिमको कोटामा गत आर्थिक वर्षको तुलनामा उल्लेख्य रुपमा बृद्धिभएको अवस्था छ भन्ने कुरालाई योजना अध्यावधिक गर्दा ध्यान दिने । जिल्लामा तीनै मोडुल तालिम पाउन बाँकी रहेका शिक्षकको सङ्ख्याको आधारमा तोकिएको ५ वर्षभित्र सवै शिक्षकले तालिम पाउन आगामी वर्षका लागि कति कोटा चाहिने हो सो समेतको हिसाव गरी अर्को वर्षसम्म सवै शिक्षकले तालिम पाउने गरी तालिम सञ्चालनको प्रवन्ध मिलाउने कुरालाई योजना अध्यावधिक गर्दा प्राथमिकता दिने ।

११. कोटा खपत गर्ने प्रयोजनकै लागि तीन मोडुल पाइसकेका शिक्षकलाई थप तालिममा नपठाउने र सहभागि नगराउने । कतिपय जिल्लाहरूले टिपिडि तालिम र मातृभाषमा शिक्षक तालिमलाई अलग अलग रुपमा लिइ एउटै शिक्षकलाई दोहोरो पर्ने गरी तालिममा पठाउने गरेको पनि देखियो । आधारभुत र माध्यमिक तहमा दिइएको टिपिडि तालिमको अलावा मातृभाषा वा वहुभाषिक शैक्षिक तालिम जस्ता टिपिडि खाकामा मिल्नेगरी दिइएका अन्य तालिमहरूलाई पनि मोडुलकै रुपमा गणना गर्ने र यसो गर्दा तीन मोडुल लिइसेकेका शिक्षकहरूलाई तालिममा नपठाउने व्यवस्था गर्न जिल्लाहरूसँग समन्वय गर्ने ।

१२. जिल्लास्तरमा गठन हुने तालिम समन्वय समितिले स्थानीय तहमा तयार भएका तालिम कोर्ष स्वीकृत गरेपछिमात्र कार्यान्वयनमा लैजाने व्यवस्था निर्देशिकाले गरेको हुनाले सो व्यवस्थालाई कडाइका साथ पालना गर्ने ।

१३. आधारभुत तहमा निमावि (कक्षा ६-८) का शिक्षकका लागि दिइने तालिम प्रभावकारी भएन । स्रोतव्यक्तिले त्यसमा पर्याप्त ध्यान दिएनन् भन्ने विद्यालय क्षेत्र सुधार योजनाको मध्यावधि मूल्याङ्कनमा देखिएको छ । तालिम अवलोकनका क्रममा शिक्षकहरूवाट पनि केन्द्रमा नै उक्त तालिम सञ्चालन हुँदा प्रभावकारी देखने राय प्राप्त भएकोले जिल्ला शिक्षा कार्यलयमा अख्तियारी गएपनि आवश्यकताको पहिचान पछि यस तहमा कार्यरत शिक्षकका लागि फेस टु फेस तालिम शैक्षिक तालिम केन्द्र ख, र शैक्षिक तालिम उपकेन्द्रमा चलाउने प्रवन्ध मिलाउनु पर्ने देखिन्छ । ति

केन्द्रहरूले कार्य व्यस्तातका कारण नभ्याउने अवस्था आएमा समन्वय समितिमा निर्णय गराई उपयुक्त हुने राम्रा स्रोतकेन्द्रहरूमा मात्र चलाउने प्रवन्ध मिलाउने ।

१४. तालिम आवश्यकता सङ्कलन का सन्दर्भमा प्रणालीगत आवश्यकताहरू जस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन, कार्य अनुसन्धान, स्थानीय पाठ्यक्रम निर्माण जस्ता विषयमा शिक्षकहरूले तालिम माग नगरेकोले आवश्यकता सङ्कलन प्रभावकारी भएन भन्ने कुरा उठेको छ । साथै फेस टु फेसको तालिमको तुलनामा दोस्रो र तेस्रो चरणका क्रमश: सवअध्ययन अभ्यास र शैक्षणिक परामर्शका कार्यहरू अपेक्षित रुपमा प्रभावकारी हुन नसकेको भन्ने पृष्ठपोषण प्राप्त भएको सन्दर्भ पनि छ । यस्ता विषयहरूमा जिल्लाहरूको वस्तु स्थिति वुझि पृष्ठपोषण प्रदान गर्ने र जिल्लातहमा अपनाउन सकिने प्रवर्तनात्मक उपायहरूका वारेमा पनि ध्यान दिने ।

१५. शैक्षिक तालिम उपकेन्द्रमा पनि कार्यक्रम सञ्चालन गर्ने र सो केन्द्रमा रहेका संयोजकको क्षमतालाई पनि पूर्ण रुपमा उपयोग गरिनु पर्ने भएकोले सो विषयमा स्थानीय तहमा गर्न सकिने कुराहरूमा शैताके (क) ले विशेष ध्यान दिने ।

१६. गैर वजेटरी कार्यका रुपमा पनि तालिम कोर्ष प्याकेजको विश्लेषण गर्ने परिपाटी हुनु पर्ने आवश्यकता देखिएको छ । प्रत्येक प्रशिक्षकले कम्तिमा महिनामा एउटा स्थानीय तहमा वनेका कुनै एक तालिम प्याकेजको विश्लेषण गरी एक छोटो सारांश शैजविकेमा पठाउने । साथै स्रोतव्यक्ति र रोष्टर प्रशिक्षकहरूलाई समेत यस्ता कार्यका लागि उत्प्रेरित गर्ने । तालिम केन्द्रबाट विकसित तालिम सामग्रीको प्रशिक्षकबाट स्वमूल्याङ्कन गर्ने, समस्या केलाउने, सुधारका क्षेत्रहरूको पहिचान गर्ने कार्यलाई संस्थागत गर्न आवश्यक कार्य गर्ने ।

१७. शैजविकेले तयार गरेका सवै नमूना तालिम सामग्रीहरू केन्द्रको वेभ साइटमा उपलव्ध गराइने छ । शैताके र अगुवा स्रोतकेन्द्रले आधारभुत र माध्यमिक तहको जिल्लमा तयार भएका सामग्रीहरूको सूची सहित त्यहाँको मूल्याङ्कनमा उत्कृष्ट देखिएको कुनै एक मोडुल कार्यक्रम तथा अनुगमन शाखामा पठाउने । साथै त्यहाँ वाट सङ्कलन योग्य ठानिएका सामग्रीहरू पुस्तकालय प्रयोजनका लागि भनि उल्लेख गरी दुई प्रतिका दरले शैजविके स्रोत सामग्री व्यवस्थापन शाखामा पठाउने ।

१८. शैजविकेबाट विकसित गुणस्तर मापदण्ड (Quality Assurance Scheme) ले तय गरेको प्रकाशन तथा सम्पादन शैली अवलम्बन गरी तालिम सामग्री विकास तथा छपाइ गर्ने ।

## अनुसूची ३ : आ.ब. २०६९/०७० को शिक्षक तालिमको प्रस्तावित लक्ष्य

१. आधारभुत तह र माध्यमिक तहको तालिमको जिल्लागत लक्ष्य

| क्र.सं | जिल्ला | स्रोतकेन्द्रबाट आधारभूत तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन | शैताके/अगुवा स्रोतकेन्द्रबाट माध्यमिक तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन |
|---|---|---|---|
| १ | ताप्लेजुङ | १,०८७ | १५२ |
| २ | पाँचथर | १,०६० | २०० |
| ३ | इलाम | १,५९२ | २३५ |
| ४ | झापा | २,५८१ | ४१२ |
| ५ | संखुवासभा | १,१०२ | १७३ |
| ६ | तेह्रथुम | ८३० | १५८ |
| ७ | भोजपुर | १,१३० | १८८ |
| ८ | धनकुटा | १,०४० | १९३ |
| ९ | सुनसरी | १,९३३ | ३५४ |
| १० | मोरङ | ३,०९७ | ५२० |
| ११ | सोलुखुम्बु | ८३२ | १५७ |
| १२ | खोटाङ | १,४६३ | २६२ |
| १३ | उदयपुर | १,५१७ | २४८ |
| १४ | ओखलढुङ्गा | १,०२० | १५८ |
| १५ | सप्तरी | २,१२५ | ३१० |
| १६ | सिरहा | १,७५५ | २६२ |
| १७ | धनुषा | १,९२४ | ३२४ |
| १८ | महोत्तरी | १,४५९ | २६१ |
| १९ | सर्लाही | १,८९२ | २३४ |
| २० | सिन्धुली | १,४८२ | २११ |
| २१ | रामेछाप | १,११४ | १७५ |
| २२ | दोलखा | १,०७४ | २०६ |
| २३ | सिन्धुपालञ्चोक | १,६७७ | ३३९ |
| २४ | रसुवा | ३३३ | ४८ |
| २५ | धादिङ | १,४८० | २२७ |
| २६ | नुवाकोट | १,३४५ | २४५ |
| २७ | काठमाण्डौं | २,५९६ | ७५२ |
| २८ | ललितपुर | १,२९४ | २९४ |
| २९ | भक्तपुर | ९६७ | १३९ |
| ३० | काभ्रेपलान्चोक | १,९९३ | ४१६ |
| ३१ | मकवानपुर | १,९४१ | २६१ |

| क.सं | जिल्ला | स्रोतकेन्द्रबाट आधारभूत तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन | शैताके/अगुवा स्रोतकेन्द्रबाट माध्यमिक तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन |
|---|---|---|---|
| ३२ | रौतहट | १,७६९ | २१५ |
| ३३ | वारा | १,६६१ | २२० |
| ३४ | पर्सा | १,५७० | २१५ |
| ३५ | चितवन | २,०१६ | ३७४ |
| ३६ | नवलपरासी | २,०९७ | ३५५ |
| ३७ | रुपन्देही | १,९०२ | ३७६ |
| ३८ | कपिलवस्तु | २,०१२ | २०४ |
| ३९ | अर्घाखाची | १,३९९ | २५८ |
| ४० | पाल्पा | १,५८९ | ३७३ |
| ४१ | गुल्मी | १,५४६ | ३५१ |
| ४२ | स्याङ्जा | १,८८९ | ३८० |
| ४३ | तनहूँ | २,२१८ | ३७५ |
| ४४ | गोरखा | १,७२१ | २७९ |
| ४५ | मनाङ | १३८ | ८ |
| ४६ | लमजुङ | १,२९४ | २६८ |
| ४७ | कास्की | १,७०९ | ४५१ |
| ४८ | पर्वत | १,३३३ | २७१ |
| ४९ | वागलुङ | १,६१६ | ३२४ |
| ५० | म्याग्दी | ८८८ | १४६ |
| ५१ | मुस्ताङ | २१६ | ३० |
| ५२ | मुगु | ३२२ | ४७ |
| ५३ | डोल्पा | ३९६ | ४१ |
| ५४ | हुम्ला | ३४५ | ३० |
| ५५ | जुम्ला | ४२४ | ११२ |
| ५६ | कालिकोट | ५१६ | ९४ |
| ५७ | रुकुम | १,१७४ | १७३ |
| ५८ | रोल्पा | ७७६ | ९८ |
| ५९ | प्यूठान | ९६४ | १२८ |
| ६० | दाङ | १,५८६ | २२३ |
| ६१ | सल्यान | १,२२६ | १४१ |
| ६२ | वाँके | १,२४३ | १६७ |
| ६३ | बर्दिया | १,३२२ | २०४ |
| ६४ | सुर्खेत | १,६८० | २५१ |
| ६५ | जाजरकोट | ९२८ | ११० |

| क्र.सं | जिल्ला | स्रोतकेन्द्रबाट आधारभूत तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन | शैताके/अगुवा स्रोतकेन्द्रबाट माध्यमिक तहको शिक्षकको पेसागत विकास मोड्युल (१० दिने) सञ्चालन |
|---|---|---|---|
| ६६ | **दैलेख** | १,४३४ | २१२ |
| ६७ | **कैलाली** | १,९६७ | ३६० |
| ६८ | **डोटी** | ९४१ | १३२ |
| ६९ | **अछाम** | १,०१० | २१६ |
| ७० | **बाजुरा** | ६११ | १०० |
| ७१ | **बभ्काङ** | १,०९५ | २०२ |
| ७२ | **दार्चुला** | ८५६ | १२१ |
| ७३ | **बैतडी** | १,१७९ | २५२ |
| ७४ | **डडेलधुरा** | ७२९ | ११७ |
| ७५ | **कञ्चनपुर** | १,२९० | २५२ |
| | **जम्मा** | १०१३११ | १७३५६ |

२. **अन्य प्रकारका शिक्षक तथा प्रधानाध्यापक तालिम कार्यक्रमको लक्ष्य**

(क) आधारभूत तहमा बहुभाषिक विद्यार्थीहरू अध्ययन गर्ने कक्षामा शिक्षण गर्ने र विषयका रुपमा विभिन्न मातृभाषा शिक्षण गर्ने शिक्षकहरूका लागि टिपिडीको आवश्यकता पुरा गर्ने गरी १० दिने पेसागत क्षमता विकास तालिम सञ्चालनगर्नका लागि जिल्लाले आवश्यक पर्ने कोटा तय गरी माग भएपछि सोही आधारमा तालिम कोटा पठाइने छ ।

(ख) आधारभूत तहमा अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्ने शिक्षकका लागि १० दिने तालिम सञ्चालन (शैताके/अगुवा स्रोतकेन्द्र बाट) प्रत्येक जिल्लामा २५ जनाका लागि परक्षिणको रुपमा दिइने लक्ष्य राखिएको छ ।

(ग) उच्चमाध्यमिक तहका कक्षा ११-१२ शिक्षकहरूका लागि (१० दिने) तालिम सञ्चालन परीक्षणका रुपमा प्रत्येक शैताके (क) मा सेवा क्षेत्र भित्रका जिल्लालाई समेटी शैताकेले माग गरे बमोजिम कक्षा ११ र १२ मा अङ्ग्रेजी वा नेपाली अध्यापन गराईरहेका शिक्षकहरूमध्ये कुनै एक विषयमा २५ जनाको दरले दिने लक्ष्य रहेको छ ।

(घ) शारिरिक शिक्षा तथा सिर्जनात्मक कला पुर्नताजगी तालिम सञ्चालन प्रत्येक शैताकेको सेवा क्षेत्र भित्रका २५ जना शिक्षकका दरले कुल ७२५ जनालाई दिने लक्ष्य रहेको छ ।

(ङ) साविकको प्रअहरूका लागि ३० दिने नेतृत्व क्षमता विकास तालिम सवै जिल्लाका २५ जना प्रधानाध्यापकलाई दिइने लक्ष्य रहेको छ । यो तालिम शैक्षिक तालिम केन्द्रमा मात्र सञ्चालन हुने प्रवन्ध मिलाइने छ ।

च) उच्च माध्यमिक तह कक्षा ११ र १२ का प्रधानाध्यापकका लागि क्षमता विकास तालिम सञ्चालन परीक्षणका रुपमा प्रत्येक शैताके (क) मा सेवा क्षेत्र भित्रका जिल्लालाई समेटी २० जनाको दरले दिने लक्ष्य रहेको छ

## अनुसूची ४ : शिक्षक तालिम कार्यक्रमहरूको सन्दर्भ, मुख्य उद्धेश्य र विषयवस्तु

विद्यालय क्षेत्रसुधार कार्यक्रमले शिक्षकको पेसागत विकास लागि नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ जसअनुसार सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूले सेवाकालीन रूपमा सञ्चालन हुने एक महिनासम्मको पेसागत विकास गतिविधिमा पहुँच हासिल गर्न पाउने र त्यसको उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गर्ने व्यवस्था छ । शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकासका लागि एक पटकमा १० दिन अवधिको शिक्षक पेसागत विकास मोड्युल सञ्चालन गरी आगामी ५ वर्ष भित्र १ महिना बराबरको शिक्षक पेसागत विकास कार्यक्रममा पहुँच सुनिश्चित गर्न निम्नअनुसारको ढाँचा कार्यान्वयनमा ल्याएको छ ।

(क) भाग-१ : तालिम-कार्यशाला (Training-workshop)

(ख) भाग-२ : स्वाध्ययन अभ्यास (Self-study exercise)

(ग) भाग-३ : शैक्षणिक परामर्श (Instructional Counselling)

अवउप्रान्त शिक्षकका पेसागत आवश्यकताको सम्बोधनका लागि सञ्चालन हुने सबै तालिम कार्यक्रमहरू यसै ढाँचाका आधारमा विकास गरी सञ्चालन गरिने छ । तर बहुकक्षा, बहुभाषिक र विशेष शिक्षा अध्यापन गर्ने शिक्षकहरूको तालिम भने सो भन्दा फरक ढाँचामा दिन सकिने व्यवस्था गरिएको छ । ती शिक्षकहरूको समाहित शिक्षण समूह (Inclusive teaching cadre) तयार हुने भएकोले त्यस्ता शिक्षकहरूले सम्बन्धित क्षेत्रको तालिम प्राप्त गर्ने र उनीहरूले अन्य शिक्षकहरूले लिने टिपिडी तालिम लिनु नपर्ने व्यवस्था गरिएको छ । समयको हिसाबले भने ती विशेष तालिमहरू दश/दस दिनको तीन मोड्युल गरी एक महिना अवधिको नै हुने छ । विशेष शिक्षक तालिमको हकमा पनि एक महिनाको तालिम लिइसकेका शिक्षकहरूले पुनर्ताजगी तालिम दस/दस दिने मोड्युलका हिसाबले तीन मोड्युल लिनु पर्ने व्यवस्था गरिएको छ । शैक्षिक जनशक्ति विकास केन्द्रले खास शिक्षकहरूको खास आवश्यकतालाई सम्बोधन गर्ने गरी तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । ती तालिमहरूको सन्दर्भ, मुख्य उद्देश्य र विषयवस्तुहरू यस प्रकार छन् ।

### १. परम्परागत (गुम्वा, मदरसा, गुरुकुल) विद्यालयहरूमा अध्यापनरत शिक्षकहरूको तालिम

**सन्दर्भ**

नेपाल सरकारको परम्परागत विद्यालयहरू (गुम्बा, गुरुकुल र मदरसा) लाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले गुम्बा, गुरुकुल र मदरसाको प्राथमिक तहको पाठ्यक्रम निर्माण गरी लागु गरिसकेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रबाट गुम्वा र गुरुकुलमा अध्यापनरत शिक्षकहरूका लागि उक्त पाठ्यक्रमका आधारमा तालिमको खाका तयार गरिएको छ । गुम्बामा अध्यापनरत शिक्षकहरूका लागि तयार गरिएको तालिमको मोड्युलको खाका यस प्रकार छन् ।

*पहिलो मोड्युल - १० दिन : जेनेरिक ज्ञान र सीप*
*दोस्रो मोड्युल - १० दिन : विषयगत ज्ञान र सीपमा जोड*
*तेस्रो मोड्युल - १० दिन : विषयगत ज्ञान र सीपको प्रयोगमा जोड*

हरेक मोड्युलमा तीन समूह हुने छन् :

(क) सामाजिक अध्ययन, सिर्जनात्मक कला र भोट भाषा समूह

(ख) गणित र विज्ञान समूह

(ग) नेपाली भाषा र अङ्ग्रजी भाषा समूह

मुख्य उद्देश्य र विषयवस्तु

पहिलो मोड्युल तालिम कोर्सको रूपरेखा (सबै समूह)

| क्र.सं | मुख्य उद्देश्य | विषयवस्तु | सत्र |
|---|---|---|---|
| १ | गोन्पाको आदर्श, मूल्य मान्यता र दर्शन, गोन्पा (गुम्बा) शिक्षाको भूमिका पहिचान गर्न | गोन्पा (गुम्बा) का आदर्शहरू, आध्यात्मिक मूल्यमान्यताहरू, गोन्पा<br>शिक्षाको दर्शन, गोन्पा शिक्षाको भूमिका, पञ्चशीलमा आधारित बालविकास, धार्मिक तथा पारिवारिक जीवन सुधार, चार ब्रम्हविहारसँग सम्बन्धित समुदाय विकास, राष्ट्र विकास | ३ |
| २ | गोन्पा शिक्षकको भूमिका पहिचान गर्न | गोन्पा शिक्षकको भूमिका, वालविकास र सिकाइमा सहजीकरण, बालमैत्री वातावरण विकास, बौध्द शिक्षामा सहभागिता वृध्दि, अभिभावक, समुदायसँग गोन्पाको सम्बन्ध विकास, गुरु शिष्यको सम्बन्ध, शिक्षकका गुणहरू | ३ |
| ३ | गोन्पा शिक्षाको प्राथमिक तहको पाठ्यक्रमसँग परिचित हुन | पाठ्यक्रम परिचय, प्राथमिक तहको पाठ्यक्रम, गोन्पा शिक्षाको पाठ्यक्रम, स्थानीय पाठ्यक्रम | ६ |
| ३ | योजना निर्माण गर्न | बार्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना | ३ |
| ४ | शिक्षण सामग्री निर्माण गर्न | गोन्पा शिक्षण सामग्रीको महत्व, बौध्द धर्मसँग सम्बन्धित शिक्षण सामग्रीको छनोट, सङ्कलन, खरीद, कम मूल्यका शिक्षण सामग्री निर्माण (थान्का आदिको चित्र लेखनसमेत), शिक्षण सामग्रीको प्रयोग, शिक्षण सामग्रीको व्यवस्थापन | ३ |
| ५ | सक्रिय सिकाइका रणनीतिहरू प्रयोग गरी कक्षा शिक्षण गर्न | विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू, सक्रिय सिकाइका तरिकाहरू, सिकाइ सहजीकरण | ४ |
| ६ | विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन गर्न | मूल्याङ्कनको अवधारणा, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन, निरन्तर मूल्याङ्कन, पोर्टफोलियो, मूल्याङ्कनका साधन निर्माण, उत्तर पुस्तिका परीक्षण | ४ |
| ७ | कक्षाकोठा व्यवस्थापन गर्न | कक्षाकोठा व्यवस्थापनको अवधारणा, बौध्द धर्म संस्कृति झल्किने कक्षाकोठाको व्यवस्था, कक्षाकोठा व्यवस्थापनका पक्षहरू, विविधता व्यवस्थापन, बालमैत्री सिकाइ वातावरण, सजायरहित शिक्षण | २ |
| ८ | सिकाइ सिध्दान्तसँग परिचित हुन | व्यवहारात्मक, संज्ञानात्मक र निर्माणात्मक सिकाइ सिध्दान्त, बहुबौध्दिकता, सिकाइ शैली, सहयोगात्मक सिकाइ | २ |
| | | जम्मा | ३० |

दोस्रो मोड्युल (सामाजिक अध्ययन, सिर्जनात्मक कला र भोट भाषा समूह)

| क्र.स. | विषय | दिन |
|---|---|---|
| १ | सामाजिक अध्ययन शिक्षण | ३ |
| २ | सिर्जनात्मक कला | २ |
| ३ | भोट भाषा शिक्षण | ४ |
| ४ | शुक्ष्म शिक्षण | १ |
| | जम्मा | १० |

तेस्रो मोड्युल (सामाजिक शिक्षा, सिर्जनात्मक कला र भोट भाषा समूह)

| क्र.स. | विषय | दिन |
|---|---|---|
| १ | सामाजिक अध्ययन शिक्षण | २ |
| २ | सिर्जनात्मक कला | १ |
| ३ | भोट भाषा शिक्षण | ३ |
| ४ | अभ्यास शिक्षण | ४ |
| | जम्मा | १० |

२. **बहुभाषिक विद्यालयका शिक्षकहरूको तालिम**

**सन्दर्भ**

बालबालिका विद्यालय एवम् बालविकास केन्द्रमा प्रवेश गर्ने उमेर सानो हुन्छ । सानो उमेरका बालबालिकाले विद्यालयमा आउनासाथ घरको जस्तै वातावरणको अपेक्षा गरेका हुन्छन् । उनीहरूलाई घरमा नसुनेको भाषा प्रयोग गर्दा स्वाभाविक रूपमा सञ्चार अवरुद्ध हुन्छ । नेपाल एक बहुभाषिक देश हो ।

मातृभाषामा शिक्षासम्बन्धी विभिन्न वैधानिक प्रावधानहरू छन् । जस्तै : नेपालको अन्तरिम संविधान-२०६३, शिक्षा ऐन-२०२८, स्थानीय स्वायत्त शासन ऐन-२०५५ र निमयावली-२०५६ । राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०६३, सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१-२०१५), तीन वर्षीय अन्तरिम योजना र विद्यालय क्षेत्र सुधार योजना-२०६६ मा मातृभाषामा शिक्षासम्बन्धी कुराहरू उल्लेख गरिएको छ । त्यसैगरी आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र (२००७), अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि सङ्ख्या १६९, बाल अधिकारसम्बन्धी अनुबन्ध (१९८९), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, अल्पसङ्ख्यकहरूको अधिकारसम्बन्धी घोषणापत्र, मानव अधिकारको अन्तर्राष्ट्रिय घोषणापत्र (सन् १९४८) मा पनि भाषासम्बन्धी अधिकारहरूका बारेमा उल्लेख गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न २० भाषाका (मैथिली, भोजपुरी, अवधि, नेवारी, लिम्बु, तामाङ, थारू मगर, बान्तवा राई, गुरुङ, शेर्पा, चामलिङ राई, सुनुवार, राजवंशी, याक्खा, धिमाल, मगर

अठार, मुगाली, तामाङ् सम्भोटा) विषयगत रूपमा पाठ्यपुस्तक तयार गरिएको छ । मातृभाषालाई माध्यमका रूपमा पठनपाठन गराउने उद्देश्यले पाठ्यपुस्तकको अनुवाद गरिएको छ । अनौपचारिक शिक्षा केन्द्रले १५ ओटा मातृभाषा नेपाली, अवधि, मैथिली, भोजपुरी, तामाङ्, मगर, लिम्बु, नेवारी, थारू, डोटेल, राईवान्तवा, मगर काइके (अठार मगरात), गुरुङ्, सुनुवार, उर्दूमा सामग्री तयार गरेको छ । बहुभाषिक शिक्षा कार्यक्रमअन्तर्गत विगत केही वर्षदेखि झापामा सन्थाल र राजवंशी, धनकुटामा आठपहरिया राई, सुनसरीमा उरावँ र मैथिली, रसुवामा तामाङ, पाल्पामा मगर र कञ्चनपुरमा रानाथारू भाषाका माध्यमबाट पठनपाठन गराउने गरी कार्यक्रम सञ्चालन भइरहेको छ ।

शैक्षिक जनशक्ति विकास केन्द्रले विभिन्न भाषा, जस्तैः राना-थारू, पाल्पा-मगर, रसुवा-तामाङ, आठपहरिया-राई, उरावँ, थारू-मैथिली, सन्थाली, राजवंशी, मैथिली, भोजपुरी, अवधी, नेवारी, लिम्बु र बान्तवा भाषामा बहुभाषिक शिक्षासम्बन्धी शिक्षक तालिम पुस्तिका तयार पारेको छ ।

मुख्य उद्देश्य

१. मातृभाषामा आधारित बहुभाषिक शिक्षाको अवधारणाबारे बताउनु,

२. बहुभाषिक शिक्षासम्बन्धमा हालका कानुनी प्रावधानबारे वर्णन गर्नु,

३. बहुभाषिक शिक्षासम्बन्धमा हालसम्म भए गरेका अभ्यासबारे बताउनु,

४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा मातृभाषाको स्थान बताउनु,

५. मातृभाषामा शिक्षा दिन सकिने विभिन्न सम्भाव्य मोडेलहरूको खोजी गर्नु,

६. मातृभाषामा पाठ्यक्रम, पाठ्यपुस्तक विकास गर्दा विचार पुऱ्याउनु पर्ने पक्षको पहिचान गर्नु,

७. मातृभाषामा नमुना पाठ्यक्रम एवम् पाठ्यसामग्री विकास गर्नु,

८. आफ्नो विद्यालयको अवस्थाअनुसार मातृभाषामा शिक्षणका विभिन्न मोडेलहरूको पहिचान गर्नु,

९. बहुभाषिक शिक्षा अनुकूलको विद्यालय वातावरण विकासको अवधारणाबारे बताउनु,

१०. मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयनका चरण एवम् प्रक्रियाबारे बताउनु,

११. मातृभाषामा शिक्षा अनुकूलको कक्षाकोठा व्यवस्थापन गर्न आवश्यक पर्ने पूर्वाधारबारे बताउनु,

१२. मातृभाषामा शिक्षाका सन्दर्भमा लिनुपर्ने नीति एवम् रणनीतिका सन्दर्भमा सुझावहरू सङ्कलन गर्नु ।

विषयवस्तु

- नेपालको भाषिक अवस्था
- बहुभाषिक शिक्षासम्बन्धमा कानुनी व्यवस्था

- अन्तर्राष्ट्रिय घोषणा
- मातृभाषामा आधारित बहुभाषिक शिक्षासम्बन्धी अवधारणा
- आवश्यकता एवम् औचित्य
- सिकाइ प्रक्रियामा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको आवश्यकता
- मातृभाषाका सम्बन्धमा हालको अभ्यास
- अध्ययन अनुसन्धान रिपोर्टसम्बन्धी जानकारी
- मातृभाषामा आधारित बहुभाषिक शिक्षा सञ्चालन प्रक्रिया
- बहुभाषिक शिक्षा विद्यालय वातावरण
- बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालनका सम्भावित केही मोडेलहरू
- मातृभाषा पाठ्यक्रम
- मातृभाषामा नमुना पाठ्यक्रम विकास अभ्यास
- मातृभाषामा आधारित पाठ्यसामग्री विकास

### ३. बहुकक्षा शिक्षक तालिम

**सन्दर्भ**

नेपालमा गुरुकुल शिक्षा प्रणालीदेखि नै बहुकक्षा शिक्षण सञ्चालन भएको पाइन्छ । व्यवस्थित रूपमा बहुकक्षा शिक्षण तालिम सञ्चालन गर्न निर्णय शिक्षा मन्त्रालयले २०४६ सालमा गरेको थियो । त्यसका लागि सामग्री निर्माण र तालिम सञ्चालन गर्ने जिम्मा प्राथमिक शिक्षा परियोजना, तालिम एकाइलाई दिइएको थियो । सेरिडले पनि प्राथमिक शिक्षा परियोजना तालिम एकाइको सहयोगमा शिक्षकहरूलाई तालिम दिइएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले पनि बहुकक्षा शिक्षण तालिमलाई निरन्तरता दिइआएको थियो । शिक्षक शिक्षण आयोजना अर्न्तगत शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालित प्राथमिक शिक्षक तालिमका विभिन्न चरण र क्रियाकलापमा यसलाई समावेश गरिएको थियो । शैक्षिक जनशक्ति विकास केन्द्रबाट बहुकक्षा शिक्षणसम्बन्धी प्रशिक्षक निर्देशिका र प्रशिक्षार्थी स्रोत सामग्री तयार गरी छुट्टै १० दिने तालिम पनि सञ्चालन गरिएको थियो । शिक्षा विभागद्धारा शिक्षक, स्रोतव्यक्ति तथा व्यवस्थापकहरूलाई प्रशिक्षण प्रदान गर्नुका साथै बहुकक्षा शिक्षण सामग्री पनि तयार गरिएको छ । सिन्धुपाल्चोक जिल्लाको बाह्रविसेमा नमुना बहुकक्षा शिक्षण विद्यालय सञ्चालन गरिएको छ । विभिन्न जिल्लामा खास विद्यालयहरूलाई वहुवर्ग वहुतह (MGML) लागु हुने विद्यालयको रूपमा छनोट पनि गरिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रममा बहुकक्षा शिक्षणलाई प्राथमिकता दिइएको छ । यस कार्यक्रम अन्तरगत गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न ७५० विद्यालयमा बहुकक्षा शिक्षण लागु गर्ने योजना रहेको छ ।

यसै सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रले बहुकक्षा शिक्षण विद्यालयमा अध्यापनरत शिक्षकहरूको शिक्षण सीप विकास र पेसागत दक्षता अभिवृद्धिका लागि विशेष प्रकारको टिपिडी ढाँचामा सञ्चालन हुने छोटो अवधिको मोड्युलर तालिम कोर्स विकास गरेको छ । बहुकक्षा शिक्षण तालिमका तीन मोड्युल हुने र हरेक मोड्युल १० दिनका हुने छन् । हरेक मोड्युलको तालिममा बहुकक्षा शिक्षण विद्यालयका शिक्षकहरूको मागलाईसमेत समेटेर तालिमका सत्रहरू डिजाइन गरिने छ । हरेक मोड्युलमा ८ दिन प्रत्यक्ष तालिम (जसमध्ये कम्तीमा १ दिन सहभागीको मागमा आधारित विषयवस्तु रहने), १ दिन अभ्यास शिक्षण/परियोजना कार्य र १ दिन पृष्ठपोषण सत्र रहने छ ।

मुख्य उद्देश्य

पहिलो मोड्युल तालिमको अन्त्यमा बहुकक्षा शिक्षण विद्यालयहरूमा कार्यरत शिक्षकहरू निम्नलिखित कुराहरूमा सक्षम हुने छन् ।

१. बहुकक्षा शिक्षणको अवधारणा व्याख्या गर्न
२. बहुकक्षा शिक्षण सामग्रीको परिचय दिन
३. पाठ्यक्रमअनुसार विषयगतरूपमा निर्मित सामग्री प्रयोग गरी बहुकक्षा शिक्षण गर्न
४. बहुकक्षा शिक्षणमा विद्यार्थीको उपलब्धि लेखाजोखा गर्न
५. बहुकक्षा शिक्षणको ढाँचामा कक्षाकोठा व्यवस्थापन गर्न
६. बहुकक्षा शिक्षण योजना तयार पार्न
७. बहुकक्षा शिक्षणका लागि अतिरिक्त सामग्री निर्माण र प्रयोग गर्न
८. बहुकक्षा शिक्षण नमुना प्रदर्शन गर्न

विषयवस्तु

- बहुकक्षा शिक्षणको अवधारणा: बहुकक्षा शिक्षणको परिचय, बहुकक्षा शिक्षणको अन्तर्राष्ट्रिय परिवेस (संकट व्यवस्थापन मात्र नभै एक शिक्षण सिकाइ विधि हो), बहुकक्षा शिक्षणका फाइदा (अनुसन्धानबाट प्राप्त नतिजा), बहुकक्षा शिक्षणलाई प्रभावकारी बनाउने उपायहरू,
- बहुकक्षा शिक्षण सामग्री परिचय: माइल स्टोन, सिकाइ सिढी, लोगो कार्ड, शिक्षक म्यानुअल, वर्क बुक, किट बक्स, रुजु सूची (Check list), समूह विभाजन कार्ड (Dynamic grouping card), समय तालिका, मूल्याङकन चार्टहरू (दैनिक सिकाइ तालिका आदि), छलफल पुस्तिका (Discussion book), स्तर निर्धारण टुल,
- विषयगत शिक्षण (गणित, नेपाली, अङग्रेजी सामाजिक अध्ययन तथा सि.क., विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा: सामग्री परिचय (तयारी सामग्रीको परिचय, सान्दर्भिकता, नमुना निर्माण), सामग्री प्रयोग/शिक्षण,

- विद्यार्थी मूल्याङ्कन/लेखाजोखा: परिचय, बहुकक्षा शिक्षणमा विद्यार्थी सिकाइको लेखाजोखा र स्तर निर्धारण, रुव्रिक्स, निरन्तर विद्यार्थी मूल्याङ्कन र अभिलेखीकरण, सुधारात्मक शिक्षण,

- बहुकक्षा शिक्षण योजना: योजनाको परिचय, योजनाको किसिम (वार्षिक, दैनिक), वार्षिक कार्ययोजना निर्माण, दैनिक कार्य तालिका,

- बहुकक्षा शिक्षणका लागि कक्षाकोठा व्यवस्थापन: परिचय, सामग्री व्यवस्थापन (डिस्प्लेवोर्ड, आदि), विद्यार्थी बसाइ व्यवस्थापन, सामग्री प्रदर्शन, सजावट तथा संरक्षण, विद्यार्थी निर्मित/ सङ्कलित सामग्री व्यवस्थापन, विविधता व्यवस्थापन

- अतिरिक्त सामग्री निर्माण र प्रयोग: पपेट सो, किट बक्स, प्रयोगात्मक सामग्रीहरू, शैक्षिक मेला (म्याट्रिक मेला, विज्ञान मेला आदि), आमाको कथा, चित्रकथा

- विद्यालय भ्रमण/परियोजना कार्य: तयारी, विद्यालय भ्रमण/परियोजना कार्य सञ्चालन

- पृष्ठपोषण कार्यशाला: प्रतिवेदन तयारी, प्रस्तुतीकरण, छलफल

४. **विशेष शिक्षा अध्ययापन गर्ने शिक्षकहरूका लागि तालिम**

**सन्दर्भ**

वि.सं. २०१८ सालमा दृष्टिविहीनहरूको शिक्षासँगसँगै सुरु भएको विशेष शिक्षा हाल मुलुकका ६० भन्दा बढी जिल्लामा विस्तार भइसकेको छ । हाल विशेष शिक्षा परिषद्तर्फ १८ जिल्लामा कार्यक्रम विस्तार भएको छ भने शिक्षा विभागअन्तर्गत मुलुकका ५६ जिल्लामा विस्तार भइसकेको छ । बहिरा तथा सुस्तश्रवण, सुस्त मनस्थिति, दृष्टिविहीनहरूका लागि आवश्यकताअनुसार स्रोतकक्षाको व्यवस्था गरिँदै आएको छ भने शारीरिक अपाङ्गता भएका बालबालिकाहरूका लागि प्रत्येक जिल्लामा छात्रवृत्तिको व्यवस्था मिलाइएको छ । विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्दा एकीकृत शिक्षाको नीतिलाई पहिलो प्राथमिकता दिइएको छ । विशेष शिक्षा कार्यक्रम सञ्चालन पद्धतिहरूमा १. विशेष विद्यालय, २. एकीकृत विद्यालय र ३. घुम्ती शिक्षण व्यवस्था पर्दछन् । समाहित शिक्षा (Inclusive Education) को अवधारणा सन् १९९४ मा स्पेनको सालामान्काको शिक्षासम्बन्धी विश्व सम्मेलनबाट आएको हो । सन् २००० मा युनेस्कोले "विद्यालय र कक्षामा रहेका विभिन्न आवश्यकता भएका सिकारुहरू लक्षित जवाफदेही शिक्षा नै समाहित शिक्षा हो" भनी परिभाषा गरेको छ । शिक्षाको अवसरबाट बञ्चित रहेका गरीब, पिछडिएका, दलित, बालश्रमिक, सडक बालबालिका, अपाङ्ग, भाषिक कठिनाइ भएका, भौगोलिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याई उनीहरूको आवश्यकता, रुचि, चाहना र क्षमताअनुकूल सिकाइउपलब्धि हासिल गर्ने वातावरणको विकास गर्ने शिक्षा समाहित शिक्षा हो । यो अवधारणालाई विभिन्न देशहरूले भर्खरै मात्र व्यवहारमा उतार्न थालेका छन् । शिक्षाको राष्ट्रिय नीतिअनुरूप अपाङ्गता भएकाहरूलाई अनुकुल शिक्षाको व्यवस्था गरी राष्ट्रिय मूल धारमा समाहित

गर्न विशेष शिक्षा नीति तय गरिएको छ । विशेष शिक्षा कार्यक्रममा गैर सरकारी सङ्घसंस्थाको अपाङ्गताका विभिन्न क्षेत्रमा संलग्नता एवम् सहभागिता रहँदै आएको छ ।

मुख्य उद्देश्य

१. अपाङ्गताको अवधारणा बताउन,

२. अपाङ्गता हुने कारणहरू पहिचान गर्न,

३. अपाङ्ग हुनबाट जोगिने उपायहरू पहिचान गर्न,

४. समावेशी/समाहित शिक्षा र विशेष शिक्षाबीचको फरक पहिचान गर्न,

५. अपाङ्गता भएका बालबालिकाहरूका लक्षण बताउन र व्यवहार अध्ययन गरी अपाङ्गताको किसिम पहिचान गर्न,

६. अपाङ्गता भएका बालबालिकाहरूको छनोट एवम् लेखाजोखा गरी उनीहरूलाई पुऱ्याउनुपर्ने सहयोगको खाका तयार पार्न,

७. सुनाइ, देखाइ र मानसिकसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूसँग सञ्चार र व्यवहार गर्नका लागि तदनुकुलका साङ्केतिक भाषा, ब्रेललिपि बुझ्न एवम् व्यवहारिक प्रयोग गर्न,

८. पाठ्यक्रम एवम् पाठ्यपुस्तकसँग सम्बन्धित विषयवस्तुको सञ्चारका लागि आवश्यक साङ्केतिक भाषाका सङ्केत तथा लिपि चिन्न र अभ्यास गर्न,

९. अपाङ्गता भएकाहरूका लागि सिकाइ सिद्धान्त, शिक्षण विधि र प्रक्रिया बताउन,

१०. पूर्ण सञ्चार शिक्षणसिकाइ सिद्धान्तबमोजिम शिक्षण गर्न,

११. शिक्षणसिकाइमा आएका नवीनतम पद्धति (समाहित शिक्षा, शान्ति, मानवअधिकार, नागरिक शिक्षा र दण्डरहित सिकाइ आदि) लाई शिक्षणसिकाइका क्रममा प्रयोग गर्न,

१२. बहिरा एवम् सुस्तश्रवण बालबालिकाहरूका लागि अनुकूल हुने गरी पाठ्यक्रम समायोजनको आधार पहिचान गर्न,

१३. अपाङ्गता भएका बालबालिका अनुकूल हुने गरी मूल्याङ्कनका साधनको उचित प्रयोग गर्न,

१४. अपाङ्गता भएका बालबालिकाहरूका लागि व्यवस्था भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधानका बारेमा बताउन ।

**विषयवस्तु**

- अपाङ्गतासम्बन्धी सामान्य जानकारी
- बालविकास क्रम
- विद्यार्थीहरूको अपाङ्गता एवम् लेखाजोखा

- विद्यालय भर्ना तथा अपाङ्गतासम्बन्धी नीतिनियम
- अपाङ्गता भएका बालबालिकाहरूसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्था
- अपाङगताअनुसारको सिकाइ सिद्धान्त
- समाहित एवम् अपाङ्गमैत्री शिक्षण सिकाइ वातावरण
- कक्षाकोठा व्यवस्थापन, अपाङ्गताअनुसारको विषयगत शिक्षण
- पाठ्यक्रम (अपाङगताअनुसार बालबालिकाहरूका लागि पाठ्यक्रममा अनुकुलता)
- बहुकक्षा शिक्षण विधि र प्रक्रिया
- सहक्रियाकलाप एवम् अतिरिक्त क्रियाकलाप
- समाहित/विशेष शिक्षा स्रोतकक्षा
- निरन्तर मूल्याङ्कन पद्धति
- समाजिकीकरण
- सहायक सामग्री एवम् उपकरण

५. **शिक्षक नेतृत्वका लागि क्षमता विकास तालिम**

सन्दर्भ

शिक्षकका विभिन्न पेसागत संघसंस्थाहरूलाई एकीकृत र समन्वयात्मक रूपमा शिक्षकको पेसागत हकहित र उन्नयनका लागि क्रियाशील हुन शिक्षा ऐन, नियमअनुसार शिक्षक युनियन गठन हुने व्यवस्था छ । शिक्षकहरूको क्षमता अभिवृद्धि गरी शिक्षक समुदायलाई उच्च क्षमतायुक्त बनाउनु नै शिक्षक युनियन/सङ्घ/संठनहरूको मुख्य उद्देश्य हो । यसका लागि शिक्षकका पेसागत सङ्गठनहरूसँग आवद्ध शिक्षकहरूको नेतृत्व क्षमता अभिवृद्धि भएमा मात्र शिक्षक समुदायको क्षमता अभिवृद्धि गराउन सकिने हुन्छ । अन्तरराष्ट्रिय प्रचलनलाई हेर्दा पनि कतिपय मुलुकमा शिक्षकका पेसागत संघसंस्थाहरू शैक्षिक सुधार/उन्नयनलाई मुख्य प्राथमिकतामा राखेर काम गर्छन् र उनीहरू नै शिक्षक हकहितका निर्णय तहमा प्रभावीसमेत रहने गरको पाइन्छ । नेपालको सन्दर्भमा हेर्दा शिक्षा मन्त्रालय र शिक्षक समुदायबीच पेसागत क्षमता र नेतृत्व विकासका लागि सहकार्यको अत्यन्त महत्वपूर्ण भूमिका हुने कुरामा द्विविधा देखिँदैन । शिक्षा मन्त्रालय र शिक्षक समुदायबीचको औपचारिक सहकार्यबाट शिक्षा मन्त्रालयद्वारा तय भएका नीति, योजना तथा कार्यक्रमहरूको सफलतापूर्वक कार्यान्वयन गरी अपेक्षित उद्देश्य हासिल गर्न सकिन्छ ।

मुख्य उद्देश्य

१. नेपालका शिक्षक नेताहरूको क्षेत्रीयस्तरमा तुलनायोग्य व्यावसायिक नेतृत्व क्षमता विकास गर्नु
२. शिक्षक समुदायद्वारा शैक्षिक सुधार एवम् अग्रगामी शिक्षा नीति निर्माण तथा कार्यान्वयनमा व्यावसायिक योगदान प्रदान गर्न दीगो साझा समझदारी निर्माण गर्नु

**विषयवस्तु**

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तु विस्तृतीकरण |
|---|---|---|
| १ | शिक्षक युनियनवाद | • अवधारणा तथा विकास क्रम (अन्तराष्ट्रिय देखि राष्ट्रिय सन्दर्भ)<br>• विकासोन्मुख तथा विकसित देशका शिक्षक यूनीयनहरूको अवस्था तथा भूमीका<br>• शिक्षकहरूको अन्तर्राष्ट्रिय सँगठनको अवस्था तथा भूमिका<br>• नेपालको शिक्षक युनीयनहरू र वैदेशिक शिक्षक युनियनहरूमा भिन्नता |
| २ | पेसागत जवाफदेहिता | • अवधारणा<br>• अन्तर्राष्ट्रिय सन्दर्भमा पेसागत तथा शैक्षिक जवाफदेहीता<br>• नेपालको सन्दर्भमा शिक्षकहरूको पेसागत, शैक्षिक तथा संस्थागत जवाफदेहीता<br>• साझा मुद्दा तथा चुनौतीहरू |
| ३. | नेपालमा शिक्षक युनियनबादको साझा दृष्टिकोण | • हकहीत र जवाफदेहीता<br>• शिक्षक पेसालाइ मर्यादित र सम्मानयुक्त बनाउने उपाय<br>• साझा संयन्त्र<br>• साझा अवधारणा/बुझाइ (चार्टर) विकास |
| ४ | नेतृत्व विकास | • नेतृत्वको साझा अवधारणा : (परिभाषा, विशेषता, शैलीहरू, नमुनाहरू)<br>• शिक्षक नेतृत्वको अवधारणा (concept of teacher leadership)<br>• *(शिक्षक नेतृत्व भनेको के हो ? यसले कसरी काम गर्छ ? यसको स्वरूप कस्तो हुन्छ ?)*<br>• कार्यसम्पादनमा सुधार (performance improvement)<br>• शिक्षक नेतृत्वको कार्यसम्पादनमा सुधार:<br>• कार्यसम्पादन : अवधारणा<br>• कार्यसम्पादन सीपहरू (पहिचान)<br>• कार्यसम्पादनका क्षेत्रहरू (पहिचान)<br>• कार्यसम्पादनको अन्तिम लक्ष्य (पहिचान)<br>• नेतृत्वका शैली र सिद्धान्तहरू (शिक्षक नेतृत्व विकास सीपको सन्दर्भमा) |
| ५ | शैक्षिक विकास | • नेपालको शिक्षाको दार्शनिक आधार<br>• विद्यमान शैक्षिक प्रबन्धको दार्शनिक आधार (capitalist reproduction or socialist, post-modernism जस्तै: खुला शिक्षा, व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा आदिको दार्शनिक आधार प्रस्तुत गर्ने)<br>• हालको शैक्षिक प्रबन्ध (विद्यमान शिक्षा के कसरी चलिरहेको छ? प्रारम्भिक वाल विकास (ECD) देखि उच्च माध्यमिक तह सम्मको व्यवस्थापन र सोको प्रतिफल (कस्तो नागरिक तयार गर्न |

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तु विस्तृतीकरण |
|---|---|---|
| | | खोजेको), जस्तै: ECD दिनुको प्रयोजन (rationale) के हो ?)<br>• सरकारी नीतिहरूको संश्लेषण (synthesizing broader policy of government) (जस्तै : EFA, inclusiveness, right based education.)<br>• शैक्षिक कार्यक्रमहरू<br>○ सरकारले प्रतिबद्धता जाहेर गरेका आवधिक कार्यक्रमहरू *(जस्तै: विद्यालय क्षेत्र सुधार योजना, आवधिक योजना आदि)*<br>○ सङ्गठन व्यवस्था र कार्यान्वयन<br>○ सबै शैक्षिक निकायको संगठन संरचना र उद्देश्य लक्ष्य, बजेट र नतिजा (उपलब्धि)<br>• साझा व्यवस्थापकीय एवम् शासकीय प्रबन्ध<br>• समग्र विद्यालय व्यवस्थापन (कसरी भैरहेको छ ? जस्तै: विकेन्द्रीकरको अभ्यास, सैद्धान्तिक आधार)<br>• शिक्षक व्यवस्थापन: सैद्धान्तिक आधार र अभ्यासहरू<br>• लगानी : विद्यालयमा स्रोत र लगानीको अवस्था *(जस्तै स्रोत कहाँबाट आउँछ?)* |
| ६ | पेसागत विकास एवम् वृत्ति विकास (समग्र शिक्षक र शिक्षक नेतृत्वको सन्दर्भमा) | • साझा सन्दर्भ: विद्यमान पेसागत विकासका अवधारणा<br>• नेपालबाहिर र भित्रका विद्यमान अभ्यास र मोडेलहरू<br>• Gap पहिचान<br>• पेसागत विकास र वृत्ति विकासका प्रक्रियाहरू<br>• *(जस्तै: नेतृत्वमा कसरी पुग्ने, नेतृत्वबाट हटेपछि के गर्ने? नेता बन्ने विधि विधान के हुने ? कार्य सुनिश्चित गर्ने विधि के ? नेताको career growth वृत्ति विकास के र कसरी ? शिक्षक नेतृत्व सेवालाई sustainable बनाउन के गर्ने ? शिक्षक नेतृत्वको आकर्षण केका लागि ? यी सबैमा एउटा प्रक्रिया तय गर्ने)* |
| ७ | नीति निर्माणको साझा संरचना र पद्धति (शिक्षाको नीति निर्माण र सुधार कार्यहरूमा शिक्षक युनियनहरूको प्रतिनिधित्व/ सहभागिता पद्धतिको विकास) | • शैक्षिक नीति समिति (EPC) मा प्रतिनिधित्व<br>• राष्ट्रिय विकास परिषदमा सहभागिता/प्रतिनिधित्व<br>• शिक्षा ऐन, नियम मस्यौदा निर्माण तथा संशोधन कार्यमा प्रतिनिधित्व<br>• उच्चस्तरीय शिक्षासम्बन्धी आयोग/समितिहरूमा सहभागिता र प्रतिनिधित्व<br>• शिक्षा मन्त्रालयअन्तर्गतका शैक्षिक नीति निर्माण गर्ने केन्दीय निकायहरूमा प्रतिनिधित्व<br>• युनियनहरूको क्षमता विकासको नीति निर्माण |

| क.सं. | विषय क्षेत्र | विषयवस्तु विस्तृतीकरण |
|---|---|---|
| ८ | योजना निर्माण (योजनाको प्रत्येक चरणमा प्रतिनिधित्व, सहभागिता र क्षमता विकास) | • आवधिक योजना निर्माण<br>• दीर्घकालीन प्रकृतिका सुधार योजना<br>• बार्षिक योजना निर्माण<br>• केन्द्रीय, क्षेत्रीय, प्रान्तीय, स्थानीय र विद्यालय स्तरका शैक्षिक योजना निर्माण |
| ९ | योजना तथा कार्यक्रम कार्यान्वयन | • योजना तथा कार्यक्रमहरूको परीक्षणको चरणदेखि पूर्ण कार्यान्वयनको चरणसम्म सहभागिता, प्रतिनिधित्व र योगदान<br>• कार्यक्रम कार्यान्वयन प्रक्रिया, प्रगतिको अभिलेख र तिनको उपलब्धता<br>• सम्पूर्ण कार्यक्रमहरूको कार्यान्वयनपूर्व अभिमुखीकरण र विचार विनिमयको व्यवस्था<br>• प्रभावकारी कार्यान्वयनका लागि युनियनहरूको संस्थागत अग्रसरता |
| १० | अनुगमन तथा मूल्याङ्कन | • अनुगमन तथा मूल्याङ्कनका संयन्त्रहरू संस्थागत रूपमा नै संरचित हुनुपर्ने र ती संयन्त्रमा युनियनहरूको संस्थागत प्रतिनिधित्व प्रभावकारी रूपमा हुनपर्ने<br>• अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई नियमितता दिई अन्य सम्बद्ध सामाजिक निकायहरू, नागरिक समाज, सञ्चार संस्था, साझेदार र सरोकारवालाहरूको सक्रिय उपस्थिति र जिल्लास्तरमा यिनीहरूको पहुँच स्थापित हुनुपर्ने<br>• समग्र मूल्याङ्कन स्वतन्त्र निकायद्वारा स्थापित मान्यतामा आधारित भई गर्नुपर्ने |

## अनुसूची ५ : शिक्षकको पेशागत विकास तालिम मोडुलमा एकीकृत गर्न सकिने विषयवस्तुहरू

१. **शान्ति, मानवअधिकार र नागरिक शिक्षा**

**सन्दर्भः**

विद्यमान द्वन्द्व, हिंसा एवम् अस्थिरताको जरजर अवस्थाबाट देशलाई रूपान्तरण गरी शान्ति, अहिंसा, मानव अधिकारको प्रत्याभूति गराई सचेत र संबेदनशील नागरिकको विकास गर्न आवश्यक रहेको कुरा सबैमा विदितै छ । यस्तो परिस्थितिमा यो शान्ति, मानवअधिकार र नागरिक शिक्षाका विषयवस्तुहरू शिक्षाको माध्यमबाट प्रवोधीकरण गर्ने र सोहिअनुसार भावि दिनमा समाजलाई रूपान्तरण गर्न यसबाट अर्थपूर्ण सहयोग पुग्ने देखि यसको प्रादूर्भाब भएको हो । यसै सन्दर्भमा सेभ द चिल्ड्रेन, युनिसेफ तथा शैक्षिक जनशक्ति विकास केन्द्रको संयुक्त प्रयासमा विभिन्न चरणमा छलफल भइ शान्ति, मानव अधिकार र नागरिक शिक्षा विषयमा प्रशिक्षक प्रशिक्षणको पाठ्यवस्तुहरू विकास गरी सोको आधारमा प्रशिक्षक प्रशिक्षणका लागि निर्देशिका तयार गरि उक्त प्रशिक्षक प्रशिक्षण निर्देशिकाको आधारमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको स्थिति छ ।

मुख्य उद्देश्यः

१. शिक्षकहरूलाई शान्ति, मानवअधिकार र नागरिक शिक्षाको महत्वका बारेमा सचेत गराउनु ।
२. शिक्षकहरूलाई शान्ति संवाहकका रूपमा काम गर्नका लागि पूर्वावश्यक व्यवहार, अभिवृत्ति र मूल्यका बारेमा बुझ्न सहयोग गर्नु ।
३. शिक्षकहरूमा द्वन्द समाधानको निम्ति ज्ञान, अभिवृत्ति र मूल्यहरू विकास गराउनु ।
४. शिक्षकहरूलाई शान्ति, मानवअधिकार र नागरिक शिक्षाका विषयवस्तुहरूलाई शिक्षणसिकाइ क्रियाकापहरूमा एकीकृत गर्न सक्षम बनाउनु ।

मुख्य विषयवस्तु

- शान्ति शिक्षा, शान्तिको अवधारणा, द्वन्द्वसमाधान तथा व्यवस्थापन, विविधताको सम्मान, शान्तिक्षेत्रको रूपमा विद्यालय, विद्यार्थीको व्यवहारको लेखाजोखा तथा मूल्याङ्कन ।
- मानवअधिकार शिक्षा : मानवअधिकारको अवधारणा, मानवअधिकारसँग सम्बद्ध सङ्घसंस्थाहरू, आधारभूत अधिकार र वैधानिक अधिकार, बालअधिकार, महिला अधिकार, सुविधाविहीनहरूका अधिकार ।
- नागरिक शिक्षा : नागरिक शिक्षाको अवधारणा, कर्तव्य र जिम्मेवारी, लोकतान्त्रिक अभ्यास, सुशासन आदि ।

२. **सघन यौनिकता शिक्षा**

**सन्दर्भ**

किशोरकिशोरी अवस्थाको विविध परिवर्तनमा सही मार्गनिर्देशनको अभावमा हाम्रा युवावर्ग अन्यौलमा परेको देखिन्छ । युवाहरूमा रहेको दुविधा कम गर्न शिक्षा प्रणाली र शिक्षकको अझ महत्वपूर्ण भूमिका रहेको हुन्छ । विगत लामो समयदेखि विद्यालय शिक्षाको विभिन्न तहहरूमा स्वास्थ्य, शारीरिक र वातावरण शिक्षा एवम् स्वास्थ्य, शारीरिक शिक्षाको माध्यमबाट यौन शिक्षा दिँदै आएका शिक्षकहरूको लागि सहयोगी सामग्री र तालिमको आवश्यकता महसूस गरिएको छ । यस सन्दर्भमा

मूलत : माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि यौनिकतासम्बन्धी विषयहरू निर्धक्क र प्रभावकारी रूपमा शिक्षण गर्न शिक्षकहरूलाई सघाउ पुरयाउन यो तालिम कार्यक्रम र तालिम सामग्री तयारी गरिएको हो ।

मुख्य उद्देश्य

१. बृहत् यौनिकता शिक्षासम्बन्धी ज्ञान, सीप, अभिवृत्ति, विश्वास, मूल्य एवम् मान्यताहरू प्राप्त गर्नु

२. यौन र यौनिकताको स्थिति बोध गर्नु

३. यौन विकृति निम्त्याउने तत्वहरू बोध गर्नु

४. यौन विकृति र यौनजन्य समस्याहरूबाट व्यक्ति, परिवार, समुदाय, समाज, राष्ट्र र विश्वमा हुने सम्भावित प्रतिकूल असरहरू जानकारी गरी मूल्याङ्कन गर्नु

५. समझदारी र मूल्याङ्कनको आधारमा सचेत बन्न र आवश्यकताअनुसार उचित निर्णय लिन समर्थ हुन

६. युवायुवतीहरूलाई उनीहरूको भौतिक, संवेगात्मक र नैतिक विकासमा मदत पुऱ्याउनु

७. भावना र सम्बन्धको बारेमा कुरा गर्ने, सुन्ने र चिन्तन गर्ने आत्म विश्वास विकास गर्नु

मुख्य विषयवस्तु

- यौन तथा प्रजनन स्वास्थ्य
- लैङ्गिकता
- हिंसा
- यौन अधिकार
- आनन्द वा मनोरञ्जन
- विविधता
- सम्बन्ध

३. जीवनोपयोगी सीप

सन्दर्भ

जीवनोपयोगी सीपमा आधारित शिक्षा नै गुणस्तरीय शिक्षा हो । विद्यालयतहदेखि नै विद्यार्थीहरूमा दैनिक जीवनमा आउने समस्याहरू समाधानका लागि आवश्यक सीप विकास गराउनु वर्तमान शिक्षापद्धतिको प्रमुख ध्येय पनि हो । खासगरी प्रभावकारी सञ्चार, निर्णय गर्ने क्षमता, समालोचनात्मक सोचाइ, सिर्जनात्मक सोचाइ, आत्मव्यवस्थापन आदि जस्ता सीप विद्यार्थीहरूमा विकास गराउनुपर्ने आवश्यकता वर्तमान अवस्थामा देखिएको छ । जीवनोपयोगी सीपमा आधारित शिक्षालाई वर्तमान शिक्षापद्धतिले अभिन्न अङ्गको रूपमा स्वीकारिसकेको छ । विद्यार्थीहरूमा जीवनोपयोगी सीपहरू विकास गराउने प्रमुख दायित्व विद्यालयमा पठनपाठन गर्ने शिक्षकहरूमा रहन्छ । शिक्षकहरूलाई जीवनोपयोगी सीपको परिचय, महत्व तथा विद्यार्थीहरूमा विकास गराउने शिक्षण तौरतरिकाको बारेमा जानकारी गराई अभ्यस्त बनाउनका लागि यो तालिम महत्वपूर्ण

मानिएको छ । हाल पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहको स्वास्थ्य शिक्षाको पाठ्यक्रममा जीवनोपयोगी सीपहरू समावेश गरी पठनपाठनसमेत सुरु गरेको छ । यस सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रले युनिसेफको सहयोगमा प्राथमिक तथा माध्यमिक तहका शिक्षकहरूका लागि तालिम निर्देशिका तयार पारी २०० भन्दा बढी शिक्षकहरूलाई तालिमसमेत प्रदान गरिसकेको छ ।

मुख्य उद्देश्य

१. प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्ध कायम गर्ने सीपको विकास गर्न

२. निर्णय, समस्या समाधान तथा समालोचनात्मक सोचाइसम्बन्धी सीपहरूको विकास गर्न

३. आत्मव्यवस्थापन तथा तनाव नियन्त्रणसम्बन्धी सीपहरू विकास गर्न

मुख्य विषयवस्तु

- अन्तरवैक्तिक सञ्चार सीप : प्रभावकारी सञ्चार, सक्रिय सुनाइ, अन्तरवैयक्तिक सीपहरू सम्झौता र इन्कार, परानुभूति, सहकारिता र समूहकार्य, बहस पैरवी,
- निर्णय र समालोचनात्मक सोचाइ : निर्णय गर्ने, समस्या समाधान गर्ने, समालोचनात्मक र सिर्जनात्मक तवरले सोच्ने,
- आत्मव्यवस्थापन : आत्मनियन्त्रणका उपायहरू, रिस, डाह, दुख, वेदना, क्षति व्यवस्थापन, संवेग र तनावव्यवस्थापन, समय व्यवस्थापन, सकारात्मक सोच, आनन्दको अनुभूतिसम्बन्धी कुराहरू ।

४. **समालोचनात्मक चिन्तन**

**सन्दर्भ**

नेपालको माध्यमिक शिक्षाको पाठ्यक्रम (२०६४) मा समालोचनात्मक सोचाइ सीप समावेस गरिएको छ । उक्त पाठ्यक्रममा उल्लेखित शिक्षाको राष्ट्रिय उद्देश्यहरूमध्ये एउटा उद्देश्य समालोचनात्मक सीपसम्बन्धी रहेको छ । त्यसैगरी माध्यमिक शिक्षाका उद्देश्यहरूमध्ये एउटा उद्देश्य (समालोचनात्मक सोचाइ सीप सम्वन्धी) यस प्रकार रहेको छ । सन् २००८ मा ओपन सोसाइटि इन्स्टिच्युट (ओएसआई) ले काठमाडौँमा शिक्षा मन्त्रालय र अन्तरगतका निकायका पदाधिकारीहरू र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा समालोचनात्मक सोचाइ विधिको एकदिने अभिमुखीकरण कार्यशाला सञ्चालन गरेको थियो । उक्त कार्यशालाका सहभागीहरूको सुझावका साथै शिक्षा मन्त्रालय र ओएसआईका प्रतिनिधिहरूबीच विभिन्न चरणमा भएको छलफलका आधारमा नेपालमा समालोचनात्मक सीप विकास कार्यक्रमको थालनी शिक्षक तालिमबाट गर्नुपर्दछ भन्ने कुरामा सहमति भयो । उक्त सहमति कार्यान्वयनका क्रममा शैक्षिक जनशक्ति विकास केन्द्र र सोसल साइन्स बाहा बीच समझदारीपत्र (MOU) मा हस्ताक्षर भई यसकेन्द्र र अन्तरगतका तालिम

केन्द्रहरूका ३० जना प्रशिक्षकहरूलाई समालोचनात्मक सोचाइ सीपसम्बन्धी पाँच/पाँच दिने प्रशिक्षक प्रशिक्षण पाँच चरणमा सञ्चालन भइसकेको छ ।

मुख्य उद्देश्य

१. समालोचनात्मक चिन्तन सीपको परिचय दिन

२. एविसी फ्रेमवर्कको प्रयोग गरी शिक्षण गर्न

३. समालोचनात्मक चिन्तन सीप विकासका लागि उपयोगी शिक्षण रणनीतिहरूको प्रयोग गर्न

**मुख्य विषयवस्तु**

समालोचनात्मक सोचाइ भनेको सोचाइको एउटा प्रक्रिया हो जसमा आफ्ना मौलिक विचार राख्ने र तिनलाई कारणसहित पुष्टि गर्ने गरिन्छ । विद्यार्थीहरूमा समालोचनात्मक सोचाइ सीप विकासका लागि अनुसन्धानमा आधारित शिक्षण रणनीतिहरू आवश्यक पर्दछन् र यसले उनीहरूलाई प्रतिविम्वनात्मक चिन्तन, व्यक्तिगत सिकाइको स्वामित्व ग्रहण, तर्कशीलता, सक्रिय सुनाइ, आत्मविश्वासपूर्ण बहस, स्वतन्त्र र जीवन पर्यन्त सिकाइका लागि तत्पर राख्दछ । समालोचनात्मक सोचाइ सीपले आफ्ना विचारका बारेमा चिन्तन गर्न, आफ्नो दृष्टिकोणका पछाडिका कारणहरू पहिचान गर्न, सही निर्णय गर्न, समस्या समाधान गर्न सहयोग गर्दछ । विद्यार्थीहरूले समालोचनात्मक सोचाइ सीपको विकास गर्ने थलो भनेको समालोचनात्मक सोचाइ विधिअनुसारको कक्षाकोठा शिक्षण नै हो ।

ए.बि.सी. फ्रेमवर्क

समालोचनात्मक सोचाइ सीप विकासको लागि कक्षाकोठामा हुने शिक्षण सिकाइ एबिसी फ्रेमवर्कअनुसार तीन चरणमा सञ्चालन गर्नु आवश्यक हुन्छ । यहाँ ए.बि.सी. भनेको (उत्सुकता जगाउने), (ज्ञान निर्माण गर्ने), (सुदृढिकरण गर्ने) हो ।

A = Anticipation (उत्सुकता जगाउने)

B = Building knowledge (ज्ञान निर्माण)

C = Consolidation (सुदृढीकरण गर्ने)

शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा हरेक चरणका क्रियाकलापका लागि उपयुक्त रणनीतिहरू प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा हुने सिकाइलाई सक्रिय बनाई समालोचनात्मक सीप विकासका लागि उपयुक्त रणनीतिको छनोट र प्रयोग आवश्यक हुन्छ ।

५. बालमैत्री शिक्षण सिकाइ

सन्दर्भ

सबैका लागि शिक्षा कार्यक्रमले २०१५ सम्ममा सबै बालबालिकाहरूले गुणात्मक प्राथमिक शिक्षा पाउनुपर्ने किटान गरेको छ । प्राथमिक शिक्षा पाठ्यक्रम-२०६२ मा पनि बालमैत्रीपूर्ण वातावरणमा बालकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिने छ भन्ने उल्लेख गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०६३ मा पनि बालमैत्री शिक्षणसिकाइका लागि आवश्यक मार्गनिर्देश गरेको छ । त्यसैगरी सरकारी तथा गैरसरकारी संस्थाहरूबाट बालमैत्री शिक्षणसिकाइसम्बन्धी तालिमहरू सञ्चालन हुँदै आएको छ । हाल बालमैत्री विद्यालयसम्बन्धी राष्ट्रिय प्रारूप-२०६६ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

मुख्य उद्देश्य

१. कक्षाको व्यवस्थापनमा सुधार गरी बाल-मैत्री बनाउने ।

२. शिक्षण-सिकाइ प्रक्रिया बाल-केन्द्रित र सिकाई-उपलब्धी क्रियाकलापको आधारमा बृद्धि गर्ने ।

३. बाल-केन्द्रित शिक्षण-सिकाइका लागि शिक्षकको मनोवृत्ति र व्यवहारमा सुधार गर्ने ।

४. बाल-केन्द्रित सिकाइ प्रक्रियाको विस्तार गर्न प्रोत्साहित गर्ने ।

५. विद्याथीको क्षमता, रुचि, चाहना र आवश्यकताअनुसार शिक्षण-सिकाइ गर्ने ।

६. शिक्षण-सिकाइ प्रक्रियामा विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

७. दण्डरहित वातावरणमा शिक्षण सिकाइ गर्ने ।

८. उपलब्ध स्थानीय स्रोत र साधनको पहिचान, व्यवस्थापन र परिचालन गर्ने ।

९. बाल-मैत्री विद्यालयको व्यवस्थापनमा सरोकारवालाको संलग्नता अभिवृद्धि गर्ने ।

१०. विद्यार्थीहरूको नियमितता बढाउने र उच्च तहमा सिकाइ उपलब्धी हासिल गराउने ।

११. कक्षा छाड्ने दर घटाउने ।

१२. कक्षाको संरचना र व्यवस्थापनमा सुधार गर्ने ।

१३. शिक्षकको मनोवृत्ति र व्यवहारमा परिवर्तन गर्ने ।

मुख्य विषयवस्तु

- बालबालिकाको खोजी गर्ने विद्यालय
- बालकेन्द्रित विद्यालय
- सबै खालका बालबालिकाको समावेशीकरण
- स्वास्थ्य र सुरक्षित वातावरण
- लैङ्गिक सचेतता

- परिवार र समुदायको सहभागिता
- बालबालिकाको सहभागिता

६. **मानव मूल्यमा आधारित शिक्षा**

**सन्दर्भ**

मानव मूल्यमा आधारित पानी र सरसफाइ शिक्षा कार्यक्रमअन्तर्गत पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रले मानव मूल्यसम्बन्धी केही कदम अगाडि बढाएको थियो । जसअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले प्राथमिक तहको विज्ञान, स्वास्थ्य र सामाजिक अध्ययनको पाठयक्रममा उद्देश्य र विषयवस्तुलाई यथावत राखी क्रियाकलाप भागमा समायोजन हुनसक्ने मानव मूल्य समावेस गरी पाठ्यक्रम समायोजन गरेको थियो । सोही समायोजनका आधारमा शैक्षिक जनशक्ति विकास केन्द्रले तालिम निर्देशिका र स्रोत सामग्री तयार गरी २० जना प्राथमिक तहका शिक्षकहरूलाई तालिमसमेत प्रदान गरेको थियो ।

शिक्षाको राष्ट्रिय उद्देश्यमा मानव मूल्य समावेस भैसकेको सन्दर्भमा मानव मूल्यमा आधारित शिक्षालाई कक्षाकोठासम्म पुरयाउनका लागि सत्य साइ सेवा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रको समभ्रुदारी अनुरूप हालसालै शैक्षिक जशक्ति विकास केन्द्रमा मानव मूल्यमा आधारित शिक्षाको  तीन दिने प्रशिक्षक प्रशिक्षण पनि गत वर्ष सम्पन्न गरिएको थियो ।

**मुख्य उदेश्य**

१. व्यक्तिमा मानवीय मूल्यको विकास गरी चरित्रवान र नैतिकवान नागरिक तयार गर्न,

२. सामाजिक समानता र न्यायबारेमा चिन्तन गरी तदनुरूपको आचरण विकास गर्न,

३. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण गर्न,

४. शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्ववन्धुत्वको भावना विकास गरी तदनुरूप आचरण गर्न र द्वन्दव्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्न ।

**विषयवस्तु**

- पाठ्यत्रममा मानव मूल्य
- मानव मूल्य र सिकाइ प्रक्रिया
- पाँच मानव मूल्यहरू:
  १. सत्य   २. सद्व्यवहार   ३. शान्ति   ४. प्रेम र   ५. अहिंसा ।
- मानव मूल्य शिक्षणका विधिहरू
  १. एकीकृत विधि (Integrated Method)
  २. प्रत्यक्ष विधि (Direct Method)
    - ✓ मौन बसाइ (Silent sitting)
    - ✓ प्रार्थना र भनाइ (Prayers and quotations)
    - ✓ कथा बाचन (Story telling)

- ✓ समूह गायन (Group singing)
- ✓ समूह क्रियाकलाप (Group activities)

७. **विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम**

सन्दर्भ

नेपाल सरकार शिक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको राष्ट्रिय रणनीति वि.सं. २०६३ (सन् २००६) मा स्वीकृत भएको छ । विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीतिअनुरूप सिन्धुपाल्चोक र स्याङ्जा जिल्लामा विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी शिक्षक तालिम कार्यक्रम परीक्षणको रूपमा कार्यान्वयन गरिएको छ । सो कार्यक्रमको सफल अनुभवका आधारमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई आगामी दिनमा नियमित शिक्षक पेसागत विकास कार्यक्रममा एकीकृत गरी लैजाने प्रयोजनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रममा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई समावेश गरिएकोछ ।

उद्देश्य:

विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीतिको लक्ष्य भनेको विद्यालय जाने उमेरका बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक तथा शैक्षिक स्तरमा विकास गर्नु रहेको छ । यस रणनीतिक लक्ष्यबमोजिम विद्यालय स्वास्थ्य तथा पोषण तालिमको मूल लक्ष्य विद्यालयमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याई उनीहरूको सिकाइ प्रक्रियामा सहयोग पुऱ्याउनु रहेको छ ।

उक्त लक्ष्य परिपूर्ति गर्नका लागि विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीतिका चार रणनीतिक उद्देश्यहरू रहेका छन्: (१) विद्यार्थीहरूबाटै उनीहरूको स्वास्थ्य र पोषण स्थितिमा सुधार गर्ने, (२) विद्यालयको वातावरणलाई स्वस्थ्यकर बनाउन सुधार गर्ने, (३) स्वास्थ्य र पोषणसम्बन्धी बानी व्यहोरामा सुधार गर्ने र (४) समुदाय सहयोग प्रणाली र नीतिगत वातावरण सुधार तथा सुदृढ गर्ने । यी रणनीतिक उद्देश्यसँग तालमेल हुने गरी विस्वापो कार्यक्रम प्रशिक्षक/शिक्षक तालिमका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनार्थ प्रशिक्षक तथा शिक्षकहरूको क्षमता विकास गर्ने ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई नियमित शिक्षक पेसागत विकास कार्यक्रममा मूलप्रवाहीकरण गरी दिगो बनाउन उपायहरू पहिल्याउने ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनमा शिक्षा विभाग, स्वास्थ्य सेवा विभाग, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्रको सहकार्य र समन्वयात्मक सम्बन्ध स्थापित गर्ने ।

आवश्यक सामग्री तथा जनशक्ति व्यवस्था

विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमका क्रियाकलापहरु सञ्चालन गर्न लागि प्रशिक्षक निर्देशिका, विस्वापो आधारभूत प्याकेज (कार्यान्वयन सहयोगी पुस्तिका) सन्दर्भ सामग्री, विभिन्न विषयवस्तुका पोस्टरहरू र चार्टहरू, तौल लिने मेशिन, उँचाइ नाप्ने स्केल, दृष्टि क्षमता जाँच गर्ने इ-चार्ट, मेजरिङ टेप, सफ्ट बोर्ड, व्हाइट, बोर्ड र बोर्ड मार्कर, विभिन्न रंगका मार्कर र साइनपेनहरू, न्यूजप्रिन्ट पेपर, स्केल,मल्टिमिडिया प्रोजेक्टर र कम्प्युटर सेट, प्राथमिक उपचार बाकस इत्यादि ।

विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालायको सहकार्यमा सञ्चालन गर्नुपर्दछ । स्वास्थ्य सेवा र  शिक्षासम्बन्धी प्राविधिक क्रियाकलापहरु जस्तै जुका नियन्त्रण कार्यक्रम, शारीरिक परीक्षण, प्राथमिक उपचार सामग्रीको प्रयोग इत्यादि सञ्चालन गर्नका लागि स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुबाट स्रोतव्यक्तिको रुपमा सहयोग लिनुपर्दछ ।

विषयवस्तु

विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको आधारभूत प्याकेज (कार्यान्वयन सहयोगी पुस्तिका) र प्रशिक्षक प्रशिक्षण निर्देशिकामा देहायको विषयवस्तु समावेश गरिएको छ :

१. विद्यालय स्वास्थ्य तथा पोषण राष्ट्रिय रणनीति र कार्यक्रमबारे जानकारी

२. विद्यालय स्वास्थ्य तथा पोषण सेवासम्बन्धी कार्यक्रम

- जुका नियन्त्रण कार्यक्रम
- प्राथमिक उपचार सामग्रीको प्रयोग
- शारीरिक परीक्षण
- दिवा खाजा कार्यक्रम

३. व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रम

- विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी सूचीको जाँच
- विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह मनाउने कार्यक्रम

४. बालबालिकाको सहभागितासम्बन्धी कार्यक्रम

- बालक्लब परिचालन

५. विद्यालय स्वास्थ्य र पोषण प्रणाली

- विद्यालय स्वास्थ्य र पोषणसम्बन्धी कार्ययोजना
- अनुगमन र सुपरीवेक्षण
- विस्वापो कार्यक्रमलाई नियमित शिक्षक पेसागत विकास कार्यक्रममा एकिकरण प्रक्रिया

*(विषयवस्तु एवम् प्रशिक्षण विधिसम्बन्धी विस्तृत विवरण अलग्गै विकास गरिएको विस्वापो आधारभुत प्याकेज (कार्यान्वयन सहयोगी पुस्तिका) र प्रशिक्षक प्रशिक्षण निर्देशिकामा दिइएकोछ) ।*

## अनुसुची -६ : टिपिडीको सैद्धान्तिक अवधारणा

१. **नेपालमा शिक्षक तालिमको हाल सम्मको उपलब्धि**

(१) वि.सं. २०२८ सालबाट प्रारम्भ भएको नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना (National Education System Plan) बाट नेपालमा प्रथम पटक शिक्षण पेसाका लागि प्राज्ञिक योग्यता (Academic Qualification) र पेसागत योग्यता (Professional Qualification) निर्धारण

(२) यी दुवै प्रकारका योग्यता प्राप्त व्यक्ति मात्र योग्य शिक्षक बन्न सक्ने नीति अवलम्बन,

(३) विद्यालय तहका लागि तोकिएको प्राज्ञिक योग्यताका साथै १० महिने अर्थात् १ बर्से पेसागत योग्यता अनिवार्य,

(४) तात्कालीन नीतिका बाबजुद पनि योग्यता प्राप्त उम्मेदवारलाई मात्र पूर्णरूपले शिक्षणमा भर्ना गर्न नसकिएको,

(५) पेसागत योग्यताविहीन सेवारत शिक्षकलाई अवकास दिन सकिने अवस्था पनि नरहेको,

(६) तसर्थ, यस्तो नीतिगत व्यवस्थाअन्तर्गत सेवाकालीन १० महिने प्रमाणीकरण शिक्षक तालिम कार्यक्रम कार्यान्वयन गर्न सरकारद्वारा देहायअनुसारका योजना तथा परियोजनाहरू सञ्चालन गरिएको :

- (क) सेती परियोजना (Seti Education and Rural Development Project), सन् १९८०-
- (ख) प्राथमिक शिक्षा परियोजना (Primary Education Project), १९८५-९०
- (ग) आधारभूत तथा प्राथमिक शिक्षा परियोजना/कार्यक्रम (Basic and Primary Education Project/program), १९९२-२००३
- (घ) रेडियो शिक्षा शिक्षक तालिम (Radio Education Teacher Training), १९७८-
- (ङ) विज्ञान शिक्षा परियोजना (Science Education Project)
- (च) माध्यमिक शिक्षा विकास परियोजना (Secondary Education Development Project)
- (छ) प्राथमिक शिक्षा विकास परियोजना (Primary Education Development Project), सन् १९९२ -१९९८
- (ज) सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५)
- (झ) शिक्षक शिक्षण आयोजना (Teacher Education Project), २००२-२००९
- (ञ) माध्यमिक शिक्षक सहयोग कार्यक्रम (Secondary Education Support Program) २००३-२००९

(७) यस्ता कार्यक्रमअन्तर्गत १० महिने तालिमलाई विभिन्न अवधिमा टुक्रयाएर शिक्षक तालिम सञ्चालन व्यवस्था मिलाइएको,

(८) अन्तत: तालिम नीति २००५ द्वारा विद्यालय तहमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई १० महिने तालिम प्राप्त तुल्याउने नीतिको कार्यक्रम र संस्थागत व्यवस्थासहितको प्रतिवद्धता,

(९) शिक्षक शिक्षण आयोजना र माध्यमिक शिक्षक सहयोग कार्यक्रमअन्तर्गत देशभरि विस्तारित रूपमा तालिम सञ्चालन गर्न Extensive Training Network (ETN) स्थापना गरी उक्त नीतिलाई कार्यक्रममा रूपान्तर गरिएको,

(१०) तालिम अप्राप्त सम्पूर्ण शिक्षकहरूको Backlog Clearance गर्ने राष्ट्रिय अभियान, २०६३ कार्यान्वयन,

(११) आश्विन २०६६ भित्र स्वीकृत दरबन्दीमा कार्यरत सबै सेवाकालीन शिक्षकहरू लाई १० महिने पेसागत योग्यता प्राप्त तुल्याउने लक्ष्य हासिल गर्ने कार्य सम्पन्न,

(१२) वि.सं. २०२८ देखि प्रारम्भ गरिएको नीतिबमोजिम प्राज्ञिक र पेसागत दुवै योग्यता प्राप्त उम्मेदवारहरू मात्र शिक्षण पेसामा प्रवेश गराउने कार्य हाल आएर सम्पन्न भएको छ ।

## २. विद्यमान कानूनी प्रवन्ध

शिक्षा नियमावली २०५९ (संशोधन सहित) को परिच्छेद १० मा दूर शिक्षा सम्वन्धी व्यवस्था गरिएको छ । यस नियमावली को नियम ५६ ले शिक्षक शिक्षा र शिक्षक तालिम सम्वन्धमा, विद्यालय शिक्षा सम्वन्धमा । खुला शिक्षा सम्वन्धी अन्य कार्यक्रमका सम्वन्धमा दूर शिक्षा प्रदान गर्न सकिने व्यवस्था गरेको छ । नियम ५७ मा दूर शिक्षा सम्वन्धी नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापन गर्नका लागि शिक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा एक दूर शिक्षा समिति रहने र दूर शिक्षा महाशाखाका निर्देशकले उक्त समितिको सदस्य सचिव हुने र दूर शिक्षा समितिको सचिवालय शैक्षिक जनशक्ति विकास केन्द्रमा रहने व्यवस्था गरेको छ ।

शिक्षा नियमावली को परिच्छेद १३ मा तालिम तथा प्रशिक्षण सम्वन्धी व्यवस्था गरिएको छ । उक्त नियमावलीको नियम ७२ मा शिक्षक, मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षा सम्वन्धी समुदायमा संलग्न व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक विकास सम्वन्धी नीति निर्माण, व्यवस्थापन गर्ने काम समेतका लागि शिक्षा मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा एक शैक्षिक जनशक्ति विकास परिषद् रहने व्यवस्था छ । उक्त परिषद्को सदस्य सचिवको रुपमा शेक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक रहने र परिषद्को सचिवालय शेक्षिक जनशक्ति विकास केन्द्रमा रहने व्यवस्था समेत छ ।

शिक्षा नियमावली २०५९ कै नियम ७४ ले शिक्षक, मन्त्रालय अन्तर्गतका कर्मचारी तथा शिक्षा सम्वन्धी समुदायमा कार्यरत व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक अनुसन्धानको काम गर्न एक कार्यकारी निर्देशक प्रमुख रहेको एक शैक्षिक जनशक्ति विकास केन्द्र रहने व्यवस्था गरेको छ । कार्यकारी निर्देशकका काम कर्तव्य र अधिकारहरू नियम ७४ क मा व्यवस्थित गरिएका छन् ।

त्यस्तै गरी शिक्षा नियमावली २०५९ (संसोधन सहित) को नियम १५ (ठ) मा क्षेत्रीय शिक्षा निर्देशकले शिक्षक तालिम कार्यक्रमहरूको समन्वय, निरीक्षण तथा अनुगमन गर्नुपर्ने भन्ने उल्लेख

छ । नियम नियम १६ (ड) मा स्रोतकेन्द्रवाट विद्यालयको निरक्षिण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने गराउने  दायित्व जिल्ला शिक्षा अधिकारीलाई सुम्पेको छ भने नियम १७ (ट) ले शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने जिम्मेवारी विद्यालय निरीक्षकलाई दिएको छ ।

शिक्षा मन्त्रालयद्धारा जारी गरिएको स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ को ४.१.१७ मा तालिम संचालन तथा व्यवस्थापन सम्बन्धी निम्नअनुसार कार्यहरू स्रोतव्यक्तिले गर्ने भनि उल्लेख गरिएको छ

- शिक्षकको पेशागत विकास (Teacher Professional Development- TPD) को कार्यान्वयनका सम्बन्धमा शिक्षक पेशागत विकासको माग सङ्कलन, प्रबोधीकरण र तालिम सामग्री निर्माण गरी कार्यक्रम संचालन गर्ने,
- रोष्टर प्रशिक्षक छनौट गरी तालिम संचालनमा सहयोग गर्ने,
- Teacher Professional Development कार्यक्रमको Instrutional Councelling चरण अन्तर्गत र अन्य समयमा समेत तालिम प्राप्त शिक्षकहरूको सुपरीवेक्षण सेवा र पेशागत सहयोग उपलब्ध गराउने,
- सेवा क्षेत्र भित्रका शिक्षकले प्रत्येक मोड्यूल तालिम पुरा गरेको विवरण अद्यावधिक बनाई राख्ने र मोड्यूल पुरा गर्नेलाई प्रमाण-पत्र दिने,
- प्राविधिक सहयोगका लागि शैक्षिक तालिम केन्द्र र अगुवा स्रोतकेन्द्र संग सम्पर्क र समन्वय गर्ने,
- शैक्षिक तालिम केन्द को सहकार्य र समन्वयमा शिक्षण सिकाई शैक्षिक गुणस्तर र पेशागत विकास सम्बन्धमा कार्यमूलक अनुसन्धान, घटना अध्ययन आदि संचालन गर्ने र प्रवोधीकरण गर्ने
- सम्वन्धित जिल्ला शिक्षा अधिकारी,कार्यक्रम अधिकृत र विद्यालय निरीक्षकले तोकेवमोजिमका कार्य तथा स्रोतकेन्द्र व्यवस्थापन समितिको निर्णयअनुसार अन्य कार्य गर्ने

विद्यमान स्रोतकेन्द्र कायम रहेका उच्च माध्यमिक विद्यालय वा माध्यमिक विद्यालयहरूमध्येबाट अगुवा स्रोतकेन्द्र (LRC) को छनोट गरिएको छ । अन्य कुराको अतिरिक्त अगुवा स्रोतकेन्द्रको उद्देश्य देहाय वमोजिम रहेका छन्:

- ➢ शै.ज.वि.के. बाट सञ्चालन गरिने पेसागत क्षमता अभिवृद्धिसम्बन्धी तालिममा समतापूर्ण पहुँच बनाउनका लागि सहयोग गर्नु,,
- ➢ आफ्नो सेवाक्षेत्रका स्रोतकेन्द्रमा रहेका मानव संसाधनको पेसागत विकासमा टेवा पुऱ्याउनु,
- ➢ स्रोतकेन्द्रहरूबाट सञ्चालन हुने तालिमहरूको गुणस्तर सुनिश्चित गर्नु,
- ➢ विद्यालय सुधारका लागि सेवा प्रदान गर्नु र तालिमको प्रभावको अनुगमन कार्य गर्नु,
- ➢ शिक्षकहरूलाई पेशागत सहयोग पुऱ्याउनु ।

निजामति सेवा ऐन नियमावली, सार्वजनिक खरिद एन तथा नियमावली, शुसाशन ऐन तथा नियमावली शिक्षा ऐन तथा नियमावली जस्ता प्रचलित ऐन कानूनको परिसिमामा रही शैक्षिक जनशक्ति विकास केन्द्रका कार्य प्रकृयालाई सरलीकृत र प्रभावकारी वनाउन शैक्षिक जनशक्ति विकास व्यवस्थापन निर्देशिका, शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका लगायत अन्य प्रशिक्षण र तालिम सम्वन्धि निर्देशिकाहरू शैजविकके को प्रयासमा विकास र जारी भएका छन् ।

## ३. शिक्षकको पेसागत विकाससम्बन्धी विद्यालय क्षेत्र सुधार योजनामा भएको विद्यमान नीतिगत व्यवस्था

विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शिक्षकको पेशागत विकास सम्वन्धी व्यवस्था एक प्रमुख अवयवको रुपमा रहेको छ । यसका मुख्य लक्ष्य, उद्धेश्य, नतिजा र रणनीतिहरू देहाय वमोजिम रहेका छन् :

लक्ष्य:

- विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूमा ज्ञान र सीपको सुनिश्चितता गर्ने

उद्देश्य:

- विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याउन सबै शिक्षकहरूको योग्यता तथा पेसागत दक्षता अभिवृद्धि गर्ने ।

मुख्य मुख्य नतिजाहरू:

- शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिनका लागि ७५० मास्टर प्रशिक्षक तालिम प्राप्त भई सक्षम भएको हुने ।
- शिक्षक तयारी कोर्स र पुनर्ताजगी तालिममार्फत् सबै शिक्षकका पेसागत ज्ञान तथा सीप अद्यावधिक भएको हुने ।
- ४,०५० प्रधानाध्यापकहरूले प्रमाणीकरण तालिम पूरा गरेको हुने ।
- तयारी कोर्सका माध्यमबाट पिछडिएका समूहका ७,००० शिक्षकहरूको क्षमता अभिवृद्धि भएको हुने ।

रणनीतिक क्रियाकलापहरू :

- १० महिने सेवाकालीन र पूर्वसेवाकालीन तालिम लिएका शिक्षकहरूको योग्यता बढाउन कक्षा १२ को विशेष पाठ्यक्रमरशिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- १० महिने सेवाकालीन तालिमको बाँकी रहन गएको भाग पुरा गरी तालिम अप्राप्त सबै शिक्षकलाई तालिम प्रदान गर्ने ( प्राथमिक र माध्यमिक तहमा कार्यरत करिब १०,००० शिक्षकहरूलाई )

- पाँच वर्षको अवधिभित्र सबै तहका (बालविकासदेखि कक्षा १२ सम्म) शिक्षकहरूका लागि अगुवारस्रोतकेन्द्रमा मागमा आधारित तथा पुनर्ताजगी शिक्षक तालिमको विकास र कार्यान्वयन गरिनेछ ।
- विक्षेसु योजनाअन्तर्गत शिक्षक तालिम सञ्चालन गर्नका लागि विव्यसहरूलाई आवश्यकताअनुसार रकम उपलब्ध गराइनेछ । योजना अवधिभित्र करिब ५०,००० शिक्षकहरूलाई लक्षित गरिनेछ । यस उद्देश्यका लागि करिब ७५० प्रशिक्षकहरू उत्पादन गरिनेछ ।
- १-३ महिने विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी तालिमको विकास गरी छानिएका प्रअहरूलाई शैताकेमार्फत् तालिम दिइनेछ ।
- अनुगमन तथा शिक्षकहरूलाई तालिमपश्चात् सहयोग: व्यावसायिक मापदण्ड हासिल भए नभएको सुनिश्चित गर्न जिल्ला तथा स्थानीय तहको तालिम कार्यक्रम कार्यान्वयनको अनुगमन शैजविकेले गर्नेछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नतिजा हासिल भए नभएको तथा प्रणालीले उत्तरदायित्व वहन गर्न सकेनसकेको भनी बाह्य रूपमा आवधिक लेखाजोखा गर्नेछ ।
- सबै प्रकारमा मोडुलर शिक्षक तालिम, मध्यमस्तरीय व्यवस्थापक र प्राविधिक कर्मचारीहरूलाई दिइने तालिम र विद्यालय तहका लागि विव्यस, विविस, गाविस सदस्यका लागि दिइने तालिमको विकास र कार्यान्वयन गर्न शैताकेरअगुवा स्रोतकेन्द्रहरूलाई समृद्ध गराइनेछ ।
- करिब ६०,००० नव नियुक्त शिक्षक र अन्य शिक्षा अधिकृतहरूका लागि ७(१० दिनको कार्यअनुभव तालिम दिने प्रावधान राखिनेछ । यसका लागि लाग्ने खर्चका बारेमा क्षमता विकास खण्डमा चर्चा गरिनेछ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रममा रहेको शिक्षकको पेशागत विकास सम्वन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयका लागि यस योजनाको अवधारणा बमोजिम शिक्षक विकास नीति निर्देशन (Teacher Development Policy Guidelines, 2011) मिति २०६७/०९/२५ मा मन्त्रालयतहवाट स्वीकृत भै जारी भएको छ । यस गाइडलाइनमा सातओटा नीतिगत क्षेत्रहरू रहका छन:

१) वृत्ति विकासका लागि तयारी (Policy Field-1: Career Preparation)

२) योग्यता अभिवृद्धि (Policy Field-2: Qualification upgrading)

३) पेशागत विकास (Policy Field-3: Professional Development)

४) शिक्षकको जवाफदेहिता वृत्ति विकास (Policy Field-4: Teachers' Accountability and Career Development)

५) सार्वजनिक निजी साझेदारी (Policy Field-5: Public-private Cooperation)

६) विद्यालय नेतृत्व (Policy Field-6: School Leadership)

७) संस्थागत क्षमता विकासको प्रवन्ध (Policy Field-7: Arrangement of Institutional Capacity)

वर्तमान शिक्षक विकास नीतिको शारांशलाई तल वक्समा प्रस्तुत गरिएको छ ।

**वर्तमान शिक्षक विकास नीतिको शारांश**

१. सम्पूर्ण शिक्षकहरूलाई सेवाकालिन रूपमा आगामी ५ वर्षभित्रमा ३० दिन बराबरको शिक्षकको पेसागत क्षमता विकास तालिममा पहुँच सुनिश्चित गर्ने ।
२. शिक्षकहरूको वृत्तिविकासका लागि प्रत्येक तहमा Beginner, Experienced, Master and Expert गरी जम्मा चारओटा श्रेणी रहने र प्रत्येक माथिल्लो श्रेणीमा बढुवा हुनका लागि उल्लिखित अवधिको पेसागत तालिम (टिपिडी मोड्युल), योग्यता, कार्यसम्पादन र ज्येष्ठतालाई आधार बनाइने ।
३. SSRP अन्तर्गत कायम भएको कार्यरत शिक्षकहरूको योग्यता अपग्रेडिङग गर्न आधारभूत तहका हकमा साविकमा उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत चालु रहेको १० महिने तालिमप्राप्त जनशक्तिलाई कक्षा १२ को विशेष पाठ्यक्रम अध्यापन गराउने कार्यक्रम कार्यान्वयन जारी रहने । साथै माध्यमिक तहका हकमा विश्वविद्यालयहरूसँग विशेष सहकार्य गरी एमएड कार्यक्रम सञ्चालन गरिने ।
४. विशेष शिक्षा, बहुभाषिक शिक्षा, बहुकक्षा शिक्षणका लागि शिक्षा विभागबाट छनोट गरिएका (Designated) शिक्षकहरूको विशेष क्षमता विकास गराउनका लागि सघन तालिम कार्यक्रम सञ्चालन गरिने ।
५. तालिम प्रणाली एवम् शैजविके अन्तर्गत क्रियाशिल सङ्गठनहरूको संस्थागत पुन:संरचना एवम् सुदृढीकरण गर्ने उद्देश्यले आवश्यक अध्ययन अनुसन्धान गरिने ।
६. सम्पूर्ण प्रअहरूको नेतृत्व क्षमता विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २०% को पहुँच सुनिश्चित गर्ने गरी कार्यक्रम तय गरिने ।

४. अन्य नीतिगत प्रवन्ध

क) शिक्षा मन्त्रालय अन्तर्गतको जनशक्ति विकासका निमित्त तालिम नीति २०६२ मा भएको व्यवस्था

मिति २०६२/०२/२४ मा शिक्षा मन्त्रालयवाट स्वीकृत भै जारी भएको यस नीतिका प्रमुख ४ नीतिगत क्षेत्रहरू रहेका छन्:

१) नीतिगत क्षेत्र १: प्रवेश विन्दूमै तालिमको आवश्यकता

२) नीतिगत क्षेत्र २: शिक्षक विकास कार्यक्रम

३) नीतिगत क्षेत्र ३: तालिमको गुणस्तर र मापदण्ड

४) नीतिगत क्षेत्र ४: तालिममा समन्याय

यसका साथै यस नीतिमा व्यवस्थापन तालिमको प्रवन्ध, तालिम व्यवसायी व्यवस्था विकास, संस्थागत प्रवन्धका विषयमा समेत उल्लेख गीरिएको छ ।

ख) खुला शिक्षा तथा दूर सिकाइसम्वन्धी नीति २०६३

खुला तथा दुर सिकाई नीति २०६३ शिक्षा मन्त्रालयवाट मिति २०६३/०९/२०) मा स्वीकृत भै जारी भएको हो । यसका मुलभुत विशेषता देहाय वमोजिम रहेका छन:

- दुर दृष्टि: विविध आवश्यकता भएका हरूको सिकाई आवश्यकताका लागि बैकल्पिक व्यवस्था
- उद्धेश्य: पहूँच विस्तार, गुणस्तर विकास, जीवन पर्यन्त सिकाई, सीपमा आधारित शिक्षा
- प्रमुख ४ नीतिहरू:
  १. विभिन्न चाहना भएका सिकारुहरूका लागि शिक्षमा पहूँचको विस्तार गर्ने (Expanding access to education to learners of diverse needs)
  २. परम्परागत शिक्षाको गुणस्तर वृद्धि गर्ने (Improving quality of conventional education)
  ३. जीवन पर्यन्त शिक्षा र पेशागत विकासको अभिवृद्धि गर्ने (Promoting continuing education and professional development)
  ४. ज्ञान र सीपको प्रमाणीकरण गर्ने पद्धतिको स्थापना गर्ने (Establishing a system of knowledge and skills certification)

ग) त्रीवर्षीय योजनामा भएको नीतिगत व्यवस्था

- जिल्लामा रहेका स्रोतकेन्द्रहरूलाई क्रियाशील गराई शिक्षकको पेशागत विकास र समष्टिगत शिक्षाको प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्दै शैक्षिक प्रणाली र सेवा प्रवाहलाई सुदृढ गरिने छ ।
- सवै तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पठन पाठन सामग्री तथा विधिमा पुनरावलोकन गरी समसामयिक परिवर्तनलाई समावेश गरिने छ ।

५. सैद्धान्तिक आधारहरू

(क) अनुसन्धानमूलक दृष्टिकोण

(१) शिक्षकहरूलाई सङ्ख्यात्मक रूपमा तालिम पूरा गराइए तापनि तामिमा सिकेका सीपको ५०% मात्र कक्षाकोठामा प्रयोग भएको (DOE, 2006/CERID, 2005),

(२) शिक्षकहरूमा निहित ज्ञान एवम् सम्पूर्ण क्षमताको उपयोगबाट विद्यार्थी उपलब्धि स्तर बढाउन थप follow-up support र निरन्तर शिक्षक पेसागत विकास गतिविधि सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको (CERID Formative Research Report),

(३) विश्वव्यापी अभ्यासअनुसार पनि Off-the-Job भन्दा On-the-Job/School-based एवम् Cluster-Based शिक्षक विकास मोडेल उत्तम मानिएको,

(४) बृहत् अर्थमा पेसागत विकास भन्नाले व्यक्तिको पेसागत भूमिकामा अभिवृद्धि गर्नु हो,

(५) विशिष्टिकृत अर्थमा - पेसागत विकास भनेको त्यस्तो पेसागत बढोत्तरी हो जुन अनुभवहरूको सङ्ग्रहित परिणाम हो,

(६) यस्ता अनुभवहरूलाई औपचारिक र अनौपचारिक गरी दुई चरणमा हेर्न सकिन्छ :

i. औपचारिक अनुभव - तालिम कार्यशालामा सहभागिता, पेसागत भेला, बैठक, सिकारुको कार्यस्थलमै दिइने सहयोग (mentoring)

ii. अनौपचारिक अनुभव - पेसासँग सम्बन्धित प्रकाशनहरूको अध्ययन, विद्युतीय माध्यमबाट ग्रहण गरिएका पेसागत विषयवस्तुहरू

(७) शिक्षकको पेसागत विकास वृत्ति विकास (career development) भन्दा बृहत् हुन्छ,

(८) शिक्षकको पेसागत विकास दीघकालीन प्रक्रिया हो । यसले लामो समय लिन्छ,

(९) पेसागत विकास निर्माणवाद (constructivism) मा आधारित छ,

(१०) विद्यालय सुधारमा यो घनिष्ठ रूपमा आवद्ध छ,

(११) शिक्षकको पेसागत विकासमा शिक्षकलाई प्रतिबिम्बनकारी प्रयोगकर्ताका रूपमा हेरिन्छ,

(१२) यो सहकार्यात्मक प्रक्रिया हो ।

(ख) **शिक्षक पेसागत विकास** (Teacher Professional Development) **डिजाइन विकासका आधारहरू :**

(१) शिक्षकहरूलाई निरन्तर रूपमा पेसागत दक्षता नवीकरण गर्न,

(२) नियमित ढङ्गले शिक्षक कार्य सम्पादन क्षमता सुधार गर्न,

(३) दैनिक अनुभवबाट सिकेका ज्ञानका आधारमा हमेसा समग्र पेसागत उत्कृष्टतातर्फ डोऱ्याउन,

(४) शिक्षक-सिकाइ प्रक्रियाका विश्वव्यापी चरणहरू :

(क) आफू विद्यार्थी छँदा शिक्षकद्वारा गरिएको शिक्षण अनुभवको गहन अवलोकन (Apprenticeship या Observation)

(ख) पूर्व सेवाकालीन शिक्षक तयारी कोर्स (Teacher Preparation)

(ग) सेवा प्रवेश अभिमुखीकरण (Job Induction)

(घ) पेसागत विकास (Professional Development)

(५) हाल नेपालका सार्वजनिक विद्यालयका शिक्षकहरूले अघिल्ला तीनओटा चरणहरू पूरा गरिसकेका,

(६) चौथो चरण मात्र पूरा गर्न बाँकी रहेको हुँदा त्यसैमा केन्द्रित हुने शिक्षक विकास मोडेल तय गरिएको,

(७) विद्यालयमा आधारित (School-based) शिक्षक पेसागत विकास गतिविधि सञ्चालन गरी व्यावहारिक समस्या र पेसागत मूल्य मान्यतासँग आम शिक्षकहरूको सोझो सम्बन्ध स्थापित गर्न मदत पुऱ्याउने मोडेललाई उत्तम मानिन्छ,

(८) सबै विद्यालयहरू क्षमतागत रूपमा तयार भई नसकेको अवस्थामा विद्यालय–क्लस्टर तहमा (Cluster-based) पनि यस्ता गतिविधि सञ्चालन गरिएका अभ्यासहरू,

(९) विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आधारित व्यवस्थापन (School-based Management) को अवधारणा सघन रूपमा कार्यान्वयन गर्ने नीति रहेको,

(१०) विद्यालय र क्लस्टर तह दुवैबाट पेसागत सहायता प्राप्त गर्न सक्ने समन्वयात्मक ढाँचा (Coordinated Approach) का रूपमा Field-based Teachers' Professional Development गतिविधि सञ्चालन गर्ने गरी प्रस्तुत डिजाइन तयार गरिएको,

(११) प्रस्तुत मोड्युल मूलत: प्रौढ सिकाइ (Adult Learning) सिद्धान्तबाट निर्देशित भएकोले देहायअनुसारका सैद्धान्तिक मान्यताहरू अवलम्बन गरेको :

i. शिक्षकहरूलाई स्वायत्त रूपमा आफ्नो व्यवसायको लागि आफैँले मानक (Norms) स्थापना गरी तिनैबाट आफू निर्देशित हुने स्वतन्त्र अनुभव प्राप्त हुने छ,

ii. असल शिक्षकहरूले मौजुदा अनुभवलाई गहन परीक्षण गर्ने बानी र आफ्नो साविकको कार्य सम्पादन सुधारका लागि हमेसा प्रयासरत रहने जस्ता प्रतिबिम्बात्मक (reflective) व्यवहार अनिवार्य रूपमा अवलम्बन गरेको हुने छ,

iii. सबै शिक्षकहरू आफूलाई आवश्यक पर्ने ज्ञान स्वयम्बाट रचना गर्ने अभियान (Constructivism) अवलम्बन गर्छन् र आफ्ना विद्यार्थीहरूलाई त्यस्तै अभ्यास र अनुभवका लागि तयार गर्न तत्पर रहन्छन् ।

(१२) वर्तमान परिप्रेक्ष्यमा शिक्षकहरूको विषयवस्तुको ज्ञान मात्र बढाउनुभन्दा सकारात्मक प्रवृत्ति (attitude) विकास गराई उनीहरूलाई निरन्तर स्वाध्ययनप्रति थप जागरुक, विद्यार्थीको सिकाइ उपलब्धिका लागि जवाफदेही र समग्र विद्यालयको समुन्नतिका लागि योग्य तुल्याउनु

(१३) अभ्यासले प्रवृत्तिलाई बदल्न सक्छ नकि प्रवृत्तिले अभ्यासलाई (practice changes attitude rather than vice-versa) भन्ने विद्वान् Guskey को भनाई ।

(ग) औचित्य

i. शिक्षकको व्यावसायिक जवाफदेहितामा बढोत्तरी

ii. सिकारूको सर्वोच्चता सुनिश्चितीकरण

iii. विद्यालय र अगुवा/स्रोतकेन्द्र/शैताकेबीच स्वचालित सम्बन्ध स्थापना

iv. लक्षित समूहकेन्द्रित कुशलतायुक्त लगानी व्यवस्था ।

## अनुसूचि ७ : शिक्षकको पेसागत विकास मोड्युलको संरचना

१) **अपेक्षित नतिजा**

यस पुस्तिकामा प्रस्तुत निरन्तर पेसागत विकास कार्यक्रममा शिक्षकहरूको सहभागिताबाट शिक्षण कार्य सम्पादनमा सकारात्मक परिवर्तन अवलोकन गर्न सकिने र विद्यार्थीले हासिल गरेको उपलब्धिमा बढोत्तरी देख्न सकिने छ ।

२) **उद्देश्य**

१. शिक्षकले सामना गर्नु परेका शिक्षण सिकाइसम्बन्धी (Pedagogical) तात्कालीक समस्या समाधान गर्नु

२. शिक्षण कार्यमा उत्कृष्टता निश्चित गर्न शिक्षकको निरन्तर पेसागत दक्षता अभिवृद्धि गर्नु ।

३) **मोड्युल संरचना**

(क) **भागः-१: तालिम-कार्यशाला (Training-workshop)**

यो भाग ५ दिनसम्म प्रत्येक टिपिडी हबमा सहभागी शिक्षकहरू र विशेषज्ञ/प्रशिक्षकबीच फेस टु फेस मोडबाट सञ्चालन हुने छ ।

(ख) **भाग-२: स्वाध्ययन अभ्यास (Self-study exercise)**

यो भाग पहिलो भाग सञ्चालन भएपश्चात सामान्यतया २० देखि ३० दिनभित्र ३ दिन कार्यभार बराबरको क्रेडिट पाउने गरी प्रत्येक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरू सम्पादन गरी सम्पन्न गर्नुपर्ने छ ।

(ग) **भाग-३: शैक्षिक परामर्श (Instructional Counselling)**

यो भागमा दोस्रो भागको अवधि पूरा भएलगत्तै प्रत्येक हबका प्रशिक्षकद्वारा दुई दिनसम्म सहभागीहरू कार्यरत विद्यालयमै भ्रमण गरी तिनीहरूले दोस्रो भागअन्तर्गत सम्पादन गरेका कार्यको अवस्था/प्रतिवेदन मूल्याङ्कन तथा एजेन्डामा आधारित बैठक सञ्चालन गर्नुपर्नेछ र त्यसका आधारमा टिपिडी मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्ने छ ।

४) **कार्यान्वयन कार्यविधि**

**मोड्युल सञ्चालन**

(क) आगामी दुई वर्ष सबै हबबाट आफ्नो सेवाक्षेत्रभित्रका तालिम अप्राप्त शिक्षक मोडुलसङ्ख्याको दरले हुन आउने सरदर ५० प्रतिशत शिक्षकलाई समेट्ने गरी १०/१० दिने टिपिडी मोड्युल तीन फरक-फरक शिक्षक समूहहरूलाई सञ्चालन सम्पन्न गर्ने योजना तयार गरी समयमै सहभागी शिक्षकहरूको छनोट गर्न जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी व्यवस्था मिलाउनुपर्ने छ ।

(ख) सबै हबबाट उपर्युक्त मोड्युल सामग्री प्रयोग गरी मोड्युलको भाग-१ खण्ड देहायको कार्यतालिकाबमोजिम सञ्चालन गर्नुपर्ने :

(१) मोड्युलको भाग-१ खण्ड पूरा भएको सामान्यत: ३० दिनभित्र भाग-२ खण्ड अन्तर्गतको कार्यकलाप सञ्चालन गर्ने समय प्रदान गर्ने र थप भाग-३ खण्ड अन्तर्गतको शैक्षणिक परामर्श सम्पन्न गर्ने गरी १५ दिनभित्र प्रत्येक हबबाट स्रोतव्यक्ति/प्रशिक्षक परिचालन गर्ने योजना तथा व्यवस्था गर्नुपर्ने छ ।

(२) प्रत्येक हबबाट भाग-२ खण्डअन्तर्गत सहभागी शिक्षकहरूलाई तोकिएको प्रोजेक्ट कार्य सम्पादन प्रक्रियाको निरन्तर अनुगमन र सहायता प्रदान गर्न सम्बन्धित विद्यालयका प्रअलाईसमेत परिचालन गर्ने व्यवस्था मिलाउन सक्ने ।

(३) वैकल्पिक व्यवस्थाका रूपमा माध्यमिक तहको हकमा हबबाट दुरीको हिसाबले टाढा रहेका विद्यालयहरूमा शैक्षिक परामर्श सञ्चालन गर्न सम्बन्धित विद्यालयका प्र.अ.लाई तोक्न सकिने छ । साथै स्रोतकेन्द्र भित्र नजिकैका विद्यालयमा रहेका र यस पूर्वको तालिम सञ्चालनका दौरानमा सहभागिको रुपमा उत्कृष्ट क्षमता प्रदर्शन गरेका शिक्षकलाई पनि परिचालन गर्न सकिने छ । शैक्षिक परामर्श सञ्चालन सम्पन्न गरिसकेपछि सहभागी शिक्षकहरूले तयार गरेको प्रोजेक्ट कार्य प्रतिवेदन र बैठकको निर्णयप्रति प्रत्येक हबमा राखिएको विद्यालयगत फोल्डरमा व्यवस्थित रूपले अभिलेख राख्नुपर्ने छ ।

५) **प्रमाणीकरण प्रक्रिया**

१) प्रत्येक मोड्युलको पूर्ण चक्र सम्पन्न भइसकेपछि

भाग-१: तालिम-कार्यशाला खण्डलाई ५ कार्यदिन बराबर,

भाग-२: स्वाध्ययन अभ्यास खण्डलाई तीन कार्यदिन बराबर र

भाग-३: शैक्षणिक परामर्श खण्डलाई दुई कार्यदिन बराबरको क्रेडिट प्रदान गरी जम्मा १० कार्यदिन क्रेडिट बराबरको टिपिडी मोड्युल पूरा गरेको प्रमाण-पत्र जारी गर्नुपर्ने

१. तीनओटै मोड्युल सम्पन्न नगरुन्जेल त्यसै प्रमाण-पत्रमा अद्यावधिक गर्दै जाने व्यवस्था मिलाउनु पर्ने छ ।

२. शैक्षिक परामर्शका दौरान कुनै सहभागी शिक्षकको प्रोजेक्ट कार्य सम्पादन सन्तोषजनक नपाइएमा निजलाई तत्काल प्रमाण-पत्र रोक्का गर्ने र तोकिएको कार्य सम्पादन गर्न केही समय प्रदान गरी त्यसको परिणाम सन्तोषजनक पाइएमा प्रमाण-पत्र जारी गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

३. हबहरूले तोकिएको लेजर-बुकअनुसार प्रत्येक मोड्युलका सहभागी विवरण व्यवस्थित गर्ने र प्रत्येक आर्थिक वर्षको अन्त्यमा अभिलेख अद्यावधिक गरी सोको विवरण सम्बन्धित जिल्लाको अगुवा स्रोतकेन्द्र वा शैक्षिक तालिम केन्द्रसमक्ष पेस गर्नुपर्ने छ ।

४. प्रत्येक शिक्षकले पाँच वर्षभित्रमा तीनओटै मोड्युलहरू सम्पन्न गरेपछि समष्टिगत टिपिडी प्रमाणपत्र सम्बन्धित जिल्लाको अगुवा स्रोतकेन्द्र वा शैक्षिक तालिम केन्द्रबाट तोकिएको ढाँचामा जारी गर्ने व्यवस्था मिलाइनुपर्ने छ ।

६) गुणस्तर एवम् सहजीकरण संयन्त्र

विद्यमान नीतिगत एवम् कार्यक्रमिक ढाँचाअनुसार टिपिडीलगायतका शिक्षक विकास एवम् स्थानीय तमाम जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न मूलत: शैक्षिक तालिम केन्द्रहरू अगुवा/स्रोत केन्द्रहरू र जिल्ला शिक्षा कार्यालय गरी तीन प्रकारका संस्थाहरूबीच विविध त्रिपक्षीय सहकार्य अगाडि बढाउनुपर्ने वास्तविकतालाई आत्मसात गरी टिपिडी मोड्युल सञ्चालनका लागि व्यवस्था मिलाइएको छ ।

प्राविधिक अडिट व्यवस्था

१. प्रत्येक जिशिकाबाट आफ्नो जिल्लाअन्तर्गतका शैक्षिक तालिम केन्द्र, अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रका टिपिडी गतिविधिहरूलाई नियमित अनुगमन सहायता प्रदान गर्ने उद्देश्यले कार्यरत विद्यालय निरीक्षक/शाअहरूको सङ्ख्याअनुसार टिपिडी हबको क्लस्टर बनाउनुपर्ने छ । प्रत्येक क्लस्टरका लागि एकजना विनि/शाअलाई क्लस्टर फोकल अफिसर (Cluster Focal Officer- CFO) तोकी परिचालनको व्यवस्था मिलाउनुपर्ने छ ।

२. त्यस्ता क्लस्टर फोकल अफिसर (सिएफओ) ले कम्तीमा प्रत्येक मोड्युल सञ्चालन अवधिभित्र तोकिएको हब क्लस्टर भ्रमण गर्ने कार्ययोजना बनाई मूलत: टिपिडी गतिविधिको प्राविधिक अडिट (technical audit) र आवश्यकताअनुसार अनुगमन सहायता (follow-up support) कार्यहरू सम्पादन गर्नुपर्ने छ ।

३. शिक्षकहरूबीच आपसी अनुभव आदानप्रदानबाट सिकाइ अभिवृद्धि गराउने र मोड्युल कार्यान्वयनबारे पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले प्रत्येक हबअन्तर्गत कम्तीमा १०/१० विद्यालयका शिक्षकहरूलाई अन्तरविद्यालय भ्रमण सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित सिएफओको हुने छ ।

सामग्री सहायता प्रबन्ध

शैक्षणिक सामग्री सहायता व्यवस्था सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा परीक्षणसमेतका आधारमा आधारभूत र माध्यमिक दुवै तहका लागि विकास गरिएका नमुना मोड्युल सामग्रीहरू प्रत्येक हबमा वितरण गरिने छ । साथै केन्द्रबाट प्रत्येक हबमा सन्दर्भ-सामग्रीका रूपमा प्रयोग गर्ने गरी विगतदेखि हालसम्म शिक्षक तालिमका लागि प्रयोग गरिएका तालिम सामग्रीहरू मोडरेसन गरी उपलब्ध गराइने छ । त्यसका अलावा उल्लिखित सामग्रीहरू वेभसाइटमार्फत् सबै शिक्षकहरूको निजी प्रयोगका लागि पहुँचयोग्य तुल्याउने व्यवस्थासमेत मिलाइने छ । त्यसैगरी क्षेत्रीयस्तरमा प्रत्येक वर्ष नौओटै शैताके 'क' बाट प्रत्येक वर्ष आधारभूत र माध्यमिक तहका लागि तीनतीनओटा नमुना

टिपिडी मोड्युल सामग्री विकास एवम् छपाइ गरी सेवाक्षेत्रअन्तर्गतका सबै हबहरूमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

प्रशिक्षक विकास

(१) टिपिडी कार्यान्वयन प्रयोजनका लागि शैताके, अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रहरूमा कार्यरत रहने प्रशिक्षकहरू (रोस्टरसमेत), स्रोतव्यक्ति र फोकल पर्सनलाई टिपिडी प्रशिक्षकका रूपमा परिभाषित गरी सोहीअनुरूप परिचालन व्यवस्था मिलाइने छ ।

(२) मोड्युल सञ्चालनका लागि २९ ओटा शैताकेहरूमा साविकमा कार्यरत विषयगत प्रशिक्षक /रोस्टरहरूलाई थप विकास गरी प्रभावकारी परिचालन व्यवस्था मिलाउनुपर्ने छ । अगुवा स्रोतकेन्द्र र स्रोतकेन्द्रका हकमा जिशिकाबाट देहायका छनोट मापदण्ड अवलम्बन गरी आन्तरिक प्रतिस्पर्धाका आधारमा छओटा मुख्य विषयहरू (अङ्ग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक र स्वाजवा) का लागि विषयगत रोस्टर/टिपिडी प्रशिक्षकहरू छनोट गर्ने कार्य सम्पादन गर्नुपर्ने छ ।

टिपिडी प्रशिक्षक छनोटका आधार

(१) सम्बन्धित विषयमा कम्तीमा बिएड वा सो सरह उत्तीर्ण गरी विगत पाँच वर्षदेखि मावि वा उमावि वा क्याम्पसमा शिक्षकका रूपमा कार्यरत

(२) माध्यमिक/उमावि/क्याम्पसको सम्बन्धित विषयको अध्यापन पेसाबाट तथा तालिम/ व्यवस्थापन पेसाबाट विगत एक वर्षभित्र अवकाश प्राप्त

(३) सम्बन्धित विषयमा एम्एड् वा सो सरह उत्तीर्ण गरेका इच्छुक पेसाकर्मी

(४) आधारभूत तहको प्रयोजनका लागि सोही तहमा विगत पाँच वर्षदेखि अध्यापनरत र कम्तीमा बीएड योग्यता प्राप्त ।

टिपिडी/रोस्टर प्रशिक्षकहरूको कार्यविवरण

(१) अगुवा/स्रोतकेन्द्रले आवश्यक परेको बखत टिपिडी आवश्यकता प्रस्ताव प्रमाणीकरण एवम् आवश्यकता प्रोफाइल तयारी तथा टिपिडी मोड्युलका तीनओटै भागहरू सञ्चालन कार्य उच्च पेसागत गुणस्तरका साथ सम्पादन गर्ने ।

(२) आवश्यकताअनुसार अगुवा/स्रोतकेन्द्रको अनुरोधमा शिक्षकको पेसागत विकाससम्बन्धी विभिन्न कार्यशाला, सामग्री निर्माण अभ्यास एवम् विद्यालय भ्रमण जस्ता कार्यमा सरीक हुने ।

(३) अगुवा/स्रोतकेन्द्रको कामका लागि खटिएको कारणले रोस्टर प्रशिक्षकले आफ्ना विद्यालयमा तोकिएको जिम्मेवारी पूरा गर्न कुनै वैकल्पिक व्यवस्था गर्नु नपर्ने गरी विद्यालय व्यवस्थापनसँग समझदारी निर्माण गर्नु पर्ने ।

(४) अगुवा/स्रोतकेन्द्रले खटाएको कार्यसम्पादन गरेवापत नियमअनुसार पारिश्रमिक व्यवस्था हुने ।

## अनुसूची–८ : शिक्षक तालिम कार्यक्रमअन्तर्गत निर्मित स्रोत सामग्रीहरूमा समावेश भएका विषयवस्तुहरू

### १. शान्ति, मानवअधिकार र नागरिक शिक्षा

*शान्ति भनेको के हो ?*

शान्ति भनेको भय र त्रासरहित स्वस्थ मानसिक एवम् शारीरिक स्थिति हो । व्यक्ति आनन्द र शान्तिपूर्ण अवस्थामा आफ्ना क्रियाकलापहरूलाई सहज र सकारात्मक ढङ्गबाट अघि बढाई सफलतातर्फ उन्मुख हुन सक्छ । सामान्य अर्थमा शान्ति भन्नाले आनन्दमा रहनु, अरुलाई बाधा नपुर्‍याई आफूले चाहेको कुरा पूरा हुनु, न्याय पाउनु, समानताको अनुभूति गर्नु, माया पाउनु, आपसी सम्मान गर्नु, समस्यालाई समाधान गर्न सक्नुजस्ता कुराहरूलाई बुझाउँछ । यसका साथै अन्याय, डर, हिंसा, युद्ध वा लडाइँको स्थिति नहुनुलाई पनि शान्तिको रूपमा लिने गरिन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष हिंसाको अवशेष नरहेको र सामाजिक न्याय विद्यमान रहेको अवस्था नै शान्ति हो । प्रत्यक्ष हिंसा, जस्तै- काटमार नहुँदैमा कुनै समाजमा शान्ति विद्यमान छ भन्न सकिन्न ।

*शान्तिका लागि आवश्यक तत्वहरू*

सहिष्णुता, सक्रिय सुनाइ, सहयोग, सञ्चार सीप, समस्या समाधान गर्ने सीप, संवेगात्मक इमान्दारिता, साझा बुझाइ, समता, आधारभूत आवश्यकता पूरा भएको, आदर, सबैको सहभागिता, बिधिको शासन, अरुको पहिचान, समता/समानता, सदिच्छा, लोकतान्त्रिक संस्कार, सकारात्मक सोचाइ, सामाजिक न्याय, आदर, साझा  नियम र नियमावली, मेलमिलाप र मध्यस्थता गर्ने सीप, पारदर्शिता, समानुभूति आदि तत्वहरू आवश्यक हुन्छ ।

*शान्तिका प्रकार :*

शान्तिलाई बिभिन्न किसिमले व्याख्या गरेको पाइन्छ, जस्तै-

१. सक्रिय शान्ति (सहमति, सहिष्णुता, बुझाइ, सहयोग, आदर, समानता, आत्मानुभूति, शान्त, मैत्रीपूर्ण वातावरण आदि ) र निश्क्रिय शान्ति ( युद्ध नहुनु, हिंसा नहुनु आदि ।)

२. व्यक्तिगत शान्ति, सामूहिक शान्ति, बृहत् शान्ति

३. आन्तरिक (आफ्नो मनभित्रको शान्ति) र बाह्य शान्ति (आफ्नो घरपरिवार, समाज, देश र अन्तर्राष्टि्रयस्तरमा हुने शान्ति)

४. सकारात्मक शान्ति (न्याय, समता, आपसी समझदारी र सद्भावसहितको शान्ति) र नकारात्मक शान्ति (युद्ध, हिंसा, आपसी मनमुटाव र झैंझगडा नभएको अवस्था)

*शान्ति शिक्षाको अवधारणा :*

शान्ति शिक्षाको अवधारणा बुझ्न यी बुँदाहरू उपयोगी हुनसक्छन् :

- मानिसलाई सचेत गराउने साधन शिक्षा हो ।

- सान्दर्भिक शिक्षाको पहुँच सर्वसाधारणसम्म पुग्न सकेमा शान्तिपूर्ण जीवनयापनमा टेवा पुग्दछ ।
- समालोचनात्मक र बौद्धिक सीपले समस्यासमाधान गर्न सहयोग पुऱ्याउँछ । यी सीपहरूको विकासका लागि शिक्षाको आवश्यकता पर्छ ।
- सहज रूपमा बालबालिकाले शिक्षा हासिल गरी आफ्नो व्यक्तित्व विकास गर्ने अवसर प्राप्त गर्नका लागि शान्तिको आवश्यकता पर्दछ ।
- हिंसार द्वन्द्वरहित वातावरण, तथा सामाजिक भेदभाव र लैङ्गिक भेदभावरहित शैक्षिक वातावरण नै शान्तिको सङ्केत हो ।

*द्वन्द्वका कारणहरू:*

आन्तरिक कारण: चाहना, आवश्यकता, लोभ, घमण्ड, इर्ष्या

बाहय कारण: विभेद, अन्याय, खराव व्यवस्थापन, भ्रष्टाचार, थिचोमिचो

*मानव अधिकारको अवधारणा*

मानव भएको नाताले उसले प्राप्त गरेको आधारभूत मानवीय अधिकारलाई नै मानव अधिकार भनिन्छ । मानिसहरू समान अस्तित्व हुने प्राणी भएकाले सबैको अस्तित्व र अधिकार समान हुन्छ । मानवअधिकार मानवको नैसर्गिक र प्राकृतिक अधिकार भएको हुँदा यसको महत्वलाई बुझेर संयुक्त राष्ट्रसङ्घको १३१ औं सभाले सन् १९४८ को १० डिसेम्बरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गरेको हो ।

मानव अधिकारका बारेमा केही परिभाषाहरू यसप्रकार छन् :

- मानव अधिकार नैसर्गिक अधिकारहरू हो जो प्रत्येक व्यक्तिले संसारमा ऊ एउटा मानव भएका नाताले तथ्यको बलमा अधिकार सम्पन्न हुन्छ ।
- मावनअधिकार आयोग ऐन, २०५३ ले मानवअधिकारलाई व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार ।

*मानव अधिकारका सिद्धान्तहरू*

- समानता र भेदभावरहित (Equality and non-discrimination)
- सहभागिताको अधिकार (Right to participation)
- जवाफदेहिता (Accountability)
- कानुनको शासन (Rule of law)
- शसक्तिकरण (Impowerment)

*मौलिक अधिकार*

अधिकार भनेको अरूलाई पीर, मर्का, बाधा नपारिकन आफ्नो हकको उपभोग गर्ने तरिका भन्ने बुझिन्छ । आधारभूत तथा मौलिक अधिकार भन्नाले त्यस्ता अधिकार हुन् जुन अधिकार मानिसको व्यक्तित्व विकासका लागि अनिवार्य हुन्छन् ।

*बालअधिकार*

बालकलाई बाँच्न, आफनो विकास गर्न र सुखी जीवन जिउनका लागि विभिन्न कुराहरूको जरूरी हुन्छ ती सुविधा राज्यबाट, समाजबाट र परिवारबाट प्राप्त गर्ने अधिकार बालअधिकार हो । गर्भावस्थादेखि १८ वर्ष मुनिका सबै बालबालिकाहरूले बाँच्नका लागि, सुरक्षाको लागि, शारीरिक एवम् मानसिक विकासको लागि आवश्यक पूर्वाधारको लागि आवश्यक सुविधा पाउनुपर्छ ।

*बालअधिकारसम्बन्धी भएका कानुनी अभ्यासहरू*

संयुक्त राष्ट्रसङ्घबाट भएका प्रयास

- बालअधिकारसम्बन्धी सन्धीमा नेपालले २० नोभेम्बर १९९० मा हस्ताक्षर गरी अनुमोदन गरेको ।
- शिक्षा ऐन २०२८ मा विशेष शिक्षाको व्यवस्था - अपाङ्गता भएका वालवालिकालाई विशेष प्रकारले शिक्षा दिने व्यवस्था गरेको छ । उदाहरणको लागि ब्रेल लिपिमा पाठ्यपुस्तक उपलब्ध गराउने, साङ्केतिक भाषामा सञ्चार गर्न पाउने ।

*बालबालिकासम्बन्धी ऐन, २०४८*

*नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था*

*बालअधिकारसम्बन्धी आधारभूत पक्षहरू:* बाँच्न पाउने अधिकार (Survival rights), सुरक्षित/संरक्षित हुन पाउने अधिकार (Protection rights), विकाससम्बन्धी अधिकार (Development rights) र सहभागितासम्बन्धी अधिकार (Participation rights)

*नागरिक शिक्षाको अवधारणा*

- नागरिकहरूलाई आफ्नो शासनका लागि सक्रिय सहभागी हुन सिकाउने शिक्षा नै नागरिक शिक्षा हो ।
- नागरिक शिक्षा सिकाइको एउटा हाँगा जसले नागरिक र उसको समाज, राज्य र सरकारबीचको सम्बन्धका बारेमा व्याख्या गर्दछ ।
- लोकतन्त्रको मूल्य, मान्यता र सिद्धान्तप्रति प्रतिवद्ध, सुसूचित, तार्किक, नागरिककर्तव्यप्रति सचेत नागरिक तयार गर्नु नागरिक शिक्षाको लक्ष्य हो
- नागरिक जीवनका लागि आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिको विकास गर्नु नागरिक शिक्षाको उद्देश्य हो ।

*नागरिक शिक्षाले जोड दिने लोकतान्त्रिक मूल्यहरू केके हुन् ?*

समानता, स्वतन्त्रता, न्याय, मानवअधिकार, नागरिक अधिकार, सहभागिता, देशभक्ति, कानुनको शासन, सहिष्णुता, व्यक्तिगत जिम्मेवारी, आत्म सम्मान, नैतिक प्रतिवद्धता, द्वन्द्व व्यवस्थापन, सहयोग, उत्तरदायित्व, सांस्कृतिक वहुलवाद, व्यक्तिगत स्वतन्त्रता ।

*नागरिक शिक्षाको उद्देश्य*

- नेतृत्व क्षमता विकास गराउने ।
- राज्यका लागि सक्षम नागरिक तयार गराउने
- उच्च अध्ययनका लागि आधारशिला तयार गराउने
- व्यवसायिक क्षमताको विकास गराउने
- नागरिकहरूमा सच्चरित्रता निर्माण गराउने
- समाज र सामाजिक संरचनाका विविध पक्षहरूको जानकारी हासिल गराउने
- स्वशासन गर्न सक्ने क्षमताको विकास गराउने
- संवैधानिक प्रणाली एवम् राजनीतिक प्रणालीसम्बन्धमा जानकारी हासिल गराउने ।
- आर्थिक अवस्था एवम् विकासका विविध पक्षहरूकोबारेमा जानकारी हासिल गराउने ।

२. **सघन यौनिकता शिक्षा**

*बृहत् यौनिकता शिक्षाका तत्वहरू*

परिवार नियोजन सङ्घले प्रकाशित गरेको सघन यौनिकता शिक्षासम्बन्धी पुस्तिकामा बृहत् यौनिकता शिक्षाका तत्वहरूलाई निम्न लिखित सात क्षेत्रमा उल्लेख गरेको पाइन्छ :

(क) यौन तथा प्रजनन स्वास्थ्य

(ख) लैङ्गिकता

(ग) हिंसा

(घ) यौन अधिकार

(ङ) आनन्द वा मनोरञ्जन

(च) विविधता

(छ) सम्बन्ध

(क) यौन तथा प्रजनन स्वास्थ्य

यौन तथा प्रजनन स्वास्थ्य बृहत् यौनिकता शिक्षाको महत्वपूर्ण तत्व हो । विश्व स्वास्थ्य सङ्गठनको परिभाषाअनुसार यौन तथा प्रजनन स्वास्थ्य भन्नाले प्रजनन प्रणालीसँग सम्बन्धित सबै विषयमा मानिसको शारीरिक, मानसिक र सामाजिक अवस्था पूर्णरूपमा ठीक हुनु र कुनै रोग एवम् कमजोरी नहुने अवस्था भन्ने बुझिन्छ । यसभित्र प्रजनन प्रणाली र प्रक्रिया,

गर्भधारणको विकल्प, सुरक्षित एवम् असुरक्षित गर्भपतन, गर्भनिरोधक उपायहरूबारे अवगत गराइन्छ । यसका साथै यौन प्रसारित रोग, एचआइभी तथा एड्स र तिनको रोकथामका उपायहरूबारे पनि जानकारी गराइन्छ ।

(ख) लैङ्गिकता (जेन्डर)

बृहत् यौनिकता शिक्षाअन्तर्गत लैङ्गिकता एक तत्वको रूपमा रहेको हुन्छ । यौनको आधारमा व्यक्तिलाई सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले गरेको भिन्नतालाई नै लैङ्गिकता भनिन्छ । लैङ्गिक भूमिकाहरू अथवा महिलाले महिला भएको तथा पुरुषले पुरुष भएकै कारण निर्वाह गर्नुपर्ने सामाजिक, शारीरिक, मानसिक, आर्थिक इत्यादि दायित्वहरू र यसका विशेषाताहरू लैङ्गिकताका विषयभित्र पर्दछन् । यस विषयअन्तर्गत पुरुषत्व र स्त्रीत्वको मर्म, सामाजिक रूपमा लैङ्गिकता र लिङ्ग बीचका भिन्नता पनि पर्दछ

(ग) हिंसा

बृहत् यौनिकता शिक्षाको अर्को अनिवार्य विषय हो हिंसा । यसअन्तर्गत महिला कुनै पनि व्यक्ति वा पुरुषमाथि हुने अनेक प्रकारका हिंसाहरूको पहिचान गरिन्छ । हिंसा भन्नाले कुनै पनि व्यक्तिले आको व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपले नकारात्मक असर पर्ने गरी अथवा इच्छाविपरीत गरिने कुनै पनि कार्यलाई जनाउँछ । यसमा लैङ्गिक विभेदकारी सामाजिक संरचनाले गर्दा महिला तथा पुरुषमाथि शारीरिक, मनोवैज्ञानिक, यौनिक, लैङ्गिक, सामाजिक, आर्थिक, धार्मिक-सांस्कृतिक आदि अनेकरूपका हिंसा एवम् शोषणहरू हुँदै आएको तथ्यलाई केलाइन्छ । यस विषयअन्तर्गत हिंसाविरुद्धका अधिकार र कानुनहरू, समुदायभित्र प्रचलित मूल्यमान्यता र मिथकहरू पर्दछ । हिंसाबाट बचाउका लागि निजी सुरक्षा योजना, आत्मरक्षाको तरिका, हिंसा प्रभावित तथा दुर्व्यवहारीबीच शक्ति सम्बन्ध साथै हिंसाबाट उम्केकाहरूका लागि उपयुक्त सेवासम्बन्धी प्रशस्त चर्चा गरिन्छ ।

(घ) यौन अधिकार

यौन अधिकारअन्तर्गत अन्तर्राष्ट्रिय मानव अधिकार तथा नीतिहरू, राष्ट्रिय नीतिहरू तथा कानुनमा समेटिएको व्यक्तिका विभिन्न अधिकारहरू पर्दछन् । यसमा उपलब्ध सेवा र स्रोतको जानकारी तथा त्यसमाथि कसरी पहुँच बढाउने भन्ने ज्ञान दिइन्छ । कुनै पनि व्यक्तिले आफू महिला, पुरुष वा तेस्रो लिङ्गी भनी परिचय दिन पाउँदछ र यो उसको नैसर्गिक अधिकारभित्र पर्दछ भन्ने अधिकारको संरक्षण र संवर्द्धन गर्ने कुरा यस अन्तर्गत पर्दछ ।

(ङ) आनन्द वा मनोरञ्जन

आनन्द वा मनोरञ्जन बृहत् यौनिकता शिक्षाको अर्को महत्वपूर्ण विषय हो । यसअन्तर्गत यौन सम्बन्ध भनेको खालि शारीरिक सम्बन्ध मात्र होइन भनी चर्चा गरिन्छ । यौन सम्बन्ध कसैको करकापमा परेर गरिने कुरा होइन । यो सुरुचिपूर्ण हुनुपर्छ । यौनिकता हरेक मान्छेको जीवनको एक अभिन्न अङ्ग हो । मानवीय यौन प्रतिक्रियाका पछाडि विद्यमान जैविक तथा संवेगात्मक पक्ष हुन्छ भन्ने तथ्यको जानकारी यसमा दिइन्छ ।

(च) विविधता

बृहत् यौनिकता शिक्षाले विविधता शीर्षकअन्तर्गत व्यक्तिको जीवनको विविधतापूर्ण दायरा (जस्तै : संस्कृति, जातजाति, सामाजिक-आर्थिक हैसियत, क्षमता-अक्षमता, एचआईभी सङ्क्रमित भएको वा नभएको अवस्था र यौनप्रतिको अभिमुखता, आफ्नो यौनको पहिचान आदि) को बोध तथा ज्ञान हासिल गराउँछ । साथै विविधताप्रति सकारात्मक दृष्टिकोणको प्रवर्द्धन तथा भेदभावसम्बन्धी परिणामको विश्लेषण र यसको निराकरण गर्न सक्ने, सहन सक्ने, अरुलाई स्वकार गर्न सक्ने र अरुलाई सम्मान गर्नसक्ने क्षमताप्रति जोड दिन्छ ।

(छ) सम्बन्ध

यौनिकता शिक्षाको अर्को महत्वपूर्ण विषय हो सम्बन्ध । हरेक मानिसलाई सम्बन्ध स्थापना गर्ने अधिकार छ । यस विषयअन्तर्गत सम्बन्धका विभिन्न स्वरूपहरू (जस्तै : पारिवारिक सम्बन्ध, मित्रताको सम्बन्ध, यौन सम्बन्ध, प्रेम सम्बन्ध वा मनोरञ्जनात्मक सम्बन्ध आदि) पर्दछन् । संवेग, घनिष्टता (भावनात्मक तथा शारीरिक), अधिकार तथा जिम्मेवारी, शक्ति सन्तुलनबारे जानकारी दिइन्छ । स्वस्थता, अस्वस्थता तथा करकापपूर्ण सम्बन्धको पहिचान, दिगोपनाका लागि आफूले निर्वाह गर्नुपर्ने जिम्मेवारपूर्ण व्यवहारलगायतका शीर्षकबारे अध्ययन विश्लेषण गरिन्छ ।

यौन, यौनिकता तथा प्रजनन स्वास्थ्यका सम्बन्धमा शिक्षक र विद्यार्थीलाई विविध स्रोतसामग्री मार्फत जानकारी उपलव्ध गराउने, यौन अधिकार, लैङ्गिकता, तथा यौन र लैङ्गिकताजन्य हिंसासम्बन्धी सचेतना अभिवृध्दि गर्ने, समाजमा रहेका यौनिकतासँग सम्बन्धित भ्रमहरूलाई वैज्ञानिक विश्लेषण गरी वास्तविकताको जानकारी फैलाउने, यी विषयवस्तुहरूलाई विद्यार्थीसम्म पुरयाउने प्रभावकारी तौर तरिकाहरू एकीकृत रूपले शिक्षक तालिममा समावेस गर्ने आदि यसका उपयोग अन्तरगत पर्दछन् ।

## ३. जीवनोपयोगी सीप

जीवनोपयोगी सीप भनेको मानिसलाई सही ज्ञान, सीप र अभिवृत्तिका माध्यमबाट स्वास्थ्य र समुन्नत जीवनयापन गर्न सहयोग पुऱ्याउने व्यवहारहरूको सँगालो हो । जीवनोपयोगी सीप भनेको त्यस्ता व्यवहारहरूको सँगालो हो जसले मान्छेलाई दैनिक जीवनमा आइपर्ने समस्या र चुनौतीहरूलाई सामना गर्न सहयोग पुऱ्याउँछन् । मान्छेलाई बाल्यकालदेखि जीवनको अन्त्यसम्म नै यी सीपहरूको आवश्यकता परिरहन्छ । सफल जीवनका लागि मानिसले जीवनका प्रत्येक पाइलामा व्यवहारिक सङ्घर्ष गर्नुपर्ने परिस्थिति आउँछ त्यसमा सफल हुन जीवनोपयोगी सीपहरूले सहयोग पुऱ्याउँछ । यस्ता सीपहरू विद्यार्थीलाई विषयगत शिक्षणसँगसँगै सिकाउन सकेमा उनीहरूले स्वस्थ र समुन्नत व्यवहारहरू विकास गर्न सक्छन् । जीवनपयोगी सीपहरू भनेको मनोसामाजिक र अन्तरवैयक्तिक क्षमताहरूको त्यस्तो समूह हो जसले प्रभावकारी रूपमा सञ्चार गर्ने, निर्णय गर्ने र समस्या समाधान गर्ने, सिर्जनात्मक र सामालोचनात्मक तबरले सोच्ने, आत्मव्यवस्थापन गर्ने, संवेग र तनाव नियन्त्रण गर्ने तथा लक्ष्य निर्धारण गर्ने क्षमता अभिबृद्धि गराउँछन् ।

कतिपय मानिसहरूले जीवनोपयोगी सीप र जीविकोपार्जनसम्बन्धी सीपहरूलाई एउटै मान्छन् । जीविकोपार्जनसम्बन्धी सीपहरूले स्वास्थ्य र सामाजिक व्यवहारहरू परिमार्जन नगराउन सक्छ ।

जीवनोपयोगी सीपहरूले खास गरेर यिनै व्यवहारहरूलाई जोड दिन्छन् । त्यसैले यी दुई किसिमका सीपहरू अलगअलग हुन् एउटै होइनन् ।

## जीवनोपयोगी सीपका प्रकार

| प्रभावकारी सञ्चार तथा अन्तरवैयक्तिक सम्बन्धसम्बन्धी सीपहरू | निर्णय तथा समालोचनात्मक सोचाइसम्बन्धी सीपहरू | आत्मव्यवस्थापनसम्बन्धी सीपहरू |
|---|---|---|
| *अन्तरवैयक्तिक प्रभावकारीसञ्चार सीप*<br>• बोली र सङ्केत (इसारा),<br>• सक्रिय सुनाइ,<br>• लागेका कुरा (अनुभव)को अभिव्यक्ति,<br>• पृष्ठपोषण प्रदान(दोष नलगाइकन),<br>• पृष्ठपोषण सिकाइ ।<br>*सम्झौता तथा इन्कारसम्बन्धी सीपहरू*<br>• द्वन्द्व र सम्झौता व्यवस्थापन,<br>• आफ्ना विचार र चाहनालाई दृढताका साथ विश्वस्त भएर अभिव्यक्त गर्ने क्षमता,<br>• इन्कार (अस्वीकार) ।<br>*परानुभूति*<br>• अरुको परिस्थिति र आवश्यकताप्रति ध्यान दिने र बुझ्ने तथा त्यसप्रति अभिव्यक्त गर्ने क्षमता ।<br>सहकारिता र समूहकार्य<br>• अरुको योगदान र भिन्न तरिकाप्रति सम्मानजनक अभिव्यक्ति,<br>• आफ्ना खुबीहरूको विश्लेषण र समूहप्रतिको योगदान ।<br>*तार्किक क्षमता*<br>• प्रभाव पार्ने तथा विश्वास दिलाउने क्षमता,<br>• भेट्ने, कुरा गर्ने र अभिप्रेरित गर्ने क्षमता । | *निर्णय/समस्या समाधानसम्बन्धी सीपहरू*<br>• सूचना सङ्कलन गर्ने क्षमता,<br>• समस्या समाधानमा छनोट गरिने विकल्पहरू कार्यान्वयनमा ल्याउँदा भविष्यमा आफू र अरु माथि पर्ने असरहरू मूल्याङ्कन गर्ने क्षमता,<br>• अभिप्रेरणाहरूमा आफ्ना र अरुका मूल्य, मान्यता र झुकावहरूले पार्ने प्रभाव विश्लेषण गर्ने क्षमता ।<br>*समालोचनात्क सोचाइसम्बन्धी सीप*<br>• दौंतरी र प्रभावकारी सञ्चार माध्यमहरूको प्रभाव विश्लेषण गर्ने क्षमता,<br>• सामाजिक मूल्यमान्यता विश्वास र यिनीहरूमाथि प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्ने क्षमता,<br>• सूचना तथा जानकारीहरूका विश्वासनीय (प्रासङ्गिक) स्रोत पहिचान गर्ने क्षमता । | *आत्मविश्वास अभिवृद्धि, अप्रमाणित कुराहरूको स्वीकारमा नियन्त्रण, जिम्मेवारी बहन, परिवर्तनशीलतासम्बन्धी सीपहरू*<br>• आत्मगौरव र आत्मविश्वास,<br>• आफ्ना अधिकार, झुकाब, मूल्य, मान्यता र सबल तथा दुर्बल पक्षहरूसम्बन्धी आत्मजागरण,<br>• उद्देश्य निर्धारण गर्ने क्षमता,<br>• आत्ममूल्याङ्कन/आत्म परीक्षण र आत्मानुगमनसम्बन्धी सीपहरू<br>*संवेगव्यवस्थापन*<br>• रिस नियन्त्रण,<br>• उदासिनता र पीरव्यवस्थापन,<br>• क्षती, कुलत, चिन्ता (दु:ख) व्यवस्थापन ।<br>*तनाव व्यवस्थापन*<br>• समयव्यवस्थापन,<br>• सकरात्मक सोचाइ,<br>• मनोरञ्जन लिने तरिकाहरू । |

*सक्रिय सुनाइ*

सक्रिय सुनाइका लागि निम्नानुसारका सीपहरूमा अभ्यास गर्नु पर्छ :

१) एकाग्रता (Attending)

२) अनुगामी सीपहरू (Following Skills)

३) चिन्तनशीलता (Reflecting Skills)

४) भावानुवादसम्बन्धी सीपहरू (Paraphrasing Skills)

५) केन्द्रीकृत सीपहरू (Focusing Skills)

सक्रिय सुनाइका बाधक तत्वहरू

१) जाँच्ने २) समाधान गरिदिने ३) अरुलाई वास्ता नगर्ने

*द्वन्द्व र सम्झौता*

द्वन्द्वव्यवस्थापन तथा सम्झौता गर्ने चरणहरू :

(क) समस्याको जड पहिल्याउने

(ख) दुवैले जित्ने रणनीति लिने

(ग) दुवैको चाहना बुझ्ने

(घ) अर्काको आवश्यकतालाई मान्ने

(ङ) उपयुक्त विकल्प खोज्ने

(च) कुनै पक्षले सम्झौता गर्ने

द्वन्द्वलाई सम्झौतामा लैजानका लागि निम्नलिखित उपायहरूलाई क्रमैसँगै कार्यान्वयन गर्नु राम्रो हुन्छः

क) समस्याको जड पत्ता लगाउने

ख) जितजितको रणनीति लिने

ग) दुवैको आवश्यकता बारेमा स्पष्ट हुने

घ) अरुका आवश्यकतालाई स्वीकार्ने

ङ) उपयुक्त विकल्पको चयन र कार्यान्वयन

*निर्धक्क (दृढ) भएर बोल्ने सीप*

मानिसले आफ्ना अधिकारसम्बन्धी कुरामा बोल्नुपर्दा तीनकिसिमका व्यवहार प्रस्तुत गर्छन् । ती हुन्:

१. निष्क्रिय २. आक्रमक/उग्र ३. दृढ ( निर्धक्क )

*निर्णय गर्ने सीप*

निर्णय गर्ने सीपभित्र निम्नलिखित कुराहरू पर्छन् :

- समालोचनात्मक र सिर्जनात्मक सोचाइ
- समस्या पहिचान गरी समाधान गर्ने सीप
- सूचना तथा जानकारीहरू सङ्कलन गर्ने सीप
- विकल्पहरू जाँचबुझ गर्ने सीप
- परिणाम यकिन गर्ने सीप
- सूचना तथा जानकारीहरूको मूल्याङ्कन गर्ने सीप
- आफ्नो र अरूको जोखिम जाँचबुझ गर्ने विश्लेषणात्मक दक्षता

निर्णय गर्ने सीपको चरणहरू

क) समस्याको पहिचान
ख) विकल्पहरूको छनोट
ग) हरेक विकल्पहरूको परिणामहरू विश्लेषण
घ) परिणामले ल्याउने अनुभूति
ङ) उपयुक्त विकल्पको छनोट र प्रयोग

*समालोचनात्मक सोचाइ सीप*

स्रोत पहिचान (Interence), वर्णन (Explanation), व्याख्यान (Interpretation), आत्मव्यवस्थापन (Self regulation), मूल्याङ्कन (Evaluation)

*आत्मव्यवस्थापनसम्बन्धी सीप*

यस सीपअन्तर्गत निम्नलिखित सीपहरू पर्दछन् :

आत्मगौरव र आत्मविश्वास, आत्मजागरण, लक्ष्य निर्धारण, आत्ममूल्याङ्कन, संवेगव्यवस्थापन (रिस, डाह, पिर, उदासिनता, क्षती, कूलत), तनावव्यवस्थापन (समयव्यवस्थापन, सकारात्मक सोच र मनोरञ्जन लिने तरिका) ।

*संवेगव्यवस्थापन सीप*

क्षती हुने कुरा स्वभाविकै कुरा हो । त्यसलाई व्यवस्थापन गर्नु महत्त्वपूर्ण कुरा हो । यसका लागि निम्नलिखित कुराहरू गर्नुपर्ने हुन्छ ।

- क्षती भएको व्यक्ति समुदायमा ममात्रै होइन । अरुमाथि पनि त्यस्तो परेको छ । तसर्थ म विचलित हुनुहुँदैन ।
- विचारलाई फरक ढङ्गले पुनसंरचना गर्ने
- आउँदा दिनका लागि आफ्नो महत्त्व र आवश्यकतालाई बुझ्ने ।
- धैर्य गर्ने
- आफ्ना भावनाहरू अरुसामु राख्ने

क्षतीव्यवस्थापनका गर्नुपर्ने अन्य कुराहरू

क) धेरै खुसी वा दुःखी नहुने
ख) काल्पनिक कुरामा मन नबहकाउने
ग) अरुलाई परेको पीर र दुःख पनि सम्झने
घ) शहनशील बन्ने
ङ) घटनालाई आफ्नो बुत्ताभन्दा बाहिरको ठानी आगामी दिनमा आफ्नो तहबाट सावधानी अपनाउने

*तनावव्यवस्थापन सीप*

तनावका चिन्हहरू: शारीरिक चिन्ह, संवेगात्मक चिन्ह, व्यवहारिक चिन्ह, मनोवैज्ञानिक चिन्ह

तनावव्यवस्थापनका उपायहरू :

व्यवहारिक तरिका: समयव्यवस्थापन र लक्ष्य निर्धारण

मनोवैज्ञानिक तरिका: सकारात्मक सोचाइ, विचार पुनसंरचना, योगा, प्रार्थना

शारीरिक तरिका: अभ्यास, खेल, मालिस

बौद्धिक तरिका: कथाकविता लेख्ने, फिल्म हेर्ने, रङ लगाउने, पुस्तक र पत्रिका पढ्ने, चित्र बनाउने ।

## ४. समालोचनात्मक चिन्तन

समालोचनात्मक सोचाइ विधिले सक्रिय सिकाइलाई जोड दिन्छ । विद्यार्थीहरूले पाठ्यपुस्तकमा भएका सामग्री हुबहु कण्ठगर्ने भन्दा पनि पाठका बारेमा प्रश्न गर्ने, तिनको जाँच गर्ने, नया सामग्री तयार गर्ने, समस्या समाधान गर्ने, अभिव्यक्त गर्ने (Interprete), बहस गर्ने कार्यमा दक्ष बनाउनका लागि नै समालोचनात्मक सोचाइ विविधको प्रयोग गरिन्छ । समालोचनात्मक सोचाइ विधि प्रयोग गरी कक्षा शिक्षण गरेमा विद्यार्थीहरूमा विश्लेषण गर्ने, आफ्नो मत प्रस्तुत गर्ने, समस्या समाधान गर्ने, अरुबाट प्रस्तुत विचारलाई सोझै ग्रहण नगरी प्रमाणका आधारमा विश्लेषण गरी ग्रहण गर्ने वा वैकल्पिक विचार राख्ने, आर्जित ज्ञानलाई आफ्नो जीवनमा प्रयोग गर्ने क्षमता विकास हुन्छ ।

**ए बि सी फ्रेमवर्क**

समालोचनात्मक सोचाइ सीप विकासको लागि कक्षाकोठामा हुने शिक्षण सिकाइ ए बि सी फ्रेमवर्कअनुसार तीन चरणमा सञ्चालन गर्नु आवश्यक हुन्छ । यहाँ ए बि सी भनेको (उत्सुकता जगाउने), (ज्ञान निर्माण गर्ने), (सुदृढिकरण गर्ने) हो ।

*उत्सुकता जगाउने (Anticipation):* हरेक पाठ यस चरणबाट सुरु हुन्छ । यस चरणमा विद्यार्थीहरूलाई आफूले पढ्न लागेको पाठको बारेमा सोच्न लगाइन्छ । यस चरणमा निम्नलिखित कार्य हुन्छन्: (१) पूर्व ज्ञानको स्मरण गर्ने (२) पूर्वधारणाको लेखाजोखा गर्ने (गलत धारणासमेत) (३) सिकाइको उद्देश्य तय गर्ने (४) विषयप्रति ध्यान केन्द्रित गर्ने (५) नयाँ विचारको बुझाइका लागि सन्दर्भ प्रदान गर्ने आदि

*ज्ञान निर्माण (Building knowledge):* पाठ सुरु भए पछि शिक्षणले विद्यार्थीहरूलाई खोजी गर्न, सामग्रीको अर्थ लगाउन, पहिलेको प्रश्नको उत्तर दिन, तथा नयाँ प्रश्न र सोको उत्तर खोज्न अग्रसर गराउँदछ । यस चरणमा निम्नलिखित कार्य हुन्छन्: (१) अपेक्षालाई सिकाइ सँग दाँज्ने (२) अपेक्षाको पुनरावलोकन गर्ने (३) मुख्य बुँदा पहिचान गर्ने (४) व्यक्तिगत सोचाइको अनुगमन गर्ने (५) सामग्रीका बारेमा अनुमान गर्ने (६) पाठसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्ने (७) पाठकाबारेमा प्रश्न उठाउने आदि ।

*सुदृढीकरण गर्ने (Consolidation):* पाठको अन्त्यतिर विद्यार्थीहरूले पाठको भाव बुझीसकेपछि पनि केही गर्नुपर्ने हुन्छ । जस्तै: सिकेको कुराको प्रतिविम्वन गर्ने, त्यसको आफ्नो जीवनमा अर्थ खोज्ने, त्यसले आफ्नो सोचलाई कसरी परिवर्तन गर्दछ भन्ने मनन गर्ने आदि । यस चरणमा निम्नलिखित कार्य हुन्छन्: (१) मुख्य विचारको साराँस निकाल्ने (२) विचार अर्थ्याउने (३) विचार आदान प्रदान गर्ने (४) व्यक्तिगत प्रतिक्रिया दिने (५) विचारको परीक्षण गर्ने (६) सिकाइको लेखाजोखा गर्ने (७) थप प्रश्न सोध्ने आदि

शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा हरेक चरणका क्रियाकलापका लागि उपयुक्त रणनीतिहरू प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा हुने सिकाइलाई सक्रिय बनाई समालोचनात्मक सीप विकासका लागि उपयुक्त रणनीतिको छनोट र प्रयोग आवश्यक हुन्छ । समालोचनात्मक सीप विकासका लागि

विद्यार्थीहरूको भूमिका पनि महत्वपूर्ण मानिन्छ । यसका लागि उनीहरूमा निम्नलिखित कुराहरू हुनुपर्दछ : (१) आत्मविश्वास (२) सक्रिय सहभागिता (३) आदानप्रदान (Sharing) (४) सक्रिय सुनाइ

विभिन्न चरणका लागि रणनीतिहरू

क) उत्सुकता जगाउने चरण ( Anticipation phase)

- द्रुत लेखन (Quick write)
- मष्तिष्क मन्थन(Brain storming)
- सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share)
- शव्दावलीबाट अनुमान(Predicting by terms)
- जानेको/जान्न चाहेको/सिकेको (Know/want to know/learn)
- मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix,freeze, pair)
- यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around)
- एम चार्ट, टि चार्ट
- एउटा दिने, एउटा लिने (Give one take one) आदि

ख) ज्ञान निर्माण गर्ने चरण ( Building knowledge phase)

- निर्देशित सुनाइ/पढाइ/हेराइ सोचाइ क्रियाकलाप (Directed Listening/reading/ watching thinking activity)
- जोडीमा पढाइ जोडीमा सारांस (Paired reading paired summarizing )
- अनुरोध विधि (The request procedure)
- प्रयोग (Experiment)
- परस्पर शिक्षण (Reciprocal teaching)
- घटना अध्ययन (Case study)
- जिग्स (Jigsaw)
    - एकजना रहने अरु हिड्ने (One stay other stray)
    - ग्यालरी हिडाइ (Gallery walk)
    - ग्राफिटी (Graffiti)
    - लघु प्रवचन (Mini lecture)
    - बुँदा सङ्केत सहित पढाइ (Reading with text coding)

ग) सुदृढीकरण गर्ने चरण ( Consolidation phase)

- द्रुत लेखन (Quick write)
- मूल्य रेखा (Value line)
- बादविवाद (Debate)
- भूमिका अभिनय (Role play)
- नाटक (Drama)
- मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix-freeze-pair)

- बीचमा in कलम (Pens middle)
    - ⊙ जानेको/जान्न चाहेको/सिकेको (Kow/want to know/learn)
    - ⊙ यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around)
    - ⊙ तातो कुर्सी (Hot chair)
    - ⊙ सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share)

शिक्षण रणनीतिका उदाहण र प्रयोग गर्ने तरीका

द्रुत लेखन (Quick write)

कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई निश्चित समय तोकी व्यक्तिगतरुपमा लेख्न लगाउने ।

मष्तिष्क मन्थन(Brain storming)

प्रश्न सोधी विद्यार्थीका उत्तरहरू जस्ताको तस्तै बोर्डमा टिपोट गर्ने ।

सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (Think pair share)

कुनै विषयवस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगतरुपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

शव्दावलीबाट अनुमान (Predicting by terms)

कथा/पाठ पढाउनु अघि त्यस कथा/पाठमा भएका शब्दहरू दिई त्यसबाट नयाँ कथा/पाठ बनाउन लगाउने ।

जानेको/जान्न चाहेको/सिकेको (Know/want to know/learn)

बोर्डमा तीन स्तम्भ भएको तालिका कोरी पहिलो स्तम्भको शीर्षमा "जानेको", दोस्रो स्तम्भको शीर्षमा "जान्न चाहेको" र तेस्रो स्तम्भको शीर्षमा "सिकेको" भन्ने कुरा लेख्ने । विद्यार्थीहरूलाई शिक्षण गर्न लागेको विषयवस्तुसँग सम्बन्धित प्रश्न सोधी उत्तरहरू "जानेको" स्तम्भमा लेख्ने । विद्यार्थीहरूलाई उक्त विषयवस्तुमा केके कुरा जान्न चाहन्छन भन्ने प्रश्न राखी उत्तरहरू "जान्न चाहेको" स्तम्भमा लेख्ने । कुनै सिकाइ रणनीति प्रयोग गरी शिक्षण गर्ने र शिक्षणको अन्त्यमा "सिकेको" स्तम्भमा उनीहरूले पाठपढेर जानेको कुरा लेख्न लगाउने ।

मिसिने/अडिने/जोडी बनाइ अन्तरक्रिया गर्ने (Mix,freeze, pair)

सबै विद्यार्थीहरू कुनै ठाउँमा उभिने, शिक्षको सङकेतअनुसार मिसिने, अडिने, नजिकको साथीसँग जोडी बनाउने र दिइएको विषयवस्तु/प्रश्नमा एकआपसमा उभिएर अन्तरक्रिया गर्ने, शिक्षकको सङ्केतअनुसार पुन उक्त क्रियाकलाप दोहोरयाउने र अर्को विषयवस्तु/प्रश्नमा अर्को साथीसँग एक आपसमा अन्तरक्रिया गर्ने ।

यताउती हिड्दै अन्तरक्रिया गर्ने (Walk around/talk around)

सबै विद्यार्थीहरू कुनै ठाउँमा उभिने, दिइएको विषयवस्तु/प्रश्नमा यताउती हिँड्दै दुइ वा सोभन्दा धेरै जनासँग अन्तरक्रिया गर्ने ।

टि चार्ट

दुईओटा स्तम्भ भएको चार्ट बनाइ विद्यार्थीहरूका विचारहरू लेख्ने वा लेख्न लगाउने । जस्तै फाइदा-बेफाइदा, सकारात्मक पक्ष-नकारात्मक पक्ष आदि

एम चार्ट,

तीनओटा स्तम्भ भएको चार्ट बनाइ विद्यार्थीहरूका विचारहरू लेख्ने वा लेख्न लगाउने ।

एउटा दिने, एउटा लिने (Give one take one)

विद्यार्थीहलाई कुनै विषयवस्तु/प्रश्न दिइ बुँदागतरुपमा केही बूँदाहरू लेख्न लगाउने । बूँदाहरू लेखिएको कापी र कलम लिई सबैलाई अगाडि उभिन लगाउने । अर्को साथीसँग बूँदाहरू share गर्न र एउटा बुँदा लिन र एउटा दिन लगाउने । यस्तो अन्तरक्रिया अन्य बढीभन्दा बढी साथीहरूसँग गर्न लगाउने ।

निर्देशित सुनाइ सोचाइ क्रियाकलाप (Directed Listening thinking activity)

शिक्षकले कथा वा कुनै विषयवस्तु भन्ने/बताउने क्रममा केही भाग भन्ने त्यस बारेमा प्रश्न सोध्ने, त्यसपछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने (सोच्ने मौका दिने), अर्को भाग भन्ने त्यही प्रक्रिया दोहोरयाउने, अर्को भाग भन्ने त्यही प्रक्रिया दोहोरयाउने ।

निर्देशित पढाइ सोचाइ क्रियाकलाप (Directed reading thinking activity)

कुनै विषयवस्तुको केही भाग विद्यार्थीहरूलाई पढ्न लगाउने, त्यस बारेमा प्रश्न सोध्ने, त्यस पछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसैगरी बाँकी भागहरू पढ्न लगाउने त्यही प्रक्रिया दोहोऱ्याउने ।

निर्देशित हेराइ सोचाइ क्रियाकलाप (Directed watching thinking activity)

शिक्षकले कुनै visual देखाउने क्रममा केही भाग देखाउने (हेर्ने अवसर दिने), त्यस बारेमा प्रश्न सोध्ने, त्यस पछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसैगरी बाँकी भागहरूका लागि पनि त्यही प्रक्रिया दोहोरयाउने ।

जोडीमा पढाइ जोडीमा साराँस (Paired reading paired summarizing )

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषयवस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एकजनाले पढ्ने र साराँश निकाल्ने अर्कोले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने ।

अनुरोध विधि (The request procedure)

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषयवस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एकजनाले पढ्ने अर्कोले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने । (यसमा साराँश निकाल्नु पर्दैन)

परस्पर शिक्षण (Reciprocal teaching)

विद्यार्थीहरूलाई समूहमा राखी कुनै विषयवस्तुका बारेमा लेखिएको सामग्री दिने । समूहका सदस्यहरूलाई पालैपालो निम्नलिखित क्रियाकलाप गर्न लगाउने ।

- अनुच्छेद पढ्ने
- साराँश निकाल्ने
- प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने)
- कठीन कुरा भएमा स्पष्ट पार्ने
- अव के हुन्छ भन्ने अर्थात् अनुमान गर्न लगाउने खालको प्रश्न सोध्ने (समूहका अन्य सदस्यहरूले उत्तर दिने) ।

एकजना रहने अरु हिड्ने (One stay other stray)

समूह कार्य दिने र अन्त्यमा हरेक समूहका एक जना सदस्यले अरु समूहका सदस्यहरू आएको बेला आफ्नो समूहको कार्यको प्रस्तुती गर्ने अन्य सदस्यहरू अरु समूहको कार्य हेर्न जाने । (पालै पालो)

ग्राफिटी (Graffiti)

समूहलाई फरकफरक कार्य दिने (न्युजप्रिन्टमा लेख्न लगाउने), केही समय पछि एउटा समूहको न्युजप्रिन्ट पालैपालो अर्को समूहलाई दिने, ती समूहले नपुग लागेको कुरा थप्ने । यसरी हरेक समूहको न्युजप्रिन्ट हरेक समूहमा पुगेर थप कुरा लेखी सकेपछि सम्बन्धि समूहलाई अन्यसमूहको थप कुरा सहित प्रस्तुत गर्न लगाउने

बुँदा सङ्केत सहित पढाइ (Reading with text coding)

कुनै विषयवस्तु पढ्न दिने र कठीन वा महत्वपूर्ण शव्द वा शव्दावली वा बाक्यको मुनी रेखा तानेर वा अन्य कुनै तरीकाले सङकेत गर्न लगाउने ।

मूल्य रेखा (Value line)

बादविवादका लागि उपयुक्त हुने खालको कुनै मुद्दा/विषयवस्तु दिने, विद्यार्थीहरूलाई सहमत हुनेजति एकठाउँमा र असहमत हुने जति अर्कोठाउँमा उभिन लगाउने । हरेक समूहले तर्क राखी अर्को समूहका साथीलाई आफू तिर तान्न मौका दिने ।

बीचमा कलम (Pens in middle)

समूहका हरेक सदस्यलाई कुनै विषयवस्तुमा कुरा राखीसकेपछि सङकेत स्वरुप एउटा कलम राख्न लगाउने, अन्त्यमा शिक्षकले कुनै कलम उठाउने र जसको कलम हो उसैले आफूले पहिले राखेको कुरा पुन: बताउने

तातो कुर्सी (Hot chair)

कुनै विषयवस्तु पढ्न दिने र त्यसबाट प्रश्न बनाउन लगाउने । सहभागीहरूमध्ये केहीलाई पालैपालो अगाडि बोलाई एउटा कुर्ची (तातो कुर्ची, साङकेतिक रुपमा) मा बस्न लगाउने । अन्य साथीहरूले पालैपालो पश्न सोध्ने र उसले सबैको प्रश्नको उत्तर पालैपालो दिनुपर्ने ।

## ५. बालमैत्री शिक्षण सिकाइ

बालबालिकाका लागि रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय बालमैत्री विद्यालय हो । बालबालिकाको सिक्ने गति र क्षमताअनुसार पठन-पाठन गर्ने विद्यालय बालमैत्री विद्यालय हो । बालमैत्री विद्यालयमा बालबालिकाको अन्तरनिहीत क्षमतालाई उजागर गर्ने प्रयास गरिन्छ । बालमैत्री विद्यालयमा शिकारुको अनुकुलताको सिकाइ वातावरणको व्यवस्थापन गर्ने प्रयास गरिएको हुन्छ जसले गर्दा उनीहरूमा भएको क्षमता उजागर हुन्छ । बालमैत्री बिद्यालयवाट निम्नलिखित कुराहरूको अपेक्ष गरिएको हुन्छ -

- बालबालिकाहरूले शारीरिक, मानसिक एवम् सम्वेगात्मक रूपले सुरक्षित तथा स्वस्थ वातावरण प्राप्त गर्दछन् ।
- बालबालिकाहरूको रुचि, क्षमता र स्तरको कदर गरिन्छ र सोहीअनुसार उनीहरूको सिकाइकालागि आवश्यक वातावरण एवम् पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ ।
- सिकारुको सिकाइको उपलब्धिको मूल्याङ्कन गर्ने पूर्ण जिम्मेवारी शिक्षकले बहन गरेको हुन्छ ।
- बालबालिकाहरूलाई उनीहरूको जातजाति, लिङ, धर्म, आर्थिकस्तर, शारीरिक एवम् मानसिक दुर्वलताका आधारमा बिना भेदभाव विद्यालयमा भर्ना हुन प्रोत्साहन गरिन्छ र विद्यालय भित्र र बाहिर भेदभावरहित व्यवहार गरिन्छ ।
- पढाइ-लेखाइका अतिरिक्त उनीहरूको स्वास्थ्य एवम् सुरक्षासम्बन्धी आवश्यकता परिपूर्ति गर्न प्रत्यक्ष सहयोग पुऱ्याइन्छ ।
- बालबालिका, अभिभावक र समुदायको प्रत्यक्ष सहभागितामा जोड दिइन्छ र विद्यालयको नीति निर्माण, योजना तर्जुमा र क्रियाकलापहरूमा उनीहरूलाई संलग्न गराइन्छ ।
- कुनै पनि प्रकारका भौतिक, शारीरिक एवम् मानसिक दण्ड, सजाय बर्जित हुन्छ र बालबालिकाहरूलाई दुर्व्यवहार र नोक्सानीबाट बचाउने काम निरन्तर रूपमा भइरहेको हुन्छ ।

*बाल-मैत्री विद्यालय के हो ?*

प्रत्येक विद्याथीले आफूलाई भौतिक तथा शारीरिक रूपमा सुरक्षित, सम्वेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा उच्च मनोबल महसुर गराउने वातावरण भएको विद्यालयलाई बाल-मैत्री विद्यालय भनिन्छ । बाल-मैत्री भन्नाले शिक्षक-मैत्री पनि हो । यसलाई आ-आफ्नो विद्यालय सापेक्ष परिभाषित गर्न सकिन्छ । ताकि विद्यालयले सजिलो महसुस गर्दै आत्मसात गर्न सकोस् । यसलाई अझ व्यापक रूपमा तल दिएअनुसार बुझ्न सकिन्छ :

(क) बाल-बालिकाको खोजी गर्ने विद्यालय

विद्यालय बाहिर रहेका बाल-बालिकाहरू खोजी भर्ना गर्ने, बाल-बालिकालाई अधिकार प्राप्त व्यक्तिको रूपमा व्यवहार गर्ने र राज्यलाई उनीहरूको अधिकारको दायित्व बोध गराउने, बाल-अधिकार सुनिश्चित गराउन समुदायलाई सचेत गराउने ।

(ख) बाल-केन्द्रित विद्यालय

बाल-बालिकाको चाहनालाई ध्यान दिने, बाल-बालिकाको क्षमता र सामर्थ्यमा विश्वास गर्ने, बाल-बालिकाको शिक्षा, स्वास्थ्य, पोषण र बानी व्यवहारमा ख्याल गर्ने, कक्षामा आउनु अगाडि वा छाडिसकेपछि पनि बाल-बालिका प्रति चासो राख्ने ।

(ग) सबै खालका बाल-बालिकाको समावेशीकरण

विविधताको आधारमा बाल-बालिकालाई कक्षामा विभेद नगर्ने, विविधतालाई आदर गर्ने जस्तै बालिका, घरेलु कामकाजमा संलग्न बाल-बालिका, अपाङ्ग बाल-बालिका, शोषित, पिडीत, घरेलु हिंसा, द्वन्द तथा जोखिममा परेका बाल-बालिकाको समान अवसरको सुनिश्चितता गर्ने । लैङ्गिक, सामाजिक, जातीय, जनजाती र धार्मिक सांस्कृतिक जस्ता विभिन्न परिवेशबाट आएका बाल-बालिकाको आवश्यकता र क्षमताअनुसार शिक्षाको अवसर प्रदान गर्ने ।

(घ) प्रभावकारी रूपमा बाल-बालिका सामु प्रस्तुत

बाल-केन्द्रित पाठ्यक्रम र आवश्यक मात्रामा शैक्षिक सामग्रीहरू मार्फत बाल-बालिकाहरूको अवधारणा, ज्ञान, सीप र क्षमता र सिक्ने तरिकाअनुसार (development level, abilities and learning style) सुहाउँदो एकल, समूह र सम्पूर्ण कक्षागत शिक्षण-सिकाइ प्रक्रिया अवलम्बन गर्ने । बाल-अधिकारप्रति सचेत गराउने, मनोबल उच्च पार्ने, पेशाप्रति नैतिकवान र प्रतिबद्ध गराउने उनीहरूको अवस्थामा सुधार गर्न शिक्षकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । तोकिएको सिकाइ-उपलब्धी हासिल गराउन सहयोग प्रदान गर्ने ।

(ङ) स्वास्थ्य र सुरक्षित वातावरण

सुरक्षित कक्षाको व्यवस्था (पानी, सरसफाइका सुविधाहरू भएको स्वस्थयकर तथा सुरक्षित भौतिक, मानसिक आदि) लागु-औषधी, चुरोट, खैनी, जाँड-रक्सी, भौतिक सजाय, दुर्व्यवहार आदिबाट मुक्त कक्षाका लागि स्वस्थ्य नीति बनाइ कार्यान्वयन गर्ने । जीवनोपयोगी सीपमा आधारित स्वस्थय शिक्षणको व्यवस्था गर्ने । शारीरिक, मनोसामाजिक र सम्वेगात्मक स्वस्थ्य विकासको वातावरणको सिर्जना गर्ने । दुर्व्यसन र दुर्व्यवहार विरुद्ध लड्ने सीप र सुरक्षित रहने तरिकामा सहयोग गर्ने ।

(च) लैङ्गिक सचेतता

भर्ना र सिकाइ-उपलब्धीमा लैङ्गिक समानता ल्याउने । लिङ्गको आधारमा भेदभाव नगर्ने । बालिकामैत्री वातावरणको सिर्जना र दण्डरहित तरिकाबाट सामाजिकीकरणको वातावरण बनाउने । एकअर्काको अधिकार, स्वाभिमान, मर्यादा र समतालाई आदर गर्न प्रोत्साहित गर्ने ।

(छ) परिवार र समुदायको सहभागिता

घरलाई बाल-बालिकाको पहिलो हेरचाह र शिक्षा दिने ठाउँको रूपमा स्वीकार्दै परिवारलाई सवल बनाउने । शिक्षक, विद्यार्थी, अभिभावकबीच सहयोगात्मक सम्बन्ध स्थापना गरी एक-अर्काप्रति विश्वासको वातावरण सिर्जना गर्ने । शैक्षिक सुधार तथा विकासमा स्थानीय निकायसँग साझेदारी विकास गर्ने । बाल-बालिकाको हितामा काम गर्ने समुदायलाई परिचालन गर्ने । बाल-अधिकार सुनिश्चित गर्न सामाजिक संस्थाहरूसँग सहकार्य गर्ने ।

(ज) बाल-बालिकाको सहभागिता

विद्यालय जीवनका सबै पक्षहरूमा बाल-बालिकाको सहभागितामा जोड दिने । कक्षा सुधारका लागि बनाइने योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा विद्यार्थीलाई सहभागी गराउने । कक्षाको विकासका लागि नीति निर्माण प्रक्रियामा विद्यार्थीलाई सहभागी गराउने । भौतिक, शैक्षिक, व्यवस्थापकीय सुधारका लागि गरिने खासखास कामको जिम्मा विद्यार्थीलाई दिई कक्षाप्रति जिम्मेवार र जवाफदेही बनाउने । व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिमा विद्यार्थी प्रतिनिधिलाई (एक-एकजना केटा र केटी) स्थायी आमन्त्रित सदस्यको रूपमा बोलाउने ।

बाल-बालिकाहरूको रुचि, आवश्यकता, क्षमता, परिवेश तथा विकासक्रम र विशेषतालाई ध्यानमा राखी क्रियाकलापमा आधारित सिर्जनात्मक तथा सहभागिमूलक विधि एवम् प्रक्रियाको माध्यमबाट गरिने सिकाइ नै बाल-केन्द्रित सिकाइ प्रक्रिया हो । यस प्रक्रियामा बाल-बालिकालाई केन्द्रविन्दु मानेर एकिकृत सिकाइका लागि नवीनतम् क्रियाकलापहरूको माध्यमबाट उच्च सिकाइ-उपलब्धी हासिल गर्ने प्रयास गरिन्छ । बाल-मैत्री अवधारणा भित्र बाल-केन्द्रित सिकाइ प्रक्रियालाई एउटा महत्वपूर्ण तत्वको रूपमा लिइन्छ ।

## ६. मानव मूल्यमा आधारित शिक्षा

मूल्य शिक्षणका लागि विभिन्न तरिकाहरू प्रयोग गरिएको पाइन्छ । यस सम्बन्धमा महत्वपूर्ण कुरा भनेको मूल्यका लागि लिइएको सिद्धान्त र लक्ष्य प्राप्तिका लागि शिक्षणमा कसरी उपयोग गर्ने भन्ने कुरा नै हो । उदाहरणका लागि आइरन, कित्ले, बल्ब, टोस्टर आदि विद्युतीय उपकरणहरूलाई लिन सकिन्छ जसका आआफ्नै प्रयोग र उद्देश्यहरू छन् तर ती सबैको सिद्धान्त भनेको विद्युतबाट चल्नु नै हो । त्यसैगरी मूल्य पनि विद्युत् जस्तै हो, जुन अदृश्य छ तर प्रत्येक शीर्षक वा परिस्थितिमा सँगसँगै आउँछ ।

मानव मूल्य शिक्षा भनेको मूल्य शिक्षणको स्पष्ट प्रयास हो । HUIT (2004) ले मूल्य शिक्षणका पाँच उपागमहरूको उल्लेख गरेका छन् । ती हुन्:

- **उपदेश** (Inculcation)
- **नैतिक विकास** (Moral Development)
- **विश्लेषण** (Analysis)
- **मूल्य स्पष्टता** (Value clarification)
- **क्रियात्मक सिकाइ** (Action learning)

निहित मूल्यलाई बाहिर निकाल्ने र कुनै उपागमबाट लैजाने (Channeling) क्षमताले व्यक्तिलाई परिवर्तन/उद्देश्य प्राप्ति अवलोकन गर्न सक्षम बनाउँदछ । मूल्यको सन्दर्भमा भन्दा, चरित्र निर्माणको उद्देश्य प्राप्त हुन्छ । नीहित मूल्यलाई लिने (Tapping) र एकीकृत (Channeling) गर्ने कुरा मूल्य निष्काशन (Value elicitation) अर्थात् अन्तरनिहित मूल्यलाई बाहिर ल्याउने (Surfacing) प्रक्रियाबाट हासिल गर्न सकिन्छ ।

मानव मूल्य संयुक्त राष्ट्र सङ्घको साङ्गठनिक सिद्धान्त (Organizing principle) हो । संयुक्त राष्ट्र सङ्घको घोषणा पत्र (१९४५) को प्रस्तावनामा यसरी लेखिएको छ । "(We are determined)… to practice tolerance and live together in peace with one another as good neighbours and unite our strength to maintain international peace and security" त्यसैगरी संयुक्त राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (१९४८) को धारा १ मा मानव मूल्यसम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ । "All human beings are born free and equal in dignity and rights. They are endowed with reason and conscience and should act towards one another in a spirit of brotherhood."


<u>मानव मूल्य र सिकाइ प्रक्रिया</u>

मानव मूल्य शिक्षणमा निम्नलिखित तीन एच (H) लाई जोड दिनुपर्दछ ।

टाउको (Head): ज्ञान (Knowledge)

मुटु (Heart) : मूल्य (Values)

हात ( Hands): सीप (Skills)




*स्रोत: HVBWSH Classrooms, guide book, 2006*

मानव मूल्य शिक्षण प्रक्रियामा ज्ञान, सीप र अभिवृत्ति (मूल्य) तीनै पक्षको संयोजन आवश्यक पर्दछ, अर्थात् टाउको, मुटु र हात सक्रिय भए पछि मात्र मानवमूल्य सिकाइ पूरा हुन्छ । ब्लुमको ट्याक्सोनोमीसँग तुलना गर्दा त्यसका तीन क्षेत्र (संज्ञानात्मक क्षेत्र, भावात्मक क्षेत्र र क्रियात्मक क्षेत्र) मध्ये भावात्मक क्षेत्र (Affective domain) अन्तर्गत मूल्यलाई राख्न सकिन्छ । मानव मूल्य उपागमको क्षेत्र अन्तर्गत यी तीनओटै क्षेत्रहरू पर्दछन् ।

मानव मूल्यहरू निम्नलिखित पाँचओटा छन्:

१. सत्य २. सद्व्यवहार ३. शान्ति ४. प्रेम र ५. अहिंसा ।

यी मानव मूल्यहरूलाई पनि पुन: विभाजन गरिएको पाइन्छ । मानव मूल्यको उपविभाजन तलको तालिकामा दिइएको छ ।

मुख्य मानव मूल्यहरूको व्यावहारिक प्रयोगका पक्षहरू

| सत्य<br>(Truth) | सद्व्यवहार<br>(Right conduct) | शान्ति<br>(Peace ) | प्रेम<br>( Love ) | अहिंसा<br>(Non-violence) |
|---|---|---|---|---|
| उत्सुकता (Curiosity)<br>विभेदीकरण (Discrimination)<br>समानता (Equality)<br>इमान्दारिता (Honesty)<br>अखण्डता (Integrity )<br>अन्तरज्ञान (Intuition)<br>स्मरण (Memory)<br>ज्ञानको खोजी (Quest for knowledge )<br>कारण, तर्क ( Reason )<br>आत्मविश्लेषण ( Self-analysis )<br>आत्मजागरुकता (Self-awareness)<br>आत्मज्ञान (Self-knowledge)<br>खोजको भावना (Sprit of inquiry)<br>संश्लेषण (Synthesis )<br>सत्यता (Truthfulness )<br>बुझाइ (Understanding) | सफापन(Cleanliness )<br>साहस(Courage)<br>निर्भरता (Dependability)<br>कर्तव्य (Duty )<br>सहिष्णुता (Endurance)<br>नैतिकता(Ethics)<br>कृतज्ञता (Gratitude)<br>लक्ष्यनिर्धारण (Goal setting)<br>असल व्यवहार (Good behavior)<br>सदाचार (Good manner)<br>स्वस्थ जीवनयापन (Healthy living)<br>सहयोगीपना (Helpfulness)<br>सुरुआत (Initiative)<br>नेतृत्व ( Leadership )<br>आज्ञाकारिता (Obedience)<br>धैर्य ( Patience)<br>(अथकप्रयत्न) (Perseverance)<br>समयको सदुपयोग (Proper use of time)<br>संरक्षण (Protection)<br>साधनसम्पन्नता (Resourcefulness)<br>आदर ( Respect )<br>जिम्मेवारी | ध्यान (Attention )<br>शान्त (Calm)<br>एकाग्रता (Concentration)<br>सन्तुष्टि (Contentment)<br>गौरव(Dignity)<br>अनुशासन ( Discipline )<br>केन्द्रित(Focus)<br>खुसी ( Happiness )<br>विनय (Humility)<br>व्यक्तिवाद (Individualism)<br>अन्तरमौनता (Inner silence)<br>आशावादिता (Optimism )<br>सन्तुष्टि ( Satisfaction )<br>आत्मस्वीकृती (Self-acceptance)<br>आत्मविश्वास (Self-confidence)<br>आत्मनियन्त्रण ( Self-control)<br>आत्मअनुशासन (Self-discipline)<br>आत्मसम्मान (Self-respect) | स्याहार Caring<br>करुणा Compassion<br>समर्पण (Dedication )<br>उपासन (Devotion)<br>मित्रता (Friendship)<br>क्षमाशीलता (Forgiveness)<br>उदारता (Generosity)<br>सहयोगी (Helping)<br>विचार (Consideration)<br>दया (Kindness )<br>धैर्यता (Patience )<br>साझेदारी (Sharing)<br>इमान्दारिता ( Sincerity)<br>सहानुभूति (Sympathy)<br>सहिष्णुता ( Tolerance) | प्रशंसा (Appreciation)<br>अरुको संस्कृति र धर्मको प्रशंसा ( Appreciation of other cultures and religions )<br>भ्रातृत्व (Brotherhoo)<br>नागरिकता (Citizenship)<br>सबैको जीवनको ख्याल (Concern for all life)<br>सहयोग (Cooperation)<br>समानता (Equality )<br>मैत्रीभाव (Fellow feeling)<br>वफादारी (Loyality)<br>न्युनतम प्राकृतिक सजगता (Minimum natural Awareness )<br>सम्पत्तिको सम्मान (Respect for property )<br>सेवा(Service)<br>सामाजिक न्याय (Social justice)<br>एकता(Unity )<br>सर्वव्यापी प्रेम (Universal love) |

| सत्य (Truth) | सद्व्यवहार (Right conduct) | शान्ति (Peace ) | प्रेम ( Love ) | अहिंसा (Non-violence) |
|---|---|---|---|---|
| | (Responsibility)<br>त्याग (Sacrifice)<br>आत्मविश्वास (Self-confidence)<br>आत्मपूर्णता (Self-sufficient)<br>सेवा (Serving)<br>सरलता (Simplicity)<br>समूह कार्य (Team work)<br>सङ्कल्प (Will) | | | चोट पुऱ्याउन नचाहनु (Unwillingness to hurt) |

*स्रोत: HVBWSH Classrooms, guide book, 2006*

*मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्ने तरिकाहरू/विधिहरू*

मानव मूल्यमा आधारित शिक्षा दिनका लागि दुई तरिका प्रयोग गरिएको पाइन्छ ।

१. एकीकृत विधि (Integrated Method)

२. प्रत्यक्ष विधि (Direct Method)

*एकीकृत विधि*

एकीकृत विधिअन्तरगत पाठमा अन्तर्निहित मानव मूल्यलाई प्रस्टिकरण (Elicitation) गर्ने कुरा र त्यसलाई एकीकृत गर्ने (Integration) अर्थात् जीवनमा उपयोग (Life application) गर्ने कुराहरू पर्दछन् । अर्को शब्दमा भन्दा, यस विधिले कक्षाकोठामा शिक्षण गरिने प्राज्ञिक विषयवस्तुलाई विद्यार्थीले कक्षाकोठा बाहिर जिउनुपर्ने जटिल र अनिश्चित जीवनसँग जोड्ने कार्य गर्दछ । मानव जीवनका लागि पाठ्यपुस्तकको ज्ञान र आय आर्जन गर्ने सीपका साथै उच्च गुणस्तरको जीवन जिउने विशेष कलाको पनि जरुरत पर्दछ जुन यस विधिबाट विद्यार्थीहरूलाई प्रदान गर्न सकिन्छ । यो विधि विभिन्न प्रकारको शिक्षा प्रणाली भएका देशहरूमा पनि सफल हुँदै आएको छ । यो विधि सरल, कम खर्चिलो (शिक्षकलाई तालिम दिए मात्र पुग्ने) र विद्यालय पाठ्यक्रममा बढी झन्झट व्यहोर्नु नपर्ने खालको छ ।

मानव मूल्यको प्रस्टीकरण गर्दा एउटा पाठका विषयवस्तुसँग एक भन्दा बढी मानव मूल्यहरू एकीकृत रूपमा प्रदर्शित हुन्छन् । एउटा पाठमा कतिओटा मानव मूल्यहरू समायोजन (प्रस्टीकरण) गर्ने भन्ने कुरा विद्यार्थीहरूको उमेरमा भर पर्दछ । साना उमेरका विद्यार्थीहरूका लागि एउटा पाठमा दुई वा तीनओटा मूल्यहरू समायोजन गरी क्रमश: बढाउँदै लैजान सकिन्छ । सकेसम्म पानीको सान्दर्भिकतासँग बढी गाँसिएका, वरिपरि, समुदाय र राष्ट्रसँग बढी गाँसिएका मानव मूल्यहरू पहिले

समायोजन गर्नु राम्रो हुन्छ । कुनै पनि पाठको शिक्षणमा ८५ प्रतिशत समय विषयवस्तुको प्राज्ञिक पक्षलाई र बाँकी १५ प्रतिशत समय मूल्य प्रस्टीकरणलाई दिन सकिन्छ । मूल्य प्रस्टीकरणले पनि प्राज्ञिक सक्षमताको स्पष्टता, बुझाइ र प्राप्तिलाई नै बल पुऱ्याउने गर्दछ ।

*प्रत्यक्ष विधि*

प्रत्यक्ष विधिअन्तरगत निम्नलिखित कुराहरू पर्दछन् ।

मौन बसाई (**Silent sitting** )

प्रत्येक सत्रको सुरुमा यो क्रियाकलाप गराउन सकिन्छ । यसमा विद्यार्थीहरूको उमेरअनुसार सामान्य रूपमा चुपचाप रहनेदेखि लिएर समूह सादृश्यता (Group visualization) सम्म पर्दछन् । यो क्रियाकलापबाट विद्यार्थीहरूले आफ्नो आन्तरिक स्रोत र क्षमताहरू पहिचान गर्न सक्छन् । यसबाट उनीहरूमा अन्तर्निहित ज्ञान तथा सकारात्मक र नकारात्मक पक्षहरू छुट्याउने क्षमताको विकास हुन्छ । उनीहरूमा एकाग्रता बढ्दछ, तनाव कम हुन्छ र समानता र सर्व कल्याणको अनुभव कायम हुन्छ ।

प्रार्थना र भनाइहरू (**Prayers and quotations**)

कक्षाकोठाको अवस्थाअनुसार विभिन्न भनाइ तथा प्रार्थनाहरू कक्षाकोठामा राख्न सकिन्छ । ती भनाइ र प्रार्थनाहरू सर्वमान्य हुनुपर्दछ । यी कुराहरूबाट विद्यार्थीहरूको असल विचार, सकारात्मक भावना, एकताको भावना विकास हुन्छ । यी कुराहरूले संज्ञान र अन्तरज्ञानलाई जोडने कार्य गर्दछ । यी कुराहरू विद्यार्थीहरूको दिमागमा र हृदयमा गहिरो छाप पर्दछन् जसको प्रभाव उनीहरूको दैनिक क्रियाकलाप र व्यवहारमा देखिन्छ । यसबाट सच्चरित्रको विकासमा मदत पुग्दछ ।

कथा वाचन ( **Story telling**)

कथाको माध्यमबाट पनि विद्यार्थीहरूमा मानव मूल्यहरू विकास गराउन सकिन्छ । कथाको माध्यमबाट दिइने नैतिक मूल्यर मान्यताहरूं विद्यार्थीहरूको गहिरो संवेगात्मक, भावनात्मक र मानसिक तहसम्म पुग्दछ । यसबाट असल व्यवहार, खोज गर्ने भावना, अन्तरज्ञानात्मक बुझाइको विकास हुन्छ । कथाहरू छनोट गर्दा कुनै एउटा संस्कृति वा समूहको मात्र प्रतिनिधित्व गर्ने र एक पक्षीय नभई सम्पूर्ण विश्व सम्पदा र बहुसंस्कृतिको प्रतिनिधित्व गर्ने खालको हुनुपर्दछ ।

समूह गायन ( **Group singing**)

सामूहिक गायनको माध्यमबाट पनि विद्यार्थीहरूमा मानवीय मूल्यको विकास गर्न सकिन्छ । भनिन्छ, सङ्गीतले हृदयको भाषा बोल्दछ । साङ्गीतिक प्रतिभा भएका विद्यार्थीहरूका लागि झन् यो आवश्यक हुन्छ । सामूहिक गायनले लैगिक, धार्मिक, जातीय, आर्थिक, सामाजिक सबै भिन्नता/विविधतालाई नाघेर एकताको भावना र पारस्परिक सहयोगको भावना विकासमा सहयोग पुऱ्याउँदछ । गीतले मानव मूल्यको विश्वव्यापी सन्देशलाई आत्मसात गर्न र आनन्द, सामन्जस्यता, आत्मविश्वासको भावनालाई समूहमा र व्यक्तिगतरूपमा विकास गर्न सहयोग गर्दछ ।

समूह क्रियाकलाप ( **Group activities)**

मानव मूल्यको शिक्षणमा समूह क्रियाकलाप आवश्यक पर्दछ । कक्षाकोठामा शिक्षणका क्रममा सञ्चालन हुने समूह क्रियाकलापमा सक्रिय रूपमा सहभागी भएर विद्यार्थीहरूले मानव मूल्यलाई आत्मसात् गरी आफ्नो दैनिक जीवनमा प्रयोग गर्ने अवसर प्राप्त गर्दछन् । भूमिका अभिनय, परियोजना कार्य, समूह छलफल, कलात्मक वस्तु वा सामग्री निर्माण आदि क्रियाकलापका माध्यमबाट विद्यार्थीहरूमा मानव मूल्यको विकास गराउन सकिन्छ ।

शिक्षकको भूमिका

असल शिक्षकका विशेषताहरू

- पथप्रर्दशक - विद्यार्थी र अभिभावकलाईसमेत बाटो देखाउने शिक्षकहरू हुन् । सूचना र ज्ञानको स्रोत शिक्षक विद्यार्थीको सामु सबै चिजका ज्ञाता हो । विद्यार्थीले आफूले थाहा नपाएका कुरा सोधे भने गलत सूचना नदिने, बरु म तिमीहरूलाई भोलि यसको जबाफ दिन्छु आज हाम्रो पाठ पढ्न जरुरी छ भनी उनीहरूको ध्यान पाठमा लगाउने गर्नुपर्छ । अर्को दिन हिजो तिमीले सोधेको प्रश्नको जवाफ यो हो भनी पाठ सुरु हुनु अघि बताउने गर्नुपर्दछ ।

- बालबालिकाको जीवन बनाउने - शिक्षकहरूको कर्तव्य बालबालिकाको जीवन बनाउने हो । यसलाई हामीले राम्रोसँग बुझेको हुनुपर्छ कहिल्यै पनि उनीहरूलाई गलत बाटो वा सूचना दिनुहुँदैन ।

- विषय र लक्ष्य - आफूले पढाउने विषय र त्यसको लक्ष्य बुझेको हुनुपर्छ ।

- पेसासँग सन्तुष्टी - आफ्नो पेसासँग सन्तुष्ट हुनुपर्छ । यदि शिक्षक आफ्नो पेसाप्रति सन्तुष्ट छैन भने उसले आˆना काम राम्रोसँग गर्न सक्तैन र ऊ बालबालिका, अभिभावक र पाठशालाप्रति बफादार हुन सक्दैन । यसले सबैलाई हानि गर्दछ ।

- मानवीय उत्कृष्टता (Human Excellence) - मानवीय गुणहरू - सत्य, धर्म, शान्ति, प्रेम, र अहिंसा शिक्षकमा भएमात्र असल शिक्षक हुन सकिन्छ । यी कुराहरू पढेर, घोकेर, देखासिकी गरेर हुँदैन, यसलाई त व्यवहारमा उतारेर आफूलाई रूपान्तरण(Transformation) गर्न सकिन्छ ।

असल शिक्षकका गुणहरू

(१) शिक्षकले दुइटा कुरा सधैँ भुल्नुपर्छ -

(क) आफूलाई अरूले गरेको नराम्रो व्यवहार । नत्र बदलाको भावना मनमा रहिरहन्छ, जसको असर जीवनमा नराम्रो हुन्छ ।

(ख) आफूले अरूलाई गरेको राम्रो कुरा । जस्तै सहयोग, उपकार आदि उसबाट केही पाउने आशा रहन्छ पाइएन भने आफू दु:खी भइन्छ र मनमा अशान्ति हुन्छ ।

(२) शिक्षकले दुइटा कुरा सधैं सम्झनुपर्छ -

(क) अरूले आफूलाई गरेको राम्रो कुरा वा व्यवहार । त्यस्तो गर्ने व्यक्ति प्रति सधै ऋणी रहने । उसको लागि मौकामा केही गर्ने ।

(ख) आफूले अरूलाई गरेको दुर्व्यवहार पछुतो गर्ने । भविष्यमा कहिल्यै त्यसो नगर्ने । त्यसबाट आफूलाई सुधार्ने अवसर पाईन्छ र असल व्यक्ति बन्न सकिन्छ ।

(३) राम्रो बानीको अभ्यासले नराम्रो बानीलाई हटाइदिन्छ । दालमा नुन धेरै भए पानी थप्नुपर्छ नुन होइन । सकारात्मक सोच राख्नाले नकारात्मक सोच हटेर जान्छ ।

*बालबालिकालाई कसरी सिकाउने ?*

(१) विद्यार्थीहरूको चेतनाको स्तर बढाउनु, उनीहरूमा भयमिश्रीत कृतज्ञताको भावना बढाउनु (Feeling of great respect mixed with fear) तथा सबैमा एकताको बोध गराउनु मात्रै शिक्षण प्रक्रियाको महत्व हुन्छ

(२) बालबालिकालाई पढाउँदा राम्रो व्यवहार, राम्रो बोली र राम्रो विचारको विकासमा धेरै ध्यान दिनुपर्छ । किनभने उनीहरूले शिक्षकलाई Role Model को रूपमा हेरेका हुन्छन् । यदि शिक्षकले विद्यार्थीलाई सुर्तीको खराबीबारे पढाउँछ तर आफै सुर्तीसेवन गर्छ भने त्यसले के प्रभाव पर्दछ ?

(३) शिक्षण व्यवहारमा (अभ्यास) मा आधारित हुनुपर्छ । (If you tell I will forget , If you show me I will remember, but if you involve me I will learn)

(४) शिक्षण पेसा यस्तो पेसा हो जहाँ जति पढायो उति नै सिकिन्छ । (To teach is to learn - *Chinese Proverb*) जस्तै मोटर स्टार्ट गर्दा ब्याट्रीले सहयोग गर्छ तर जब मोटरको इन्जिन चालु हुन्छ , ब्याट्री चार्ज हुन्छ ।

तीनओटा कुरा कक्षामा सधैं गर्नुहोस् :-

(१) विद्यार्थीलाई पाठसम्बन्धी र अरू नै विषयमा पनि उनीहरूको जिज्ञासा भए धेरै प्रश्न गर्न प्रोत्साहित गर्नुहोस्

(२) त्यस्ता प्रश्नको उत्तर उनीहरूलाई याद गर्न लगाउनु होस् ।

(३) राम्रा, तीक्ष्ण र क्षमतावान् विद्यार्थीहरूलाई कमजोर सुस्त मनस्थिति भएका छात्रहरूलाई उनीहरूले जानेका कुरा पढाउन वा सिकाउन लगाउनुहोस् - सिकाउनाले ती छात्रहरूमा त्यो विषयको ज्ञान झन हुन्छ ।

## ७. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमसम्बन्धी आधारभुत प्याकेज (कार्यान्वयन सहयोगी पुस्तिका) र तीन दिने प्रशिक्षण निर्देशिकामा विकास गरिएको छ । प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि तालिम केन्द्रमा उपलब्ध ती सामग्रीहरु)लाई आधारभूत सन्दर्भ सामग्रीकारुपमा प्रयोग गर्नु हुन अनुरोध छ ।

## अनुसूची ९ : स्थलगत प्राविधिक सहायता साधन

१. **तालिम हबको नामः** .......................................................................

**जिल्ला** : .......................................................................

**खण्ड (क)ः कार्यान्वयन प्रगतिको अवस्था**

२. तलको विवरण तयार गर्न उल्लिखित कार्य सञ्चालनको स्थलगत अवलोकन गरी सम्बन्धित हब प्रमुख/ प्रशिक्षक/ स्रोतव्यक्ति/ विद्यालय निरीक्षक/ जिल्ला शिक्षा अधिकारीस“ग अन्तरक्रिया गर्नुपर्ने ।

| क्र.सं. | मुख्य कार्य | कार्यान्वयन अवस्था (तथ्यगत) | कार्य सम्पादित प्रक्रिया (निकाय, प्रक्रिया र समयलाईसमेत ध्यान दिनुहोस्) |
|---|---|---|---|
| १. | आवश्यकता प्रस्ताव तयारी | | |
| २. | प्रशिक्षक/रोस्टर निर्माण | | |
| ३. | प्रअहरूलाई अभिमुखीकरण | | |
| ४. | आवश्यकता प्रस्ताव प्रमाणिकरण | | |
| ५. | प्रस्ताव प्रोफाइल तयारी | | |
| ६. | मोड्युल सामग्री विकास | | |
| ७. | मोड्युल सञ्चालन | | |
| ८. | मोड्युल सम्पन्न प्रमाणपत्र व्यवस्था | | |
| ९. | एकीकृत प्रशिक्षक विकास | | |
| १०. | टिपिडी प्रमाणपत्र व्यवस्था | | |
| ११. | नियमित प्रशिक्षक विकास | | |
| १२. | क्षेत्रीय टिपिडी योजना तयारी | | |
| १३. | प्राविधिक अडिट व्यवस्था | | |
| १४. | अन्तर विद्यालय भ्रमण | | |
| १५. | समष्टिगत टिपिडी योजना तयारी | | |
| १६. | संस्थागत व्यवस्था | | |
| १७. | नमुना सामग्री वितरण | | |

**खण्ड (ख): स्थलगत प्राविधिक/अनुगमन सहायता**

१. टिपिडी कार्यान्वयन गर्ने तोकिएका निकायहरूबीच सामूहिक वा छुट्टाछुट्टै रूपमा देहायको एजेन्डाहरूमा छलफल गर्न बैठक सम्पन्न गरी तपसिलको ढाँचामा निर्णय सारांश उतार गर्नुहोस् ।

(क) बैठकको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | निकाय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

**निर्णय सारांश ढाँचा**

| क्र.सं. | एजेन्डा | वास्तविक अवस्था | सञ्चालन निकायहरूको सामूहिक/आफ्नो प्रतिक्रिया | प्राविधिक विशेषज्ञको प्रतिक्रिया र मार्गदर्शन |
|---|---|---|---|---|
| १. | प्रगति विवरण | | | |
| २. | टिपिडी कार्यान्वयनका उदाहरणीय पक्षहरूको विश्लेषण | | | |
| ३. | टिपिडी कार्यानवयनका लागि मुख्य अवरोधकहरूको पहिचान | | | |
| ४. | समस्या समाधानका लागि सुझावहरू | | | |

स्थलगत सहायताका दौरान भ्रमण गरेका निकायहरूको कार्यालयको छाप:

स्थलगत प्राविधिक सहायता प्रदान गर्ने विशेषज्ञको हस्ताक्षरः

नामः पदः

कार्यालयः मितिः